CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दू सदाचार पद्धति

पूजा विधि सहित

(नेपालीमा रूपान्तर)



प्रकाशक

गणेश वहादुर ढुङ्गाना

सङ्कलक, सम्पादक, अनुवादक

मधुसूदन शर्मा सुवेदी

२०४४

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

विष्णु अवतार हाम्रा राजा लक्ष्मी अवतार रानी ।
गर्छौं पूजा आराधना दैवी देह जानी ।
समर्पण गर्छौं चरणतलमा 'हिन्दू सदाचार' ।
यसमानै अन्तर्निहित मानव जीवन सार ।
स्वीकार होस राजश्रीदम्पती अल्प प्रयासमानी ।
क्षमा रहोस त्रुटी भए तुच्छ सेवक ठानी ।

CC-0. In Public Domain. Digitization by eGangotri

संस्करण:– प्रथम वि. सं. २०४२ ई. १९८५ १००० प्रति,
द्वितीय वि. सं. २०४३ ई. १९८६ २००० प्रति।
तृतीय वि. सं. २०४४ ई. १९८७ ३००० प्रति,

हिन्दू सदाचार पद्धति

[हिन्दू सदाचार प्रचारक समूह]

अध्यक्ष – श्री गणेश वहादुर ढुङ्गाना

महासचिव – श्री मधुसूदन शर्मा सुवेदी

कोषाध्यक्ष – श्रीमती भेष राजेश्वरी ढुङ्गाना

सदस्य – प्रा० श्री रामचन्द्र पौडेल

सदस्य – प्रा० श्री विश्वनाथ पोखरेल

2567

N 294.5
S 496 h सुवेदी, मधुसूदन शर्मा
हिन्दू सदाचार पद्धति पूजाविधि सहित, नेपाली रूपान्तर तृतीय संस्कः ललितपुर, गणेश वहादुर ढुङ्गाना,
२०४४ वि. सं.
१४६ पृ.
१. हिन्दू धर्म 1 आख्या

4153

सर्वाधिकार:– हिन्दू सदाचार प्रचारक समूहमा सुरक्षित ।

CC-0. In Public Domain. Digitization by eGangotri



(श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव)

"हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ र हाम्रो संस्कृति मेटिए हामी पनि मेटिन्छौं ।"

— श्री ५ वीरेन्द्र

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

(श्री ५ ऐश्वर्य राज्य लक्ष्मी देवी शाह)

"हामी नारी जातिले एकातिर ईलम; आधुनिक शिक्षा र तालीम हासिल गरी आफूलाई योग्य नागरिक बनाउन परेकोछ भने अर्कोतिर हामीले इतिहासवाट पाएको धर्म, संस्कृति, रीतिस्थिति र आफ्नो राष्ट्रिय गौरवमय परम्पराको प्रवाहलाइ आत्मसात् गर्दै आफ्नो घर परिवारको सुख समृद्धिमा योगदान दिन सक्नु परेकोछ ।"

– श्री ५ ऐश्वर्य

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मति

मेरो परमप्रिय पुत्रस्थानीय श्री मधुसूदन सुवेदी ल. पु. सानेपाले आजको जन समाजको गतिविधिलाइ ध्यानमा राखी धर्म संस्कृत्ति देखि दिनानुदिन विमुख हुदै गएको र हिन्दू जाति नाममात्रको नवनोस भन्ने पवित्र विचार गर्दै केही मात्रामा भए पनि सदाचारको मार्ग प्रदर्शन गराउने विशेष आकाँक्षा लिएर "हिन्दू सदाचार पद्धति" पूजाविधि सहित ज्योतिषी सम्वन्धि साधारण ज्ञानका साथै तिथिचाड वाड आदिको महत्व समेत राखि (नेपाली रुपान्तर) नामक पुस्तक प्रकाशन गर्न विभिन्न ग्रन्थहरूवाट प्रयास साथ लेखी सदाचारका नमूना वनेका विषयहरू सरल रूपमा यथार्थ दर्शाई विशेषता साथ सँग्रह गरि लेखेको मैले हेर्न पाएँ। यसवाट थोरै भए पनि मानव जातिमा अवश्यनै सदाचारको मार्ग देखा पर्नेछ र जसवाट जनसाधारणको कल्याण पनि हुनेछ भन्ने आशा गर्दछु ।

–प्रा० विश्वनाथ पोखरेल

वेदान्त विभाग

वाल्मीकी क्याम्पस

त्रि० वि० वि० प्रदर्शनी मार्ग

CC-0. In Public Domain. Digitization by eGangotri

(प्रकाशक)

संक्षिप्त परिचयः–

नामः– गणेश बहादुर ढुङ्गाना

जन्म स्थानः– धनकुटा, पारी पातले को. अ. नेपाल

शैक्षिक योग्यताः– एम. ए. बी. एल.

पद तथा कार्यालयः– महाप्रबन्धक, कृषि चुन उद्योग
चोभार, काठमाडौं, नेपाल

हालको ठेगानाः– ग १/१८८ ल. पु. कुपन्डोल, नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

हिन्दू धर्मग्रन्थ र विद्वानहरुको मत अनुसार हिन्दू भन्नाले भगवान र उहां कै अंश राजा [जस्मा ईन्द्र, पवन, यम, सूर्य, अग्नि, वरूण, चन्द्र, कुवेर, यी आठको अंश विद्यमान छ] गुरु, गायत्री, गीता, गाई, गंगामा-आस्था राख्ने ॐ लाई मूल मन्त्रमान्ने अनि पूर्व जन्म र पुनर्जन्ममा पत्यार गर्ने व्यक्ति हिन्दू मानिन्छ ।

एक हिन्दू भै जन्मिनु केवल संयोग मात्र होइन, पूर्व जन्मको संस्कार र भगवानको विशेष अनुकम्पा पनि हो । जस्तै जन्मनु संस्कार र भगवानको अनुकम्पा हो त्यस्तै हिन्दू जातिको मृत्यु पनि संस्कार र भगवान कै अनुकम्पा हो । अनि सृष्टि, संभार र संहार गर्ने र यस क्रमलाई निरन्तरता दिने अदृश्य एवं अद्वैत शक्तिको नाम नै भगवान हो । यसै शाश्वत सत्यको बोध गरि यो लोक र परलोक सुधार्नकालागि हिन्दू जातिले संयमयुक्त स्वच्छ तथा स्वस्थ जीवन यापन गर्नु पर्दछ । सो को लागि सबेरै व्यूँझे देखि सुत्ने समय सम्म सदाचार पालन गरी आफ्नो धर्ममा रहनु पर्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सदाचारी, स्वच्छ र स्वस्थ जीवन पद्धतिका लागि हिन्दूहरुले यस संकलनमा उल्लेख भएका विभिन्न जप, मन्त्र, पूजा, व्यायाम, प्राणायाम प्रातः स्मरण स्नानादिका साथै आफ्ना मौलिक परम्परा जस्तै राजा, देवता, धर्म-ग्रन्थ, रीति रिवाज, वातावरण, प्रकृति, भूभाग, जातीय गौरव र राष्ट्रिय अस्तित्व वोध लाई सनातन रूपमा मान्दै विकसित गर्दै र अनेकतामा एकता कायम गराउदै लैजानु पर्दछ । यिनै सदाचार र जन्म देखि परलोकभएपछि सम्मका हाम्रा जीवनका विभिन्न कर्मकाण्ड तथा संस्कार-हरूको समष्टिरूपनै हिन्दू धर्म हो । यसै धर्म पालनाको लागि सबैले निम्न चार शक्ति वोध गरि चार भक्ति मार्गको अनुसरण गर्नु पर्दछ । [१] देव भक्ति [२] राजभक्ति [३] देश भक्ति [४] जन भक्ति । यिनै चार शक्ति चार भक्ति मार्ग को अनुसरण वाटनै हामी-लाई हाम्रो विशिष्ट अस्तित्व कायम गर्ने शक्ति मिल्दछ ।

यसै शक्ति संग्रहका लागि र यो यावत कुराको सम्मान, सम्वर्धन तथा अवलम्बनका लागि हामो हिंन्दू जातिले आफ्नो दैनिक खानपान, आचार विचारमा सारै ठूलो होश पुर्याउनु पर्दछ । हिन्दू जातिले मद्यपान, धूम्रपान आदि सबै प्रकारका नशालु पदार्थको सेवन र्बजित गर्ने न्यूनतम प्रण गर्नु पर्दछ र यसैको पालनाको प्रथम व्रत पूरा गर्नु पर्दछ । त्यस पछि अन्य खानपानमा

CC-0. In Public Domain. Digitization by eGangotri

पनि क्रमिकरुपले सात्विक एवं अल्पहारी हुदै जानु पर्दछ।

सभ्यता, बोली, वचन, खानपान, शिक्षा दिक्षा र आध्यात्मिक तथा भौतिक प्रगतिको समन्वयात्मक विकासवाट एक हिन्दूको स्पष्ट पहिचान हुनु पर्दछ। धर्मको व्याडमा उमारेको सदाचारको बीउको रोपांई गरेर मात्र नेपाली धर्तीमा शान्ति, प्रगति र समाज सेवाका बालाहरू झुलाउन सकिन्छ, नेपाली हृदयको पीडा भुलाउन सकिन्छ। अनि प्रजाबत्सल, धर्मावतार श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव सरकार तथा करूणामयी राजमहिषी श्री ५ वडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारका सदिच्छाहरूलाई साकार तुल्याउन सकिन्छ। अतः हिन्दू अधिराज्य नेपालको सर्वाङ्गमा सदाचार पद्धतिलाई समाविष्ट गराएमा सम–सामयिक एवं सान्दर्भिक हुने छ।

हिन्दू धर्म तथा सदाचारको सर्वाङगीण विकासको पूर्ण दायित्व राज्य व्यवस्था, मातापिता, गुरुवर्ग साथीसंगी तथा समाजका साना ठूला सवैमा निहित रहेको हुन्छ। यदि उदासीन राज्य छ, वास्ताहिन माता पिता छन्, भडकाउने गुरू छन्, वराल्ने साथी छन्, आडम्वरी समाज छ र द्वैध चरित्रात्मक जीवन शैली छ भने हिन्दू व्यक्तितत्व चिचिलैमा कुहेर जान्छ। वालख कालमै विभिन्न कुलत मद्यपान, धूम्रपान तथा अन्य नशालु

CC-0. In Public Domain. Digitization by eGangotri

पदार्थका शिकार वनी म्लेच्छ प्रभावमा परे हिन्दूत्वको ठूलो अपभ्रंश हुन पुग्दछ । यदाकदा पवित्र देवमूर्तिहरू र गोमास्सको पातक व्यापार, भिडियो र कारनै आजको सदाचार, तस्करको सामाजिक लस्कर, व्यभिचार, भ्रष्टाचार तथा सर्वव्यापि विभिन्न नशानै आजको सामाजिक व्यवहार हुन लागेको प्रतीत हुन्छ । गच्छे भन्दा बढी देखासिखीले र तृष्णाले गर्दा जुन सुकै निःकृष्ट पेशा अपनाएर वा काम गरेर भएपनि धनोपार्जन गर्ने विलाशी वन्ने, प्रतिष्ठित देखिने प्रेरणालेनै समाजमा आज चारित्रिक न्हासको यो दयनीय प्रकृया परिचालित छ । तसर्थ यीनै व्याप्त सामाजिक दुर्व्यसन दुर्दसाको प्रतिकारको रूपमा प्रत्येक खराव आचरणमा लाग्न लागेका समाजलाई जन्म र मृत्युको मध्यावधिक कर्तव्य प्रति जागरुक गराई सुमार्गमा हिडाउन तथा "साधा जीवन उच्च विचार" तर्फ अभिमुख गराउन यो सदाचार पद्धतिको वोध हुन गएमा क्रमशः आचरण सुध्रिदै जालाकि भन्ने विश्वासले हिन्दू सदाचार पद्धतिका महासचिव तथा संकलक श्री मधूसूदन शर्मा सुवेदीज्यू द्वारा संकलित लिखित तथा नेपालीमा रूपान्तरित पूजा विधि देव महिमा राज महिमा सहित को यो "हिन्दू सदाचार पद्धति" पुस्तकको तृतीय संस्करणको पनि प्रकाशकको भूमिका पूरा गरेको छु । साथै सामूहिक हितलाई विचार

CC-0. In Public Domain. Digitization by eGangotri

गरि तथा प्रथम र द्वितीय संस्करणहरूको लोकप्रियता-वाट पनि अनुप्रेरितभै यस तेश्रो संस्करणलाई पनि पुनः निःशुल्क वितरणको व्यवस्था मिलाएको छु ।

यस हिन्दू सदाचारपद्धतिको उपादेयता र लोक प्रिय-तालाई हृदयङगम गरि यस्को संकलन, मौलिक लेखन, प्रकाशन तथा निःशुल्क वितरणलाई व्यापकता एवम स्थायित्व प्रदान गर्न दोश्रो अङ्क देखि एउटा "हिन्दू सदाचार प्रचारक समूह" गठन गरिएको छ । यसको सफलताका लागि सरकारी, निजी, व्यक्तिगत तथा सेवारत सवै क्षेत्र बाट उदारता तथा सरलता पूर्वक व्यापक सहयोगको अपेक्षा गरेको छु ।

जय देश! जय नरेश ! जय महेश !

– गणेश वहादुर ढुङ्गाना

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्कलक, सम्पादक, अनुवादक

संक्षिप्त परिचयः–

नामः– मधुसूदन शर्मा सुवेदी

जन्मस्थानः– सानेपा, ललितपुर, वा. अ.

शैक्षिक योग्यताः– वि. ए., वि, लिवएस्सी एण्ड डिओसि ।

पद र कार्यालयः– का. मु. वरिष्ट पुस्तकालयाध्यक्ष, नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर ।

CC-0. In Public Domain. Digitization by eGangotri

नम्र निवेदन

सदाचारको विषयमा केही गर्न र गराउन समेत मेरो उत्कट इच्छा रहदै आएको कुरा मेरा पूज्य दाजु पं. श्री कोमल प्रसाद सुवेदीज्यू द्वारा संकलन गरिएको 'नित्य प्रार्थना' भन्ने सानो पुस्तिका सं. २०३२ मैले प्रकाशन गरेकोमा सवै द्वारा एकाग्र साथ आलस्यनमानि कण्ठ गरि दिनु भएमा अरू पुस्तिकाहरू पनि प्रकाशमा ल्याउने आशा राखदछु भनी उल्लेख गरेको थिए।

भृगु मुनिले भारद्वाज ऋषि संग यो पृथ्वीलाई लक्ष्य-गरि भन्नु भएको थियो 'कर्मभूमिरियम' अर्थात यो कर्म-क्षेत्र हो। विश्व कर्ममय हो कर्मनै यो विश्व रचनाको आधार हो। यो शव्द स्पर्श र ज्ञानहीन सीमित विचार धारा भएको अन्धकारमय र यो सुनियन्त्रित विश्वमा कर्मकोनै माया फैलिरहेको छ। यो अखिल ब्रह्माण्ड सृष्टि कर्म कै आधारमा खडा छ। अरु त के कुरा स्वयं भगवान कर्मशील हुनु हुन्छ। सिर्जना, पालन र संहार उनको दैनिक काम हो। यो प्रसंगलाई लिएर भगवान श्री कृष्णले भगवद गीतामा अर्जुनलाई भन्नु भएकोछ।

नमे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन।

CC-0. In Public Domain. Digitization by eGangotri

नान वाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ।।

अर्थात हे अर्जुन! यी तीनै लोकहरूमा मेरो लागि गर्ने योग्य यस्तो कुनै वस्तु छैन, यो तीनै लोकमा मैले नपाएको चिज अथवा पाउन पर्ने कुनै पनि पदार्थ छैन तैपनि म सधैं काममा लागि रहेको हुन्छु अर्थात केही न केही गरिनै रहेको हुन्छु; कहिले पनि उदास भई वेकारमा बसि रहन्न ।

कर्मणामी भान्ति देवाः परत्र, कर्मणैवेह प्लवन्ते मातरिश्वाः ।
अहोरात्रे विदधत कर्मणैव तन्त्रितो शश्वदुदेति सूर्य्यः ।।

हेरौ त स्वर्गलोकमा देवतागण केही देदीप्यमान हुन्छन, हावा रात दिन बहिरहन्छ । भगवान भास्कर सूर्य काल प्रमाणको दिन र रात दुई भागमा बाडेर किन सधैं उदय भै रहन्छन ? कारण यो सबै कर्मको गति हो ।

यो विश्वमा जति वस्तुहरू छन् ती सबै कर्तव्य वा कर्मको अधिन छन् र कर्म पूरा गर्नको लागि अनवरत रूपले चली रहन्छन् । कर्मनिष्ठता देखेर विदेशी विद्वान महाकवि कार्लाईलले पनि हिन्दू धर्म बारे भनेका थिए:- What is this Universe but an infinite conjugation of the verb 'to do, यो संसार के हो ? केवल 'कृ' धातुको अनन्त रूप हो अर्थात यो विश्व केवल कर्मक्षेत्र

CC-0. In Public Domain. Digitization by eGangotri

हो । जहाँ जहाँ हेरौं त्यहाँ केहि न केहि गरिरहनको लागिनै आवाज आउँदछ ।

यस प्रकार अनुसन्धान गर्नाले स्पष्ट थाहा हुन आउदछकि सबै जीव कर्मक्षेत्रको कीरा हो । कसैले आफ्नो शरीरको भरणपोषणको लागी कर्म गर्दछन् भने कोही संसारको कल्याणको लागि । सुत्ने देखि लिएर स्नान, भोजन, पाठ पूजा, कर्मकाण्ड आदि जति गर्नु पर्ने क्रिया छन्, ती सबै कर्मका अङ्ग हुन । मतलब यो होइन कि स्थापित पूजित देवमूर्तिहरू वेचविखन गर्नु पनि कर्म हो । हैन यो त माहापाप हो त्यस्ता अनैतिक कर्म गर्ने व्यक्ती यस लोक र परलोकमा समेत ठूलो सजाय र निन्दाको भागी हुन पर्दछ ।

यो आदर्श कर्मभूमिमा केहि न के हि सुकर्म गर्दै जानु पर्दछ भन्ने मेरो परम पूजनीय पिता पं. श्री रमानाथ सुवेदीज्यूको प्रेरणा अनुसार २०४२ सालको नव वर्षको शुभ–कामनाको रूपमा "हिन्दू सदाचार पद्धति" नामक पुस्तिका तयारपारी वितरण गरिएकोमा विभिन्न जिज्ञासु पाठकवृन्दबाट यो सुझाव प्राप्त भयो कि "कर्मकाण्ड" गर्ने ब्राह्मणहरू नगण्य मात्रामा पाउन थालिएको अनुभव हुन लागेकोले यस्को जगेर्ना गर्ने खालको प्रारम्भिक कुराहरू पनि देखाईएको भए साना तिना थोरै पठन-पाठन गरेका व्यक्तिहरू तथा साना तिना ब्राह्मणका

CC-0. In Public Domain. Digitization by eGangotri

बच्चाहरूले पनि यसलाई अवलम्बन गरि लोप हुनुबाट वचाई पुनर्जागरणको सूत्रपात हुन्थ्यो होला भनीएबाट मलाई पनि यो प्रेरणा सामयिक लाग्यो कि म शिक्षा तथा संस्कृति मंत्रालय अन्तरगत कार्यरत कर्मचारी हुँ। जसरी संस्कृति तथा शिक्षा बचाउन शिक्षा मन्त्रालयले अविरल प्रयासमा तल्लीन रहेको छ त्यस्तै संस्कृति अन्तर्गत यो 'हिन्दू सदाचार' भित्र पर्ने भएकोले सो जोगाउने मेरो पनि ठूलो जिम्मेवारी हो भन्ने संझी 'हिन्दू सदाचार पद्धति' पूजाविधि सहित नेपालीमा रूपान्तर गरी यो तृतीय संस्करण तयार पारियो। यसलाई अझै निरन्तर रूपमा सबै पाठकवृन्थहरूको सुझाव अनुरूप परिमार्जित रूपमा यहाँहरू समक्ष ल्याउने अथक प्रयास गर्ने प्रण राखि 'हिन्दू सदाचार प्रचारक समूह' गठन समेत गरिएको छ।

कर्म गरेमात्र मोक्ष प्राप्त हुन्छ किनभने यो जीवनको एकमात्र उद्देश्य – विश्वव्यापी साक्षात् सच्चिदानन्द प्रभुको प्राप्ति मात्रको हो उनको अवलम्वन र उनको स्मरण मुक्ति मार्ग पारगर्ने पुल हो। यस संसारमा निवास गर्ने व्यक्ति को यहि मुख्य काम गर्ने विषय हो, विदेशी विद्वान महाकवि टेनिसले पनि यहि सच्चिदानन्दको प्रतिष्ठाको 'That far off divine event' त्यही सूदूरस्थ देवानुष्ठान बारे उल्लेख गर्न पुगेका छन। भग-

CC-0. In Public Domain. Digitization by eGangotri

वान, सत चित्त, आनन्द तीनै हुन । आफ्नो सत्शक्तिको प्रयोग गरेर यो संसार तथा यस्मा रहने जीवको रचना गरेको हो आफ्नो चित् शक्ति द्वारा यस संसारलाई प्रकाशमान गराईएको हो साथै यस्मा ज्ञानको पनि प्रसार गरिन्छ र आफ्नो आनन्द शक्ति द्वारा संसारमा आल्हा-दको प्रसार गरेर संसारलाईआनन्द गराईएको हो । वेदान्तिहरूको भिन्न भिन्न मत अनुसार प्रत्येक मनुष्य स्वयं सच्चिदानन्द स्वरूप हो, सच्चिदानन्दको अँश या कण हो अथवा सच्चिदानन्दको छांया हो ! तर जे सुकै होऔं, हाम्रो जीवनको आधार बनाएर सच्चिदानन्द परमेश्वर अनवरत रूपले आफ्नो असीम लीला गर्ने गर्दछन यस्मा कुनै शंका छैन ।

यसरी महापुरूष, विद्वत् वर्ग र सत्सङ्गबाट ज्ञानोपा-र्जन गरी समस्त मानवको अनन्त शक्ति विस्तार विस्तार प्रस्फुटित भै अब हामीले परोपकारमा लागि अहिंसाको मूल मन्त्र जपि विश्वमा जति जीव छन् ती सबैमा सच्चिदानन्द भगवानको बास भएको हुँदा क्रान्ति-बाठ होईन शान्तिबाट, प्रेम भावबाट हामी सबै एकै हौं, हामी एकै भगवानका सन्तान हौं भन्ने भावना जाग-रण भै मोक्ष प्राप्त गर्दछौ ।

जब यस्तो भावना प्रादुर्भाव हुन्छ तब उसमा यो धारणा उत्पन्न हुन्छ कि आत्मा एक सच्चिदानन्द स्वरूप

CC-0. In Public Domain. Digitization by eGangotri

हो केवल जीवन मात्र अलग अलग हो । जुन प्रकाशमान तेज हामी देख्दछौ सो आत्मा कै अनुरूप हो । जीवलाई भगवानले आफ्नो आफ्नो कर्म गर्न भनि काम बाँडि दिएको मात्र हो यस विषयलाई लिएर योग वाशिष्ठमा महर्षि वशिष्ठले भन्नु भएको छः—

अयमेवाहमित्यस्मिन् संकोचे विलयं गते ।
समस्तभुवन व्यापि विस्तार उपजायते ।।

यो शरीर मेरो हो; म यस शरीरको अधिपति हुँ, यस किसिमको भाव हृदयबाट जव निस्कन्छ तव समस्त विश्वव्यापी कुराहरुको उपलब्धि हुन जान्छ ।

'आत्मा' सच्चिदानन्द स्वरूप हो 'अहम्' होईन । 'आत्मा' विश्वव्यापी र विराट हो, 'अहम्' संकीर्ण र ग्रन्थि बन्ध हो । 'आत्मा' रगत र मासु देखि भिन्न छ जो विश्वको निर्माण गर्ने व्यक्तिमा केबल घुमिमात्र रहन्छ 'अहम्' रगत मासुको डल्लोले बनेको छ यहि नै विश्वको जीव हो । 'आत्माले' हामी सबैको कल्याण हुनु नै मुख्य कुरा भन्ने सम्झन्छ 'अहम्' ले एउटै परिवारमा पनि अनेक प्रकारको भेदभावको लक्ष राख्दछ तसर्थ हाम्रो 'अपूर्णता' नै 'अहम्' भाव हो । जव पूर्णता प्राप्त हुन्छ तब 'अहम्' भाव विलीन हुँदै गै त्यही सच्चिदानन्दको व्यापकताको बोध हुन्छ ।

यस संसारमा भगवानको यही विधान छ कि 'अहम्'

CC-0. In Public Domain. Digitization by eGangotri

भावलाई तुच्छ सम्झिनु पर्दछ । महात्मा विदुर ले पनि महाभारतमा यहि 'पूर्ण अहम्' को केन्द्र विन्दु बनाई भन्नु भएको छ

हितं यत् सर्वभूतानां आत्मनश्च सुखावहम् ।
तत् कुर्यादीश्वरे ह्येत्तन्मूल सवार्थ सिद्धये ।।

मनुष्यले त्यही काम गर्नु पर्दछ छुन समस्त प्राणीको कल्याणको लागि होस साथै गर्ने व्यक्तिको सुख दिने खालको होस । यस किसिमबाट गरेको खण्डमा "कर्म-बन्ध प्रहास्यसि" कर्म बन्धन छुटतछ यहीनै निष्काम कर्मको सच्चा स्वरूप हो । यस प्रकार सार्व भौमिक प्रेममा कस्तो आनन्द छ भनि विदेशी विद्वान कालरि-जले हिन्दू धर्म बारे भनेंको छः–

"He Prayeth best Who loveth best
All things both great and small
For the dear God who loveth us
He made and loveth........all

भगवानको त्यो सब भन्दा प्यारो भक्त हो जो सानो ठूलो सबै बस्तुलाई समान दृष्टिले हेर्दछ । किन कि यो सबै बस्तुको निर्माण उही समदर्शी महा प्रभुले गरेको हो जस्ले हामीलाई प्यार गर्दछ त्यस्तै उन्लाई पनि प्यार गर्दछ । यहि प्रसंगमा भागवतमा लेखेको छः-

सर्वभूतेषु यः पश्येद् भगवद्भावमात्मनः ।
भूतानि भगवत्यात्मन्येव भागवतोत्तमः ।।

CC-0. In Public Domain. Digitization by eGangotri

जुन मानिस समस्त प्राणिलाई भगवानको छाँया देखदछ र सबै प्राणी इश्वरको अंशस्वरूप मान्दछ त्यहि नै भगवानको परम भक्त हो ।

यही विचार गरेर सबैले भगवानको प्राप्तिको लागि नित्य कर्म गरून भन्ने धारणा र यस्तो शिक्षा विद्यालय तथा महा–बिद्यालयमा पनि सदाचारको पाठ पढाउने व्यवस्था भएमा 'हिन्दू सदाचारको' बिजको टुसा उम्री समस्त हिन्दू राज्यमा फैली 'सदाचारमा' सबै सुसंस्कृत भएको खण्डमा विश्व शान्तिको लागि ठूलो मद्दत पुग्ने थियो । २०४४ सालको शुभ-विजया दशमी र शुभ-दीपावलीको शुभ कामना व्यक्त गर्दै हिन्दू सदाचार पद्धति नामक पुस्तकका नेपाली रूपान्तर सहित मेरा पूज्य गुरुज्यू प्रो. श्री राम चन्द्र पौडेलज्यूले सहयोग गरिदिनु भएकोमा कृतज्ञता प्रकट गर्दछु । साथै पूज्य गुरुज्यू प्रो. श्री विश्वनाथ पोखरेलज्यूबाट आकार प्रकारलाई सुहाउदो रूपमा मिलाई छाटकाट र पुस्तकको रूप दिन विशेष व्यवस्था समेत गरि दिनु भएकोमा हार्दिक कृतज्ञता प्रकट नगरी रहन सक्दिन । साथै भाषा शुद्धिकरण र सामग्री थप उपलब्ध गरि दिनु भएकोमा धर्म शास्त्राचार्य पं. श्री हरिनाथ गौतमलाई धन्यवाद ज्ञापन गर्दछु ।

साथै यो पुस्तकको प्रकाशन तथा निःशुल्क वितरण र प्रचार गरि दिनमा सहयोग गर्ने महाप्रवन्धक श्रीगणेश

CC-0. In Public Domain. Digitization by eGangotri

बाहादुर ढुङ्गानाज्यूलाई धन्यबाद समर्पण गर्दछु ।

यस पुस्तक छपाउनलाई आर्थिक मद्दत गर्ने निम्न संस्था तथा महानुभावहरूलाई सधन्यवाद आभार प्रकट गर्दै हिन्दू सदाचार तर्फ सधै भावना जागोस र भगवानले उहाँहरूको सदा कल्याण गरून दीर्घायु राखुन भन्ने शुभ कामना व्यक्त गर्दछु ।

साथै गुठी संस्थान, कृषि विकास बैंक, हिमाल सिमेन्ट कं., कृषि औजार कारखाना, भृकुटी कागज कारखानाका तथा खाद्य संस्थान कार्यकारी अध्यक्षज्यूहरू श्री विश्व मान श्रेष्ठ, श्री श्रीकृष्ण उपाध्याय, श्री इन्दु वीर शाही, श्री अमर वहादुर कार्की, श्री प्रकाश मणि घिमिरे तथा श्री राम प्रसाद जोशीले पनि यथा शिघ्र यथासम्भव आर्थिक सहयोग उपलब्ध गराई यस अङ्कलाई सफल तुल्याई दिने आश्वासन दिनु भएको हुदा उहाँहरू प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

१. शाहि नेपाली जङ्गी अड्डाबाट अधिराज्य भरका सबै गण गुल्महरूमा वितरण गरि हिन्दू सदाचार र राज महिमा वारे अझ बढि आस्थावान राख्न २५० थान पुस्तक लिई रू. ७५००।– आर्थिक सहयोग पुर्‍याएको हुदा यो पुस्तक छाप्न ठूलो प्रेरणा तथा योगदान पुग्न गएकोले आभार प्रकट गर्दछु- रू. ७५००।–

२. कृषि चुन उद्योग लि. चोभार — रू. ३०००।–

३. जर्नेल श्री श्रीधर शंसेर ज. व. रा., झम्सिखेल — रू. १०००।–

४. श्री प्रजापति प्रसाई, मेनेजिङ डाईरेक्टर, नटराज ट्राभल्स एण्ड टूर्स — रू. ५००।–

५. श्री गङ्गा प्रसाद प्रसाई, इलाम — रू. ५००।–

६. श्री गोविन्द प्रसाद श्रेष्ठ, वाग बजार — रू. ५००।–

७. शा. अ. श्री. टीका नाथ धुङ्गाना, धुंवाराहि — रू. २२५।–

आंशिक अर्थ समेत लगाई सहयोग गर्ने नव प्रभात छापाखानाका संचालक श्री गालव वहादुर ढुङ्गाना र प्रेस प्राविधिक कर्मचारिहरू प्रति पनि आभार प्रकट गर्दछु ।

CC-0. In Public Domain. Digitization by eGangotri

ब्लक बनाई उपलब्ध गराई दिएकोमा सूचना विभागलाई धन्यवाद ज्ञापन गर्दछु ।

साथै सबै पाठक वृन्दहरूमा यो सानो अनुरोध गर्दछुकि यसको निरन्तर प्रचारमा ल्याउने हाम्रो प्रयास लाई सहयोगका साथै उचित सर सल्लाह दिई मद्दत समेत पुऱ्याई दिनु हुनेनै छ, कहि त्रुटि भए सो अर्को संस्करणमा सच्चाउन सुझाव समेतको आशा गर्दछु ।

जय देश ! जय नरेश !

– मधुसूदन शर्मा सुवेदी

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूचि

सि. नं.	विषय	पेज
१.	राज महिमा	१
२.	मङ्गला चरण	६
३.	धर्मो रक्षति रक्षित	७
४.	प्रातः स्मरण	१७
५:	विहान कर दर्शन गर्नें मन्त्र	२०
६.	ओछ्यानवाट उठी पृथ्वी स्पर्श गर्दा भन्ने मन्त्र	२०
७.	मल मूत्रादि त्याग गर्दा भन्ने मन्त्र	२०
८.	दतिवन लगाउनु अघि प्रार्थना गर्ने श्लोक	२१
९.	दन्त धावन गर्दा भन्ने मन्त्र	२१
१०.	शिखा वन्धन गर्दा भन्ने मन्त्र	२१
११.	सङ्कल्प तथा गोदान, पूर्णपात्र	२२
१२.	तीर्थ राजको प्रार्थना	२५
१३.	जप गर्न वसे पछि आसन छोएर पढने मन्त्र	२६
१४.	कर्म पात्र वनाउने	२६
१५.	कुशले मार्जन गर्दा भन्ने मन्त्र	२७
१६.	विभूत धारण	२७
१७.	गायत्री महिमा	२७
१८.	आचमन गर्दा भन्ने मन्त्र	२८
१९.	प्राणायम गर्नें मुद्रा तथा चित्र	२९
२०.	गायत्री अष्ट मुद्रा तथा चित्र	३०
२१.	श्री गुरू वन्दना	३०
२२.	दैनिक पूजाविधि	३१
२३.	तर्पण	४३
२४.	सूर्यलाई अर्घ दिदा भन्ने मन्त्र र सूर्य दर्श चित्र	४४

CC-0. In Public Domain. Digitization by eGangotri

२५.	पिपललाई जल चडाउदा भन्ने मन्त्र	४४
२६.	पिपलको प्रार्थना	४४
२७.	गो पूजा तथा गाईको प्रार्थना	४५
२८.	गणेश स्तोत्र पाठ	४६
२९.	सूर्य स्तोत्र पाठ	४७
३०.	देवी स्तोत्र पाठ	४९
३१.	अच्युताष्टक (विष्णु स्तोत्र) पाठ	५३
३२.	शिव स्तोत्र पाठ	५५
३३.	सरस्वती स्तोत्र पाठ	५७
३४.	दुर्गा स्तोत्र पाठ	५८
३५.	महालक्ष्मी स्तोत्र पाठ	५८
३६.	नव ग्रह स्तोत्र पाठ	५९
३७.	जल प्रसाद भक्तहरूलाई छुट्याउने मन्त्र	६२
३८.	शालिग्रामको जल पिउने मन्त्र	६२
३९.	तुलसीको दर्शन गर्ने श्लोक	६३
४०.	तुलसीको प्रार्थना गर्ने श्लोक	६३
४१.	चतुर्मासमा तुलसीको पूजा गरि पाठ गर्नें तुलसी स्तोत्र	६४
४२.	तुलसी पत्र टिप्दा भन्ने मन्त्र	६४
४३.	तुलसीलाई अर्घ दिदा भन्ने मन्त्र	६५
४४.	गाईलाई गोग्रास दिने मन्त्र	६५
४५.	भोजन विधि	६६
४६.	सन्ध्या वत्ति वालि नमस्कार गर्नें श्लोक	६९
४७.	सयन गर्दा भन्ने मन्त्र	७०
४८.	औषधी सेवन गर्दा भन्ने मन्त्र	७०
४९.	सगोत्र विवाह प्रायश्चितम्	७१
५०.	पञ्च गव्य वनाउन हाल्ने वस्तुको परिमाण	७१
५१.	पञ्च गव्य प्राशन गर्नें मन्त्र	७२

CC-0. In Public Domain. Digitization by eGangotri

५२.	अगस्त्य ऋषिलाई पूजा गर्ने र प्रार्थना गर्ने मन्त्र	७२
५३.	उदाएपछि अगस्त्य ऋषिलाई अर्घ दिने मन्त्र	७३
५४.	वैशाख महिनामा स्नान गर्दा भन्ने मन्त्र	७३
५५.	मातातीर्थ औसी	७४
५६.	वैशाखमा विष्णुलाई अर्घ दिदा भन्ने मन्त्र	७४
५७.	अक्षयय तृतीया	७४
५८.	बुद्ध जयन्ति	७५
५९.	वट सावित्री व्रतम्	७५
६०.	कुमार षष्ठी (सिठी)	७६
६१.	दशहरा	७७
६२.	गुरू पूर्णिमा	७७
६३.	साउने संक्रान्तिमा लूतो फाल्ने मन्त्र	७८
६४.	नाग पञ्चमी	७८
६५.	जनै पूर्णिमाको महत्व	७९
६६.	कृष्ण अष्टमी	८२
६७.	कुशे औशी	८३
६८.	तिज	८४
६९.	गणेश चतुर्थी	८५
७०.	ऋषि पंचमी	८५
७१.	वामन द्वादशी	८६
७२.	अनन्त चतुर्दशी	८६
७३.	कलियुग आरम्भ	८७
७४.	आश्विन कृष्ण पितृपक्ष	८७
७५.	श्राद्ध काल निर्णय	८८
७६.	लोग्ने मानिसलाई दशैमा टिकालगाई दिदा भन्ने	८९
७७.	आई माईलाई ,, ,,	९०
७८.	नव दुर्गाको नाम	९१

CC-0. In Public Domain. Digitization by eGangotri

७९.	कार्तिक मा स्नान गर्दा भन्ने मन्त्र	९१
८०.	आकाश वत्ति वाल्दा भन्ने मन्त्र	९१
८१.	मासको पात खाने मन्त्र	९२
८२.	नरक चतुर्दशीमा वत्ती वगाउदा भन्ने मन्त्र	९२
८३.	लक्ष्मी पूजा	९३
८४.	गोवर्धन पर्वतको पूजा र प्रार्थना	९४
८५.	वलिको पूजा र प्रार्थना	९४
८६.	मातृ पूजां	९५
८७.	यमराजलाई प्रार्थना गर्ने मन्त्र	९६
८८.	कुष्माण्ड नवमी	९६
८९.	भीष्मलाई अर्ध दिने मन्त्र	९७
९०.	न्वागी खादा गर्ने विधान	९७
९१.	त्रिजटालाई पूजा गरी अर्ध दिने	०८
९२.	मार्ग शुक्ल धान्य पूर्णिमा (यमरी पूर्णिमा)	९८
९३.	मार्ग शुक्ल पूर्णिमा	९९
९४.	पौष आदित्यवार सूर्यको अंग पूजा सहित	१०१
९५.	माघ स्नान गर्ने मन्त्र	१०२
९६.	मकर संक्रान्तिको दिनमा गर्ने कार्य	१०३
९७.	षटतिला एकादशी	१०३
९८.	वसन्त पंचमी	१०४
९९.	अचला सप्तमी	१०६
१००.	महा शिवरात्री	१०७
१०१.	फागुन कृष्णा अमावस्या	१०७
१०२.	फागु पूर्णिमा	१०८
१०३.	पिशाच चतुर्दशी	१०८
१०४.	नीमको पात खाने मन्त्र	१०९

CC-0. In Public Domain. Digitization by eGangotri

१०५. चैत्र शुक्ल तृतीया ११०
१०६. अशोक कलि काष्ठ प्रासन मन्त्र ११०
१०७. चेतै दशैं १११
१०८ राम नवमी १११
१०९. सौं वारे औशी ११२
११०. वारह महिनामा नारायण, लक्ष्मी र सूर्यका नामहरू ११३
१११. चन्द्रमाको षोडश नाम ११३
११२. सप्त मातृकाको नाम ११४
११३. ब्रतको भोली पल्टको पारायण विधि ११४
११४. पत्नीको पति र पति वन्धुप्रति कर्तव्य ११६
११५. पुरूषको पत्नी प्रति कर्तब्य ११७
११६. पिता माता प्रति पुत्र कर्तब्य ११९
११७. परदेश जादा वासस्थानवाट हिडदा पडने मन्त्र १२२
११८. तिथिका नामहरू १२२
११९. नक्षत्रका नामहरू १२३
१२०. राशीका नामहरू १२४
१२१. राशिका मालिकहरू १२४
१२२. शतपद चक्रोद्धार १२४
१२३. चन्द्रमाको दिशाज्ञान १२६
१२४. चन्द्रमाको फल विचार १२६
१२५. वार अनुसार भ्रमण विचार १२६
१२६. तिथिको नन्दादि संज्ञा १२७
१२७. योगिनी फल निवास १२७
१२८. योगिनी १२८
१२९. नाम जुराउने प्रक्रया १२८
१३०. पंचक लक्षण १३०
१३१. रूद्री जुराउने प्रक्रया १३१

CC-0. In Public Domain. Digitization by eGangotri

१३२. अग्नि जुराउने प्रकृया १३२
१३३. उन मासिक जुराउने प्रकृया १३४
१३४. सन्तान नभएकाले सन्तान प्राप्तिको निमित्त पाठ गर्ने मन्त्र १३४
१३५. प्रतिवर्ष जन्मोत्सव कर्म पद्धति १३४
१३६. सामान्य रूपमा मुण्डन र नङ काटदा विचार गर्नु पर्ने र
गीता, गङ्गा, गाई, तुलसी, शालिकराम, यज्ञोपवित,
पिपल, कुश, तिल, आदिको महत्व १३८
१३७. गोत्र प्रवरको जानकारी १४२
१३८. भजन भगवानमै अर्पण १४५
१३९. आरति श्री रामजीकि १४५

CC-0. In Public Domain. Digitization by eGangotri

१. राज महिमा

" राजा प्रकृति रञ्जनात" - कालिदास

अर्थात प्रजालाई सदाशान्त, सुखी, सुरक्षित, खुसी राख्ने सबा हुन्छन्; अरूबाट यो सम्भव छैन, तसर्थ राजमहिमा अपार छ । जस्तैः–

ध्रुवा द्यौर्ध्रुवा पृथिवी ध्रुवासः पर्वता इमे ।
ध्रुवं विश्वमिदं जगद् ध्रुवो राजा विशामयम्।। ऋग्वेद

आकाश अटल छ, पृथ्वी अटल छिन, यी पहाडहरू अटल छन्, यो सम्पूर्ण विश्व- संसार अटल छ र ठीक यस्तै हाम्रो सम्पूर्ण जनताका राजा पनि ध्रुव जस्तै अटल होईबक्सिन्छ ।

ध्रुवंते राजा बरुणो ध्रुवं देवो बृहस्पतिः।
ध्रुवं त इन्द्रश्चाग्निश्च राष्ट्रं धारयतां ध्रुवम्।। अथर्ववेद

अटल रहेका बरुण देवता, अटल रहने बृहस्पति र इन्द्र तथा अग्नि देवहरू, राष्ट्र पालक राजाका रूपमा सदा सर्वदा अटल छन् ।

क्षत्राणां राजेन्द्रः विशां विश्यति : धर्मिपतिर्धनानाम्
एकं बृषं जनानां बृषो विश्वस्य भूतस्य उत्तमं
मानवानां देवानामर्धभाक् ।। अथर्ववेद

क्षत्रियहरूमा राजा सर्वश्रेष्ठ नेताहुन, प्रजाहरूका प्रबल पालक हुन, उद्योग र व्यवसाय गर्ने धनीहरूका न्याययुक्त धनार्जनप्रति प्रेरित गर्ने नियामक हुन, सम्पूर्ण जनताका एकमात्र धर्मपालक लोकप्रिय नेता हुन्, सम्पूर्ण प्राणीहरूका संरक्षक हुन, मानवहरूमा सर्वश्रेष्ठ हुन् र सम्पूर्ण देवताहरूका अंशभोक्ता हुन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

अराजके हि लोकेऽस्मिन सर्वतो विद्रुते भयात् ।
रक्षार्थमस्य लोकस्य राजानमसृजत् प्रभुः ।। मनुस्मृति

यस संसारमा राजा नहुदा अराजकता पैदा भएर सम्पूर्ण जनता भयाक्रान्त असुरक्षित हुने भएकाले परमपिता परमेश्वरले संसारको रक्षा गर्न राजाको सृष्टि गरेका हुन् ।

सर्व देवमयो राजा मनुना स प्रकीर्तितः ।। पञ्चतन्त्र

राजा भित्र सबै देवताहरूको निवास हुन्छ, मनुले पनि यसै भनेका छन् ।

इन्द्रमेव प्रकृणुते यद् राजानमिति श्रुतिः ।
यथैवेन्द्रस्तथा राजा संपूज्यो भूतिमिच्छता ।।
महाभारत

इन्द्रलाईनै राजाको रूपमा सृष्टि गरिन्छ भन्ने श्रुतिहरूको भनाईछ । त्यसैले कल्याण चाहने ब्यक्तिले राजालाई देवराज इन्द्र संझेर पूजा, सम्मान, आदर र श्रद्धा गरोम् ।।

अराजकेषु राष्ट्रेषु धर्मो न व्यवतिष्ठते ।
परस्परं च खादन्ति सर्वथा धिगराजकम् ।।
महाभारत

राजा नभएको राज्यमा धर्म बाँकी रहदैन र जनता एकले अर्काको नाश गर्न थाल्छन् । त्यसैले राजा विना देशको कुनै अर्थ छैन तसर्थ राजा नभएको देशलाई धिकार्छ ।

ब्रह्मचर्येण तपसा राजा राष्ट्रं विरक्षति ।।
अथर्ववेद

CC-0. In Public Domain. Digitization by eGangotri

संयम र सुखदुःख सहने तपोमय दिनचर्याले राजाले राष्ट्रको रक्षा गर्दछन् ।।

पञ्चरूपाणि राजानो धारयन्त्यमितौजसः ।
अग्नेरिन्द्रस्य सोमस्य यमस्य धनदस्य च ।।
नारद स्मृति

तेजस्वी राजाले कुनै पनि व्यक्ति वा वस्तुलाई पवित्र पार्न अग्निको, प्रभुत्व र शक्तिमा इन्द्रको, संसारलाई शान्ति र आनन्द दिन चन्द्रमाको, न्याय–अन्यायको विवेकसाथ पुरस्कार तथा सजाय दिन धर्मराज यमको र प्रजाहितका निम्ति धन संग्रह एवं त्यसको उचित उपयोग गर्न कुवेरको रूप धारण गर्दछन् ।।

अज्ञानेन स्वपेल्लोको यदा तं वोधयेन्नृपः ।
उत्थापयेद्विनिद्रन्तु गमयेच्च समुत्थितम् ।।
प्रगत्या योजयेंद्राजा गतिमन्तं सदा भुवि । वेदानुशासन

अज्ञानले सुतेका जनतालाई राजाले असल शिक्षादीक्षाको माध्यमबाट जगाउछन् जागिसकेकालाई आत्मनिर्भरता प्रदान गरेर उभ्याउछन् उभिएकालाई गतिशील बनाउछन् र हिँडिरहेकालाई अझ द्रुत गतिले अघि बढाउछन् ।

दुष्टस्य दण्डं सुजनस्य पूजा न्यायेन कोषस्य च संप्रवृध्दिः ।
अपक्षपातोऽर्थिषु राष्ट्ररक्षा पञ्चैव यज्ञाःकथिता नृपाणाम् ।। स्मृति

दुष्टलाई दण्ड दिनु, सज्जनको सम्मान गर्नु, न्यायपूर्वक राष्ट्रिय कोषको वृद्धि गर्नु, पक्षपात नगर्नु, र राष्ट्रको रक्षा गर्नु, राजाका लागि यी ५ कुरा यज्ञ समान कहिएका छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

सुभिक्षं वाथ मर्यादां युगान् कालांश्च सन्ततम् ।
सत्यधर्मपरो राजा स्वयमेव प्रवर्तयेत् ।। वेदानुशासन

राजाले प्रजापालनरूपी सत्य धर्मको मार्गबाट देशमा सहकाल, वर्णाश्रम धर्मको मर्यादा, सत्य–त्रेता–द्वापर जस्ता युग र असल समयको समेत सृष्टि स्वयं गर्न सक्छन् ।

प्रजासुखे सुखं राज्ञः प्रजानां च हिते हितम् ।
नात्मप्रियं हितं राज्ञः प्रजानां तु प्रियं हितम् ।। स्मृति

प्रजाहरूको सुखमा राजाले आफ्नो सुख मान्दछन् र प्रजाको हितमा आफ्नो हित सम्झन्छन् । राजाले आफुलाई मन पर्ने कुरालाई होइन, प्रजा-लाइ मन पर्ने कुरालाई नै आपनो हित ठान्दछन् ।

इन्द्रानिलयमार्काणामग्नेश्च वरूणस्य च ।
चन्द्रवित्तेशयोश्चैव मात्राभिः निर्मितोनृपः ।। मनुस्मृति

इन्द्र वायु यमराज सूर्य अग्नि वरुण चन्द्र कुवेर यी आठ देवताहरूको अंश लिएर राजाको जन्म हुन्छ ।

न हि जात्वैवमन्तव्यो मनुष्य इति भूमिपः
महती देवता ह्येषा नररूपेण तिष्ठति ।। मनुस्मृति

त्यसैले यी मानिस त हुन नि भनेर राजालाइ अनादर गर्नु हुदैन मनु-ष्यको अवतार भएर ठूला देवता यस लोकमा रक्षा गर्न आएका हुन । अतः गीता मा पनि भगवानले "नराणां च नराधिपम्" मानिसहरूमा म राजाहुँ भनु भएको छ ।

राजमूलो महाप्राज्ञ धर्मो लोकस्य लक्ष्यति ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजा राजभयादेव नखादन्ति परस्परम् ।।

याज्ञ बल्क्य स्मृति

राज सत्ताबाट नै लोकमा धर्मको रक्षा भई राखेको छ राजाको भयले नै जनताहरू परस्परमा मार पीट गर्दैनन् ।

यथा ह्यनुदये राजन् भूतानि शशिसूर्ययो ।

अन्धे तमसि मज्जेयुरपश्यन्तः परस्परम् ।। मनुस्मृति

चन्द्र र सूर्य नउदाएमा मानिसहरू अन्धकार भएर आपत्ति पाए जस्तै राजा नभएमा पनि आपत्तमा पर्दछन् ।

ममेदमिति लोकेऽस्मिन्नभवेत्स्वपरिग्रहः ।

न दारा न च पुत्रः स्यान्न धनं न परिग्रहः । मनुस्मृति

राजा नभएमा संसारमा मेरो पत्नी मेरा छोरा मेरो सम्पत्ति भनेर कसैले पनि भन्न पाइने छैन । अर्थात बलियाले बलजफ्ति हरण गर्ने छन् ।

न भवेद् धर्मसंसेवी मोहबिभ्रहतो जनः

हर्ता स्वच्छेन्द्रियो गच्छेद् यदि राजा न पालयेत्

मनुस्मृति

राजाले प्रजाहरूको हेरचाह नगरेमा सबै जनता स्वेच्छाचारी भएर जे मन लाग्यो त्यहि गर्ने हुदा धर्मात्मा हुने छैनन् र दुःख पाउने छन् ।

स्त्रियस्चा पुरूषा मार्गे सर्वालङ्कारभूषिताः ।

निर्भयाः प्रतिपद्यन्ते यदि रक्षति भूमिपः।। मनुस्मृति

CC-0. In Public Domain. Digitization by eGangotri

राजाले सुरक्षाको व्यवस्था गरेकालेनै सारा गहनाले सिंगारिएका सुन्दरी स्त्रीहरू पनि बाटामा पुरूषहरूको सहायता नलिकन पनि आनन्द साथ घुम्न पाएका छन्, त्यस्ता सबै कुराबाट रक्षा गर्ने राजामा सबैले भक्ति भाव राख्नु पर्दछ ।

सभा च मा समितिश्चावतां प्रजापतेर्दुहितरौ संविदाने ।
येना संगच्छा उप मा स शिक्षाचारू बदानि पितरः सङ्गतेषु ।।

अथर्ववेद

गाउँ समिति र राष्ट्र सभा राज्यमा हुनु पर्दछ र राजाले तीनलाई पुत्रीवत पालन गर्नु पर्दछ। यी दुबै सभाहरूले एकमतभै राष्ट्रको काम गर्नु पर्दछ र प्रजापालक राजाको आज्ञा पालन गर्नु पर्दछ। राजाले जुन सभासद सँग राज्य शासन विषयमा राय माग्दछन्, त्यस सभा-षदले राजालाई योग्य सुझाव दिनु पर्दछ ।

राज पत्नी गुरोःर्पत्नी मित्र पत्नी तथैवच ।
पत्नीमाता स्वमाता च पञ्चैता मातरःस्मृताः ।

चाणक्य नीति

रानी, गुरूमा, मित्रपत्नी, शासू, आमा यी ५ माता कहिन्छन्

२ मंगला चरण

श्री.

विघ्न वल्ली सबै नाश, विश्वमा छर मङ्गल ।

CC-0. In Public Domain. Digitization by eGangotri

गणेश बन्दना गर्छु, बुध्दिदेऊ समुज्जल । १ ।
सदाचार सबै तर्फ फैलाउन समुत्सुक
आचार पुस्तिका-पुष्प, मधु गर्छ समर्पण । २ ।

३ 'धर्मो रक्षति रक्षित':

हाम्रो जीवनको रक्षा धर्मबाटै हुन्छ र हामीले पनि सर्वदा धर्मलाई जोगाई राख्नु पर्दछ । यसैबाट भुक्ति मुक्ति दुबै इच्छा अनुसार मिल्दछन । श्रुति, स्मृति पुराण आदिले बताएको धर्म नै धर्म हो । जस्तै :- सूर्य उदय देखि अस्त पर्यन्त नित्य नैमित्तिक र काम्य ३ किसिमका कर्महरू हुन सक्तछन् ।

नित्य कर्म भनेको:- सधै गर्नु पर्ने नगरि नहुने नगरेमा प्रायश्चित लाग्ने गरेमा चित शुद्धि देखि अरू फल नपाईने अर्थात् स्नान सन्ध्या तर्पण इत्यादि ।

नैमित्तिक कर्म भनेको:- नगरेमा प्रायश्चित लाग्ने गरेमा फल समेत प्राप्त हुने गर्भाधान, पुंसवन, नामकरण आदि र एकादशी, जन्माष्टमी, रामनवमी, शिवरात्री इत्यादि ।

काम्य कर्म भनेको:- केही फलको इच्छाराखेर गरिने कर्म अर्थात मेरो यस्तो कार्य सिद्ध होस् भनि सत्यनारायणको व्रतपूजा, लाखबत्ती, सप्ताह नवाह, आदि हुन यी माथि बताएका सबै कर्महरू सात्विक भावले गर्नुपर्दछ ।

वेद र धर्मशास्त्र दुबै धर्मका नेत्र हुन, पुराण हृदय हो यिनै ३ शास्त्रमा जो लेखिएको छ त्यही धर्म हो । त्यस कारणले यिनै ३ शास्त्रमा लेखिएको

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श आचारको परिपालन गर्नु मुख्य धर्म हो। वेद र धर्म शास्त्रमा बताएका नियमहरू सदाचार हुन्।

धृतिःक्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्म लक्षणम् ॥

यसले धर्मलाई टेवा पुऱ्याउँदछ। धर्म १० प्रकारको हुन्छ।

जस्तैः– (१) सुख र दुःखमा मनस्थिति एकनाश राख्नु [धृति]
(२) सम्भव भएसम्म सहेर समस्या सामाधान गर्नु [क्षमा]
(३) मनलाई आफ्ना अधवमा राख्नु [दम[
(४) अरुका हकका कुनै पनि सामान उसको इच्छा विरुद्ध नलिनु [अस्तेय]
(५) मल त्याग गरेपछि राम्ररी माटो पानीले हात गोडा सफा गर्नु, सफा रहनु, लेन देनको काममा लसपस नगर्नु [शौच]
(६) इन्द्रियहरूलाई अधवमा राख्नु [इन्द्रिय निग्रह]
(७) बुद्धि बढ्ने कुरामा हरसम्भव प्रयास गर्नु [धीः]
(८) सच्चा ज्ञान सिक्नु [विद्या]
(८) साँचो व्यवहार गर्नु [सत्य[
(१०) न रिसाउनु [अक्रोध]

यी १० प्रकारको धर्मलाई सदाचारले बताउँछ।

आचारः परमोधर्मः श्रुत्युक्तःस्मार्त येवच।

तस्मादस्मिन्सदा युक्तो नित्यं स्यादाः त्मवान् द्विज।

मनुस्मृति १। १०।

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मिन्देशे य आचार : पारम्पर्यक्रमागतः ।
वर्णानां सान्तरालानां स सदाचार उच्यते । मनु–२। १८

ब्राह्मणहरूको सदाचारमा रहनु मुख्य धर्म हो । सदाचारमा नरहेको ब्राह्मण वेदपाठी भए पनि धर्मात्मा हुन सक्दैन । क्षत्रिय आदि सबैले आफ्नो आफ्नो सदाचारमा रहनु पर्दछ । सदाचारमा रहने मानिस निरोगी दीर्घायु र सुखी हुन्छ । दुराचारी मानिसहरू सबैले निन्दा गरिने रोगी दुखी अल्पायु हुन्छन ।

सदाचार २ किसिमका छन । शास्त्रीय र लौकिक । वेद धर्म शास्त्रमा बताएका नियमहरू शास्त्रीय सदाचार हुन । लौकिक सदाचार भित्र पर्ने ग्राम धर्म, कुलधर्म, देशधर्म, आदिको पनि पालना गर्नु पर्दछ ।

नित्याभ्यासादृते प्राप्ति र्न भवेत्सच्चिदात्मनः ।
तस्माद्ब्रह्म निदिध्यासे ज्जिज्ञासुः श्रेयसे चिरम् ॥
अपरोक्षानुभूति २१- १०१

निरन्तर अभ्यास नगरि सच्चित स्वरूप आत्माको प्राप्ति हुदैन अतः जिज्ञासुले कल्याण प्राप्तिको लागि चिरकाल सम्म ब्रह्म चिन्तन गरोस ।

ब्राह्म मुहूर्तमा उठेर ब्रह्मको ध्यान गर्नु कसरी भने पद्मासन गेरेर दाहिने तिघ्रामा देब्रे गोडा उत्तानो गरेर राख्नू एक दम उत्तानो हुन सक्दैन, केही उत्तानो होस त्यस्तै दाहिने गोडा पनि गर्नू मुख बन्द नगर्नू, मुख छातीको सोझो रहोस, दाँतले दाँत नछोवोस आँखा चिम्लनु र षटचक्र को ध्यान गर्नु अथवा आफूले पाएको मन्त्र मनमनै भनि नील मण्डल आकाश जुन कहिले नाश हुदैन त्यहाँ एकाग्र चित्तगरी जतिबेर सकिन्छ हेरि रहनु र सत्व गुणी भई ब्रह्मको ध्यान गर्नु र दुई गुना तीन गुना जति सकिन्छ प्राणायाम गर्नू, त्यहाँ उप्रान्त हृदय कमलको बीचमा बूढी

CC-0. In Public Domain. Digitization by eGangotri

औला जत्रा दीप जस्ता प्रकाशमनि प्रभुको ध्यान गर्नू, तिनैमा मन लगाएर अनन्य चित्त [एक चित्त] भएर बस्नु जो छ त्यसैलाई समाधि भन्दछन् । बुद्धिमानले नित्य यस्तै अभ्यास गर्नाले जीवन मुक्त सम्म पनि हुन सक्तछ ।

प्राणायाम गर्नाले मन, बचन शरीरले गरेको सम्पूर्ण दोष भष्म हुन्छ अर्थात सम्पूर्ण पाप नाश हुन्छ मस्तिष्क तथा शरीर शुद्धि पनि हुन्छ । प्राणायाम तपस्या हो, धर्मको लक्षण पनि यही हो । सम्पूर्ण दोष [पाप] नास गर्नाको निमित्त यही प्राणायाम श्रेष्ट छ । प्राणायाम गर्दा बूढी औला र साहिली औलाले दायाँ तर्फको नाकको फोहरा र देब्रे तर्फको फोहरा थिचन पर्दछ । पालै पालाले दुबैनाक थुन्ने र खोल्ने गर्नु पर्दछ । प्राणायाम गर्दा देब्रेनाकको प्वालबाट बिस्तारै वायु मास्तिर तान्नु पूरक हो दुबै नाक थुनेर वायुलाइ रोकेर धारणा गर्नु कुम्भक हो फेरी देब्रेबाट मास्तिर तानेर धारणा गरेको वायु दाहिने नाकको प्वालबाट बिस्तारै छोडनु रेचक हो, यसैलाई बुद्धिमानीहरू प्राणायाम भन्दछन् ।

यसरी योगको अभ्यास गर्दै सारा बाहिरी विषयदेखि विरक्त वनीं सच्चिदानन्द स्वरूप परमात्मामा आफ्नो जीब रूप आत्मालाई लीन गराउन सकिने सामर्थ्य पैदा हुनेछ र जीवन मुक्त समेत हुन्छ ।

प्राणायाम गर्दा:– शरीर, शीर, घाँटी, सोझो निश्चल रहोस्, दृढ भएर आफ्नै नाकको टुप्पामा दृष्टि लगाउनु, दिशा नहेर्नु अर्थात आँखा यताउती नलाउनू, यस्ता प्रकारले निरन्तर अभ्यास गरी सच्चिदानन्द स्वरूप परमात्मामा लाग्ने, मालाई जितेको योगी त परमानन्द स्वरूपमा प्राप्त हुन्छ ।

षटचक भनेको:– [१] मूलाधार [२] स्वाधिष्ठान [३] मणिपूर [४]

CC-0. In Public Domain. Digitization by eGangotri

अनाहत [५] विशुद्ध [६] आज्ञा यिनै हुन । ती चक्रहरूमा क्रमैसँग गणेश, ब्रह्मा, विष्णु जीव गुरु र व्यापक पर ब्रह्मको ध्यान गर्नु पर्दछ ।

तुलसीको जल, शालीग्रामको जल, गाइको सिङको जल, ब्रह्मणका पाउको जल, मुख्य गुरू अर्थात गायत्री तथा दीक्षा सुनाउने गुरू र पिता माता आदिको पाउको जल पवित्र भन्ने शास्त्रमा लेखिएको छ। त्याग, तीर्थ यज्ञ व्रत र होम गर्नालि जो फल मिल्दछ उक्त जल मार्जन गर्नालि मात्र पनि गङ्गा, यमुना, प्रसन्न हुन्छन् र सोही फल मिल्दछ ।

गृहेलिङ्गद्वयंनार्च्यःगणेशत्रयमेव वा ।
द्वौ शंखौनार्चयेच्चैव भग्नांच प्रतिमांतथा ।
नार्चयेततु तथा मत्स्य कूर्मादि दशकं तथा ।
शालिग्रामाः समाःपूज्या समेषु द्वितयं न हि ।।
विषमानैव पूज्यास्तु विषमेष्वेक एव हि ।।

—पद्मपुराण

घरमा पूजा गर्दा २ शिव लिङ्ग पूजा नगर्नू । गणेश ३ पूजा नगर्नु २ शंख पूजा नगर्नू, टुटे फुटेको प्रतिमा पूजा नगर्नू, मत्स्य कूर्म आदि दश अवतारको पनि एकै ठाउमा पूजा नगर्नू । शालीग्राम पनि जोरमा २ पूजा नगर्नू जोरमा अरू सबै पूजा गर्नु हुन्छ । बिजोरमा भने एक मात्र पूजा गर्नु पर्दछ ।

नाक्षतैरर्चयेद् बिष्णुं न तुलस्या गणेश्वरम् ।
दूर्वाभिनर्चियेद् दुर्गां केतकैर्न महेश्वरम् ।।

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षताले बिष्णुको पूजा नगर्नू, धतुरो न चढाउनू, तुलसीले गणेशको पूजा नगर्नू, दूबोले दुर्गादेवीको पूजा नगर्नू, आँक र मन्दार न चढाउनु केतकीको फूलले शिवजीको पूजा नगर्नू, कुन्द पुष्प नचढाउनू सूर्यलाई तगरको फूल नचढाउनू ।

ब्रह्म वैवर्त पुराणका अनुसार निम्न बस्तुहरू पृथ्वीमा राख्नु हुन्न । कुनै भाडो या आसन राख्नु पर्दछ ।

प्रदीपं शिवलिङ्गं च शालिग्रामं मणिस्तथा ।

प्रतिमां यज्ञसूत्रं च सुवर्ण शङ्खमेवच ।। इत्यादि

बलेको बत्ति, शिवलिङ्ग, शालिग्राम, मणिमूर्ति, यज्ञोपवीत, सुवर्ण शङ्ख, गरूड घन्टी, हीरा, मूगा, गोमूत्र, गोबर, गोघृत, चरणोदक, पुष्प, तुलसीदल, मन्त्र, जपमाला, पुष्पमाला, कपूर श्रीखण्ड, रूद्राक्षकोमाला, कुशको मूल, पुस्तक यी सबै भुइँमा कहिले पनि नराख्नू । भिन्न भिन्न दोष विस्तारले वर्णन गरिएको छ । यस कारण यो पनि अवश्य जान्नु पर्दछ ।

पितृलाई मन पर्ने फूलहरू भनि स्मृतिसारमा बताईएको छ ।

अगस्त्यं भृङ्गराजं च दूर्वाच शतपत्रिका ।

चम्पकं तिलपुष्पं च षडेते पितृवल्लभाः ।।

अगस्ती, भृङ्गीराज, दूवो, सयपत्री, चाँप तिलपुष्प यी ६ थरिका फूलहरू पितृहलाई मन पर्ने हुन । स्नान गरेर जो मनुष्य फूल टिप्छ त्यो फूल देवताहरू ग्रहण गर्दैनन्, त्यो फूल चढाएकोवाट धर्म हुदैन ।

तुलसीपत्र टिप्न नहुने दिनः–

वैधृतौ च व्यतीपाते भौम भार्गव भानुषु ।

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वद्वयेच सङ्क्रान्तौ द्वादश्यां सूतक द्वये ।
तुलसीं ये विचिन्वन्ति ते छिन्दन्ति हरेः शिरः ।।

वैधृति र व्यतिपात योगमा, मङ्गल शुक्र, आदित्यवारमा अमावास्या पूर्णिमा, संक्रान्ति, द्वादशी, जुठो, सुतक, यति दिनमा जो तुलसी पत्र टिप्दछन् ती पुरुषहरू विष्णुको शिर काटदछन भनी देवी पुराणमा बताइएको छ ।

अमारिक्तासु संक्रान्ता अष्टम्यामिन्द्र वासरे ।
विल्वपत्र न चच्छिन्दध्यात् छिन्दध्याच्चेन्नरकं व्रजेत ।।

औंशी, चौथी नवमी, चतुर्दशी संक्रान्ति अष्टमी र सोमावार वेलपत्र टिप्न हुदैन टिपेमा पाप लाग्दछ ।

क्षीरेतु लवणं दत्वा उच्छिष्टेऽपिच यद्घृतम् ।
स्नानं एजकतीर्थेतु ताम्रे गव्यं सुरा समम् ।।
नारिकेलोदकं कांस्ये ताम्रपात्रेस्थितं मधु ।
गव्यं च ताम्रपात्रस्थ मद्यतुल्यं घृतं विना ।।

स्मृतिसार

स्मृति अनुसार दूधमा नून हाल्नाले मदिरा तुल्य हुन्छ । जुठोमा घिउ हाल्नाले मदिरा तुल्य हुन्छ । ताम्र पात्रमा गाईको दूध हाल्नाले मदिरा तुल्य हुन्छ । धोवीले लुगाधुने ठाउमा स्नान गर्नु पनि मदिरामा स्नान गरे जस्तै हुन्छ । काँसको भाँडामा नरिवलको पानी, तामाको भाडा मा घिउ विना मह र गाइको दूध छ भने त्यो मदिरा तुल्य हुन्छ । अर्थात्त अलिकति पहिले घिउ हालेर मात्र तामाको भाँडोमा दूध मह हाल्नु पर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

बासीजल र फूल त्याग गर्नु अर्थात नचढाउनु गङ्गाजल तुलसीपत्र वेल-पत्र र कमलको फूल यी बासी भएपनि चढाउनु हुन्छ ।

शिरोवेष्टेन योभुङ्क्ते यो भुङ्क्ते दक्षिणे मुखे ।
वाम भागे जलंस्थाप्य सोऽपि चाण्डाल उच्यते ।।

शिरमा कपडा बाधेर अथवा दक्षिण मुख गरेर बायाँ पट्टी जल राखेर खान्छ त्यो पनि चाण्डाल समान भनिन्छ यो साहित्य संहिता भक्ति खण्डमा लेखिएकोछ । मनुको भनाइ अनुसार पूर्व फर्केर भोजन गरे आयु वृद्धि हुन्छ । दक्षिण फर्केर भोजन गरे कीर्ति हुन्छ तर बाबु आमा हुनेले दक्षिण फर्केर खानु हुदैन पश्चिम फर्केत्र भोजन गरे धनकोबृद्धि हुन्छ, सत्यको ईच्छा हुने पुरूषले उत्तर फर्केर भोजन गर्नू ।

"विष्णु पुराण अनुसार" आधापेट अन्नले भर्नू, १ खण्ड पानीले भर्नू वायु खेल्नाको निमित्त चौथा भाग खाली राख्नु पर्दछ ।

तेल लगाउन हुने दिनको प्रमाणः—

तैलाभ्यङ्गे रवौतापः सोमे शोभाकुजे मृतिः ।
बुधे धनं गुरौ हानिः शुक्रे दुःखं शनौ सुखम् ।।
रवौ पुष्पं गुरौ दूर्वा भौम वारे च मृतिका ।
गोमयं शुक्रबारे च तैलाभ्यङ्गी न दोषभाक् ।।
नित्यमभ्यङ्गिके चैव बासिते नैव दूषणम् ।।

ज्योतिषसार

आईतबार तेल लगाउनाले ताप हुन्छ, सोमवार लगाउनाले शोभा सौन्दर्य हुन्छ, मङ्गलबार लगाउनाले मृत्यु हुन्छ, बुधबार लगाउनाले

CC-0. In Public Domain. Digitization by eGangotri

धन प्राप्त हुन्छ, बृहस्पतिवार हानि हुन्छ, शुक्रावार दुःख हुन्छ, शनिवार शुख हुन्छ। तर तेल लगाउदा आईतवार फूल हालेर, बृहस्पतिबार दूवो हालेर, मङ्गलवार माटो हालेर शुक्रबार गोबर हालेर लगाउदा दोषलाग्दैन सधैं तेल लगाउदा र सुगन्धि तेल लगाउदा भने यो दोष छैन।

तिलकल्कदधिक्षीर जलक्षौद्रघृतानि च।
न त्यजेदुर्ध्वजग्धानि सक्तूँश्चाऽथ कदाचन॥
ग्रासशेषं नचाऽश्नीयात्पीतशेषं पिवेन्नतु।
शाकमूलफलेक्ष्वादि दन्तैश्छित्वान भक्षयेत्।

"बृहस्पतिको भनाईअनुसार" तिकको प्रकार, दहि, दूध, पानी; मह, घिउ, सत्तु, यति वस्तुलाई आधा मात्र खाएर कहिल्यै नछाडनु भोजन गरि सकेर १ गाँस पुरा छोडेको नखानू, पानीको शेष [पूरा] पनि नखानू, शाक जरा [मूला] फल, उखुहरूपनि दाँतले काटी काटी लुछी लुछी नखानू।

नाधरोच्छिष्टके योज्यं स्वर्ण ताम्रं सुबुध्दिभिः।
तत्र स्थितं तु पानीयं शुचितीर्थोदकं भवेत्॥

बुध्दिमानले सुन र तामाको भाढोमा जुठो मुख लगाएर जल नपिओस। किनकि सुन र तामाको भाँडोमा रहेको जल तीर्थजल समान पवित्र रहन्छ।

व्यासको भनाई अनुसार माटाको भाँडामा, उल्टो पातमा, फलामे भाँडोमा, तामाको भाँडामा नखानु खायो भने नरक पर्दछ।

पुलस्त्य ऋषिको भनाइ अनुसारः—

एक चित्त गरेर भोजन गर्नू, पहिले गुलीयो रस खानू, माझमा नूनिलो अमिलो खानू, पछिबाट पीरो तीतो खानू, पुरूषले पहिले पातलो बस्तु खानू, माझमा साह्रो वस्तु खानू, पछिबाट पनि पातलो बस्तु खानू त्यसले

CC-0. In Public Domain. Digitization by eGangotri

बलवान हुन्छ, रोग पनि लाग्दैन । भोजन गरि सकेपछिदूध पिउनू, पछिबाट दहि नखानू । खाना खानु भन्दा अगाडि २ हात २ गोडा र मुख धोएर मात्र खानू । चुठेपछि आँखामा पानी लगाउनाले आँखा दुखदैन साथै पेट पनि मुसानलि खाएको पच्दछ र पेटपनि दुख्दैन ।

यसरी सबै जातिले आपना आफ्ना जाति अनुसार शास्त्रले वताएका आचारहरूलाई परिपालन गर्दै जीवन यापन गर्नु ज्यादै राम्रो कुरा हुन जाने छ । अन्त्यमा आत्म शान्ति मिल्ने हुन्छ । जति सुकै राम्रो भएतापनि "पर धर्मो भया वह" हुन जानेछ । आज भोलि कलियुगको प्रभावले गर्दा मानवजातिले आ–आफ्ना सदाचार छोडी धर्मलाई केवल जीविकाको साधन बनाएको कतै पाईन्छ भने कतै स्वधर्मलाई स्वार्थवस त्यागेको पनि पाईन्छ यसो गर्नाले मानव जातिको क्षणिक कल्याण देखिएतापनि अन्त्यमा कल्याण हुन सक्दैन तसर्थ अबोध समाजलाई कल्याणको मार्ग तर्फ डोऱ्याउन केही सजिलो बुझ्ला भनि शास्त्र र बिद्दानहरूको सदुपदेशको सङ्कलन गरी "हिन्दु सदाचार पद्धति" नामले २०४२ वैशाखमा नव वर्षको शुभकामना-को रूपमा प्रकाशित गरि १००० प्रति वितरण गरिएकोमा गोरखापत्रमा र मधुपर्क जस्ता पत्रिकामा समीक्षा गरिदा धेरै पाठक वर्गबाट बडो उत्सुकता साथ उक्त पुस्तक पढ्न र सो अनुसार सदाचारमा रहनको लागि पुस्तकको ज्यादै माग भै पत्रहरू प्राप्त भै रहेको र जस्ले पढ्नु भयो वहाँहरूले नेपा-लीमा अर्थ तथा अन्य पूजाविधि आदि भएको खण्डमा धेरै सजिलो पर्न जानेछ भनि मलाई सुझाव र सरसल्लाह दिनु भए अनुसार नेपालीमा अर्थ समेत दिई २०३४ सालको शुभ–विजया दशमीको शुभ–कामना स्वरूप २००० प्रति प्रकाशित गरि वितरण गर्दा सबै सदाचारीहरूले यो पुस्तकको ठूलो महत्व मानि केही पत्रिकाहरूले यस्को महत्व दर्शाइ प्रकाशित समेत

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा यस भन्दा अरू तिथी चाडहरूको महत्व आदि समावेश गर्न सल्लाह दिए अनुसार अझ परिमार्जित र थप समेत गरी यो पुस्तक विशेष संकलन साथ लेखेको छु। संक्षेपमा सदाचार तर्फ फर्काउन सजिलो पार्न जन समक्ष यो पुस्तक प्रस्तुत गरेको छु। अगाध शास्त्रमा म जस्ता सर्व साधारण अल्पज्ञ मानिसले पसेर उपदेशको रूपमा दुईचार शब्दको संकलन गरेको छु। विद्वानहरूको अगाडि यो विषय नसुहाउदो हुनगए पनि क्षमाको प्रार्थना गर्दै विशेष गरेर साधारण जनतामा तल उल्लेख भएका सदाचारका सदुपदेशहरू प्रस्तुत गर्दछु।

४ प्रातः स्मारण

(बिउझने वित्तिकै ओछ्यान छोडि पाठ गर्ने)

ब्रह्मा मुरारिस्त्रिपुरान्तकारी,
भानुः शशी भूमिसुतो बुधश्च।
गुरुश्च शुक्रः शनिराहुकेतवः,
कुर्वन्तु सर्वे मम सुप्रभातम्॥

ब्रह्मा, विष्णु, शिव, सूर्य चन्द्रमा बुध गुरू शुक्र शनि राहु केतु सबैले मेरो प्रातः काललाइ असल गरुन्।

अश्वत्थामा बलिर्व्यासो हनूमांश्च विभीषणः।
कृपः परशुरामश्च सप्तैते चिरजीविनः।

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तैतान् संस्मरेर्नित्यं मार्कण्डेयमथाष्टमम् ,

जीवेत् वर्षशतं साग्रमल्पमृत्युविवर्जितः ।

अश्वत्थामा, बलि, व्यास, हनुमान, बिभीषण, कृपाचार्य, परशुराम, सबै चिरंजीवी रहने यी ७ र मार्कण्डेय ऋषि समेतलाई नित्य सम्झ्यो भने सय वर्ष बाच्दछ र बीचमा मृत्यु हुदैन ।

प्रातः स्मरामि भवभीतिमहार्तिशान्त्यै,

नारायणं गरूडवाहनमब्जनाभम् ।

ग्राहाभिभूत वरवारणमुक्तिहेतुं,

चक्रायुधं तरूणवारिजपत्रनेत्रम् ॥

म बिहानि पख उठेर संसारको भय रूपी ठूलोपीडालाई हटाउनका निमित्त गरूडवाहन भएका कमलनाभ ग्राहले मार्न आटेको गजेन्द्रलाइ मुक्ति दिने चक्र धारण गर्ने सुन्दर कमल नेत्र प्रभुलाई सम्झन्छु ।

प्रातः स्मरामि गणनाथमनाथवन्धुं,

सिन्दूरपूर्णपरिशोभितगण्डयुग्मम्

उद्दण्डविध्नपरिखण्डनचण्डदण्ड,

माखण्डलादिसुरनायकवृन्दवन्द्यम् ॥

म बिहानि पख दीन दुःखिहरूका बन्धु सिन्दूरले परिपूर्ण सुशोभित दुइ गाला भएका ठूला ठूला विघ्न वाधानाश गर्न समर्थ भएका इन्द्रादि मुख्य देवताहरूका पूज्य श्री गणेशलाई स्मरण पूर्वक बन्दना गर्दछु ।

प्रातः स्मरामि खलु तत्सवितुर्वरेण्यं,

रूपं हि मण्डलमृचोऽथ तनुर्यजूँषि ।

CC-0. In Public Domain. Digitization by eGangotri

सामानि यस्य किरणाः प्रभवादिहेतु,

ब्रह्महरात्मकमलक्ष्यमचिन्त्यरूपम ।।

सम्पूर्ण जगतलाई प्रेरणा दिने ऋग्वेद मण्डल, यजुर्वेद शरीर, सामवेद किरण स्वरुप भएका उत्पत्ति स्थिति लयका कारण ब्रह्मा विष्णु महेश्वरको जस्मा एउटै रुपछ यस्ता अलक्ष्य अचिन्त्य स्वरुप सूर्यनारायणलाई म बिहानि पख नमस्कार गर्दछु ।

प्रातर्भजामि भजतामभिलाषदात्रीं

धात्रीं समस्तजगतां दुरितापहन्त्रीम ।

संसारबन्धनविमोचनहेतुभूतां

मायां परां समधिगम्य परस्य विष्णो : ।।।

भजन गर्ने पुरूषहरूको इच्छापूर्ण गर्ने साराजगतको रक्षा गर्ने पाप दुखःलाई नाश गर्ने परब्रह्मको परांमाया स्वरूप भएर संसारको बन्धनबाट मुक्तगराउने भएकी भगवती देबिलाइ प्रातः कालमा म बन्दना गर्दछु ।

प्रातः स्मरामि भवभितिहरं सुरेशं,

गङ्गाधरं बृषभवाहनमम्बिकेशम् ।

खट्वाङ्गशूलवरदाभयहस्तमीशं

संसाररोगहरमौंषधमद्वितीयम ।।

संसारको भयलाई हरण गर्ने, गंगाजीलाई धारण गर्ने साडेमा चडेर हिड्ने अम्बिकाका पति खट्वाङ्ग सूल वरद अभयलाई धारण गर्ने भएका संसार रूपि रोगलाइ हरण गर्न अद्वितीय औषधी भएका देवताहरूका मालिक शिवजीलाई म बिहानीपख ध्यान गर्दछु ।

CC-0. In Public Domain. Digitization by eGangotri

५ बिहान कर दर्शन गर्ने मन्त्र

कराग्रे वसते लक्ष्मीः करमध्ये सरस्वती ।

करमूले स्थितो ब्रह्मा प्रभाते कर दर्शनम ।।

बिहान उठेर दुवै हातको दर्शन गर्नु पर्दछ किनभने हातको अग्रभागमा औंलामा लक्ष्मी बस्दछिन, बीचमा अर्थात हतकेलामा सरस्वती बस्दछिन र मूलभागमा ब्रह्मा बस्नु हुन्छ । तत्पर्य सो दर्शन गरे बराबर हुन्छ ।

६ ओछ्यानबाट उठी पृथ्वी स्पर्श गर्दा भन्ने मन्त्र

समुन्द्रे वसने देवी पर्वतस्तनमण्डले ।

विष्णुपत्नि ! नमस्तुभ्यं पादस्पर्श क्षमस्व मे ।।

समुन्द्रनै वस्त्र भएकी पर्वतरूप स्तनले सुशोभित विष्णुकी पत्नी भएकी हे पृथिवी माता पादस्पर्श गरेकोमा मलाई क्षमा गर्नुहवस् ।

७ मल मूत्रादि त्याग गर्दा भन्ने मन्त्र

देवता ऋषयः सर्वे पिशाचोरगराक्षसाः ।

इतो गच्छन्तु भूतानि बहिर्भूमिं करोम्यहम् ।।

देवता. ऋषि, पिशाच, सर्प, राक्षस आदि सबै प्राणीहरू यहाँबाट जानुहोस म मैदान बस्दछु ।

CC-0. In Public Domain. Digitization by eGangotri

८ दतिवन लगाउनु अगाडि प्रार्थना गर्ने श्लोक

आयुर्बलं यशोवर्चः प्रजापशुवसूनिच ।

ब्रह्म प्रज्ञां च मेधां च तन्नो देहि वनस्पते ।।

आयु वल कीर्ति तेज सन्तान पशु धन ज्ञान धारणशक्ति हे वनस्पति मलाइ देऊ ।

९ दन्त धावन गर्दा भन्ने मन्त्र

मुखदुर्गन्धनाशाय दन्तानांच बिशुध्दये ।

आरोग्याय च गात्राणां कुर्वेऽहं दन्तधावनम ।।

मुखको दुर्गन्धि हटाउन दाँतहरूको शुद्धि गर्नाका लागि र शरीरको आरोग्यका निमित्त म दन्तधावन गर्दछु ।

१० शिखा बंधन गर्दा भन्ने मन्त्र

चिद्रूपिणि महामाये दिव्यतेजः समन्विते ।

तिष्टदेवि शिखाबन्धे तेजो वृध्दि कुरूष्व मे ।।

CC-0. In Public Domain. Digitization by eGangotri

चैतन्य स्वरूप दिव्य तेजले युक्त हे महामाया देवी मेरा शिखाका बन्धनमा बसनुहोस मेरो तेजको वृद्धि गर्नुहोस ।

शिखाः–

सदोपवीतिना भाव्यं सदा बध्दशिखेनतु ।
विशिखो व्युपवीतश्च यत्करोति न तत्कृतम् ।।
अमन्त्रो दियते ग्रन्थिर्जपो होमो वृथा भवेत् ।
स्मृत्यौङ्कारं च गायत्रीं निबध्नी याच्छिखाँ ततः ।।

नागदेवः

व्रतबन्ध भएपछि जनै सधै लगाएको हुनु पर्दछ र टुपी शिखापारेर रहनु पर्दछ । शिखा नबाधेर र जनै नभएर गरेका शुभ–कार्यहरु विफल हुन्छन् । मन्त्र नपडिकन शिखाबाधेर गरिएका जपहोम व्यर्थ हुन्छन् । त्यसकारण ॐकार पूर्वक गायत्री जपेर शिखाबन्धन गरोस ।

११ संकल्प

हरि ॐ तत्सत ३ ॐ विष्णुः ३ अद्येह श्रीमद्भगवतो महापुरुषस्य बिष्णोराज्ञया प्रवर्तमानस्य सकल जगत् सृष्टिकारिणो ब्रह्मणो द्वितीय प्रहरार्ध्दे श्री श्वेतवराह कल्पे वैवस्वतमन्वन्तरे अष्टाविंशतितमे कलियुगे प्रल्हादाधिपत्यें मनोः सप्तमे बौध्दावतारे सत्यत्रेताद्वापरान्ते कलियुगस्य प्रथम चरणे भारत वर्षे भरत खण्डे

CC-0. In Public Domain. Digitization by eGangotri

जम्बूद्वीपे आर्यावर्तान्तर्गत हिमवत्पर्वतैक देशे गंगादेव्याः उत्तरकोणे श्रीमद्विष्णु प्रजापति क्षेत्रे तदन्तर्गत पाशुपत क्षेत्रे पशुपतेः [अमुक] दिग्भागे वाग्मत्या [अमुक] दिग्भागे इह पुण्य भूमौ [अमुक] स्थाने षष्टिसम्बत्सराणां मध्ये [अमुक] नाम सम्बत्सरे श्री सूर्ये [उत्तरायणे वा दक्षिणायने] (अमुक) ऋतौ मासोत्तमे मासे [सौरेण वा चान्द्रेण] [अमुक] मासे [अमुक] पक्षे [अमुक] वासरे [अमुक] तिथौ [अमुक] नक्षत्रे (अमुक) योगे [अमुक] राशिस्थिते श्री सूर्ये (अमुक) राशिस्थिते देव गुरौ (अमुक) राशि स्थिते चन्द्रमसि अन्येषु शेषेषु ग्रहेषु यथा यथा स्थानस्थितेषु सत्सु एवं ग्रहगण विशेषण विशिष्टायां यथा लग्न मुहूर्तान्वितायाम् (अमुक) गोत्रस्य (अमुक) प्रवरस्य (अमुक) नाम्नः (शर्मणो वा वर्मणो वा गुप्तस्य) वा मम श्रुति स्मृति पुराणोक्त फल प्राप्त्यर्थमिह जन्मनि कायिक वाचिक मानसिक सांसर्गिक ज्ञाताज्ञात स्पर्शास्पर्शाऽशन भोजन शयन गमनादि कृत दोष निरासद्वारा त्रिविधतापो-पशमन पूर्वकं श्रीपरमेश्वर प्रित्यर्थं० (अमुक) तीर्थे प्रातः स्नान महं करिष्ये मन्त्र

(अमुक) कोण्ट भित्र अमुक राखेको ठाँउमा जुन बखत जुन पक्ष जुन तिथि, जुन ठाँउ र श्रावण देखि पौष सम्म सूर्य नारायण दक्षिणायन र माघ देखि आषाढ सम्म उत्तरायण हुन्छन। सोही बचन पनि उच्चारण गर्नु पर्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri

० अरू गौदान, पूर्णपात्र, सिधादान आदि गर्दा अरू सबै माथिकै बमोजिम प्रीत्यर्थ सम्म भने पछि –

क) गौदान गर्ने हो भने गोपूजन मान्त्रः–

ॐ नमोगोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च ।
नमोब्रह्म सुताभ्यश्च पवित्राभ्यो नमोनमः ।।

ऐश्वर्ययुक्त तथा कामधेनुकी सन्तान भएकी पवित्र र ब्रह्मपुत्री हे गोमाता तपाईलाई नमस्कार छ ।

(अमुक) कर्मणि सिद्धये इह जन्मनिजन्मान्तरे वा अज्ञानतः प्रकृति वशाच्च गुणत्रयकारण मनोवाक् काय कल्पित त्रिविध समस्त पापा पनोदन पूर्वक मायुरारोग्य धन धान्यादि संप्राप्त्यर्थम् ईमां गाँ रूद्रदैवताम् (अथवा) तत्प्रात्याम्नायीभूतँ रजत खण्डं चन्द्र दैवत (अमुक) गोत्राय (अमुक) शर्मणे ब्राह्मणाय सुपूजिताय तुभ्य महं सम्प्रददे तत्सम्नमम भन्नु –

गो प्रार्थनाः–

कपिले सर्ब देवानां पूजनीयाऽसि रोहिणि ।
तीर्थ देवमयी यस्मात् तस्मात् शांति प्र्यच्छमे ।१।
गावोमे अग्रतः सन्तु गावोमे सन्तुपृष्ठतः ।
गावोमे हृदये सन्तु गवां मध्ये वसाम्यहम् ।२।

हे कैली गोमाता, तपाई सबै देवताको पूज्या र सारा देवता र तीर्थमय हुनु हुन्छ । मलाइ शान्ति दिनु हवस ।१। मेरो अगाडि पछांडि र हृदयमा गाईहरू रहुन गाइहरूको बिचमा बस्न पाऊँ ।।२।।

CC-0. In Public Domain. Digitization by eGangotri

अनि कुश तिल जल र दान प्रतिष्ठा लिनु यजमानले अद्य कृतैतत् श्री परमेश्वर प्रीतये तथा (अमुक) कार्य सिद्धये कृतस्य गोदान कर्मणः साङ्गतासिध्यर्थं रोप्यं चन्द्रदैवतं अथवा ताम्रं श्रीसूर्यदैवतं (अमुक) गोत्राय (अमुक) शर्मणे ब्राह्मणायं तुभ्य महं सम्प्रददे तत्सन्न मम ईति

ख) पूर्णपात्र गर्दा:–

प्रीत्यर्थम् सम्म भने पछि दीप, कलश, गणेश पूजन पूर्वक (अमुक) देवता पूजन कर्मणः साँगता सिध्यर्थम् अन्नं प्रजापति दैवतं यज्ञो पवीतं विणु दैवतम् रौप्यं चन्द्र दैवतम् फलं वनस्पति दैवतं ईदं तण्डुल पूर्ण पात्रम् (अमुक) गोत्राय (अमुक) शर्मणे ब्राह्मणाय पूर्णपात्रत्वेन तुभ्यमहं संप्रददे तत्सन्न मम ।

यस्तै अरू कर्म गर्दा पनि सङ्कल्पमा वचन पार्नु पर्दछ ।

१२ तीर्थं राजको प्रार्थना

त्वं राजा सर्वतीर्थानां त्वमेव जगतः पिता ।
याचित्तं देहिमे तीर्थं तीर्थराज नमोऽस्तुते ।।

तपाईसबै तीर्थका राजा र जगतका पिता पनि हुनुहुन्छ मैले इच्छा गरेको तीर्थहरू दिनुहोस, हे तीर्थ राज तपाईलाई नमस्कार गर्दछु ।

गङ्गेच यमुनेचैव गोदावरि सरस्वती ।
नर्मदे सिन्धुः कावेरि जलेस्मिन सन्निधिकुरू ।।

CC-0. In Public Domain. Digitization by eGangotri

गङ्गा, यमुना, गोदावरी, सरस्वती, नर्मदा, सिन्धु, कावेरी यी तीर्थहरू यस जलमा आउनु होस् ।

१३ जप गर्न बसे पछि आसन छोएर पढ्ने मन्त्र

ॐ पृथ्वि त्वया धृता लोका देवि त्वं विष्णुना धृता ।
त्वं च धारय मां नित्यं पवित्रं कुरु चाऽऽसनम् ।।

हे पृथ्वी तपाईले लोकहरूलाइ धारणा गरेको छ विष्णु भगवानले हजुरलाई धारणा गरेको छ तपाई पनि मलाई नित्य धारण गर्नु हवस आसनलाई पवित्र गरि दिनु हवस ।

१४ पवित्र र कुशका टुक्राहरू कर्म पात्रमा हालि पूजा गरि कर्म पात्र बनाउने

ॐ पवित्रेस्थो० इति पवित्रम् । ॐशन्नोदेवीति जलम् । तिलोसिति० तिलान् । ॐ यवोसिति यवान् । ॐ गन्ध-

CC-0. In Public Domain. Digitization by eGangotri

व्हारान् इति गन्धम् । ॐ अक्षन्न इति अक्षतान् । श्री-
श्चते इति पुष्पम् ।

१५ कुशले मार्जन गर्दा भन्ने मन्त्र

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थांगतोऽपिवा ।
यः स्मरेत्पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ।।

अपवित्र होस् वा पवित्र होस कुनै अवस्थामा पनि जस्ले पुण्डरीकाक्ष अर्थात कमल जस्तो आँखा हुने भगवानलाई स्मरण गर्दछ त्यो बाहीर र भित्र पनि पवित्र हुन्छ ।

१६ विभूति धारण

जुन पुरूष विभूति धारण गर्दछ त्यो पुरूष सम्पूर्ण पापले रहित भई अन्त्यमा कैलाशमा प्राप्त हुन्छ ।

१७ गयत्री महिमा

विप्रो वृक्षस्तस्य मूलञ्च संध्या

CC-0. In Public Domain. Digitization by eGangotri

वेदा शाखा धर्म कर्माणि पत्रम् ।
तस्मात् मूलं यत्नतो रक्षणीयम्
छिन्ने मूले नैव शाखा न पत्रम् ।
देवीभागवत सातौं स्कन्ध

ब्राह्मण बिरुवा या वृक्ष हो भने यसको जरा (root) गायत्री उपासना हो । त्यस्तै यस वृक्ष र ब्राह्मणको हाँगा स्वरूप वेद छन, धर्म कर्म पातहरू भए । त्यसकारण मूल जरो स्वरूप गायत्रीको उपासना आफ्नो कल्याण चाहने व्यक्तिले गर्नू पर्दछ अर्थात गायत्री मूललाई जोगाउनु पर्दछ । यदि जोगाईएन र मूल जरो नै छिन्यो भने रूखमा न पात रहन सक्छन् नत हाँगा नै । अर्थात ब्राह्मण आफू बिग्र्यो भने दुनियाको रीति रिवाज र धर्ममा पनि विकृति हुन जान्छ ।

१८ सन्ध्योपासनमा आचमन गर्दा भन्ने मन्त्रः—

सन्ध्योपासनाले दिनमा रातमा गरेको पाप नासिन्छ

ॐ केशवाय नमः

ॐ नारायणायनमः

ॐ माधवाय नमः

यी ३ मन्त्रले जप गर्नू अगाडि आचमन गर्ने र जप सकेपछि पनि आचमन

CC-0. In Public Domain. Digitization by eGangotri

गर्म र ओं गोविन्दाय नमः भनी दुवै पटकहात धुने, जप गर्दा र व्रत, होम पूजा आदि कर्म गर्दा नबोल्नू । विधि पूर्वक १०८ गायत्री जप गर्नू, त्यति नसके ५४ पल्ट जप गर्नु, त्यति पनि नसके २७ पल्ट गर्नू, त्यस भन्दा कम्म कहिल्यै नगर्नू । गायत्री जप गर्दा हातमा कसरी गन्ती गर्दै जप गर्नु भने साँहिली औंलाको माझको आँखला देखि दाहिने गरी कान्छी औंला तिर-बाट घुमाएर चोरी औंलाको फेद सम्म दश आँख्लामा बुढी औंलाले छुंदै लैजानु माझी औंलाको माझ र तल्लो दुई आँखला बीचमा सुमेरु जान्नू । जप गर्दा त्यसलाई ननधाउनू ।

१९ प्राणायाम गर्ने मुद्रा

सुमुखं सम्पुटं चैव बिततं विस्तृतं तथा ।
एक मुखञ्च द्विमुखं त्रिमुखंच चतुर्मुखम् ।।
पञ्चमुखं षण्मुखं च ऊर्ध्वाञ्जलि मधो मुखम् ।
शकटं यमपाशंच ग्रन्थितं संमुखोन्मुखम् ।।
प्रलम्व मुष्टिकं चैव मत्स्य कूर्म बराहकम् ।
सिंहाक्रान्तं महाक्रान्तं मुद्गरं पल्लवं तथा ।।

अर्थात सुमुख १ संपुट २ बितत विस्तृत ३ एक मुख ४ द्विमुख ५ त्रिमुख ६ चतुर्मुख ७ पञ्चमुख ८ षण्मुख ९ उर्ध्वाञ्जलि १० अधोमुख ११ शकट १२ यमपाश १३ ग्रन्थित १४ सम्मुख उन्मुख १५ प्रलम्ब १६ मुष्टिक १७ मत्स्य १८ कूर्म १९ वाराह २० सिंहाक्रान्त २१ महाक्रान्त २२ मुद्गर २३ पल्लव २४ यी २४ मुद्रा गायत्रीको आदिमा गरेर गरेको गायत्री

CC-0. In Public Domain. Digitization by eGangotri

जप उत्तम हुन्छ । अनि आचमन गरी आफूले गर्दै आएको सन्ध्या गरेर पुनः आचमन गर्ने ।

२० गायत्री अष्टमुद्रा–

गायत्री जप गरि सके पछि गर्ने मुद्रा ।

सुरभि ज्ञान वैराग्यं योनि संखंच पंकजम् ।

लिङ्गम् निर्वाण मुद्रांश्च जपान्तेऽष्टौ– प्रदर्शयेत् ।।

अर्थात सुरभिः १, ज्ञानम् २, वैराग्यम ३, योनि ४, शङ्ख ५, पङ्कजम् ६, लिङ्गम् ७, निर्वाणम् ८

२१ श्री गुरु वन्दना

गुरुर्ब्रह्मा गुरुर्विष्णु र्गुरुर्देवो महेश्वरः ।
गुरुरेव परंब्रह्म तस्मै श्रीगुरवे नमः ।।
अखण्डमण्डलाकारं व्याप्तंयेन चराचरम् ।
तत्पदं दर्शितं येन तस्मै श्रीगुरवे नमः ।।२।।
अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया ।।
चक्षुरुन्मीलितं येन तस्मै श्रीगुरवे नमः ।।३।।

गुरुर्नै ब्रह्मा गुरुनै विष्णु, गुरुनै महेश्वर, गुरुनै परब्रह्म हुन त्यस्ता गुरुलाइ म नमस्कार गर्दछु ।।१।। पूर्ण मण्डलाकार चराचरलाइ जसले ढाकेकोछ त्यस्ता परमेश्वरको दर्शन गराउने ...



मुद्रा २० नं.
चित्र

गायत्री जप गर्दा हातको औंलामा
गन्ति गर्ने चित्र

[ज] ...

CC-0. In Public Domain. Digitization by eGangotri



अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया ।।
चक्षुरुन्मीलितं येन तस्मै श्रीगुरवे नमः ।।३।।

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुनै ब्रह्मा गुरुनै बिष्णु, गुरुनै महेश्वर, गुरुनै परब्रह्म हुन त्यस्ता गुरुलाइ म नमस्कार गर्दछु ।।१।। पूर्ण मण्डलाकार चराचरलाइ जसले ढाकेकोछ त्यस्ता परमेश्वरको दर्शन गराउने गुरुलाई म नमस्कार गर्दछु ।।२।। अज्ञानरूपि अन्धकारले अन्धाभएकालाई ज्ञानरूपि गाजलको कोशद्वारा आँखादेखाइ दिने गुरुलाइ नमस्कार गर्दछु ।।३।।

२२ दैनिक पूजाविधि:–

[क] शंखको पूजा र प्राथना गर्ने मन्त्र

त्वं पुरा सागरोत्पन्नो बिष्णुना विधृतः करे ।
नमन्ति सर्व देवास्तु पाञ्चजन्य नमोस्तुते ।।

तपाई पहिले सागरबाट उत्पन्न भएको विष्णुले आफ्नो हातमा धारण गरेको त्यस्तो पाञ्च जन्य शंखलाई सबै देवताहरू पनि नमस्कार गर्दछन् तपाईलाई मेरो पनि नमस्कार छ । शंखायनमः ।

[ख] घण्टको पूजा र प्रार्थना गर्ने मन्त्र

आगमार्थं तु देवानां गमनार्थं तु रक्षसाम् ।
कुरू घण्टे महानादं देवतार्चनसन्निधौ ।।

राक्षसहरूलाई धपाउन र देवताहरूलाई स्वागत गर्न हे घण्टा तिमी देवताहरूको पूजा समयमा ठूलो आवाज गर । घण्टायनमः

[ग] अर्घ स्थापना र पूजा गर्ने:–

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धार्थ मक्षतांश्चैव दूर्वाञ्च तिलमेवच ।
यव गन्ध फलं पुष्प मष्टाङ्गमर्घ उच्यते ।।

सर्सियुँ, अक्षता, दूवो, तिल, जौ, चन्दन, फलफूल यी आठ अङ्ग हालेर अर्घ बनाईन्छ ।

पहिले भूमिमा ओं आधार शक्तये कमलासनाय नमः भनि फूल अक्षता चढाउने र त्रिकुटी राख्ने र त्यसमाथि अर्घ पात्र राखेर कुश, पञ्चामृत, चन्दन अक्षता फूल' जौ तिल दूवो फल हालेर प्रार्थना गर्ने । गङ्गेच यमुने चैव...... इत्यादि मन्त्र भनेर गंगा यमुना आदि तिर्थको आवाहन गर्ने । द्वादश कलात्मने वह्नि मण्डलायनमः, षोडश कलात्मने चन्द्र मण्डलायनमः भनेर पूजा गर्ने । मत्स्यमुद्रा, धेनु मुद्राआदि देखाउने र त्यस अर्घको जलले आफूलाई सेचन गर्ने ।

[घ] दियोको पूजाः–

पहिले फूल अक्षता "लिएर भो दीप नारायण" इहा गच्छ ईह तिष्ट यावत्पूजाँ करोमि तावत्वं सुस्थिरो भव मम पूजाँ गृहाण" भनेर आवाहन गर्ने अनि "पाद्यं समर्पयामि दीप नारायणायनमः" त्यस्तै अरू पनि अर्ध्यं, पंचामृतं, शुद्धोदक स्नानं, सिन्दूरं, आलक्तकं, त्तिलान्, यवान्, अक्षतान् पुष्पं समर्पयामि दीप नारायणाय नमः भन्ने र चढाउने

प्रार्थना–

ॐ शुभं भवतु कल्याणमारोग्यं धन संपदः ।
मम शत्रु विनाशाय दीप ज्योति र्नमोस्तुते ।।

मेरो शत्रु नास गरेर असल, कल्याण, आरोग्य र धनधान्य गराइ दिने

CC-0. In Public Domain. Digitization by eGangotri

हे दीप नारायण नमस्कार गर्दछु ।

[ङ] कलशको पूजाः–

भो वरुण इह आगच्छ इह तिष्ट यावत्पूजाँ करोमि तावत्वं सुस्थिरो भव सुप्रसन्नो भव वरदो भव। पाद्यं, अर्घ्यं पञ्चामृतं, शुद्धोदक स्नानम् ईदं लेपनं चन्दनं, सिन्दूरम्, अबीर् चूर्णं, अक्षताँन्, यवान, तिलान, पुष्पाणि समर्पयामि बरूणाय नमः भो वरूण पूजितोसि क्षमस्व। प्रार्थना –

वरुणत्वं महाभाग सर्वकाम फलप्रद ।
वितते मम यज्ञोस्मिन् निर्विघ्नं कुरु सर्वदा ॥

सबै इच्छा गरेको फल दिने महापुरुष वरुणदेव यो मेरो पुजामा सधै विघ्न रहित गरिदिनु होस।

[च[गणेश पूजाः–

भो गणपते ईंह आगच्छ इह तिठ्ठ यावत पूजां करोमि तावत्वं सुस्थिरो भव सुप्रसन्नोभव वरदोभव आसनं, पाद्यं अर्घ्यं, पञ्चामृतं, शुद्धोदक स्नानं, इदं लेपनं चन्दनं, सिन्दूर अबीर चूर्णं अक्षतान यवान् तिलान् रक्त पुष्पाणी, दुर्वाङ्कुरं, फलं, मीदकं समर्पयामि श्री गणाधिपतये नमः भो गणपते पूजितोसि क्षमस्व भनि पूजा गरी धूप, द्वीप, नैवेद्य भेटी चडाउने ।

प्रार्थनाः–

वक्रतुण्डमहाकाय कोटि सूर्य समप्रभ ।
अविघ्नं कुरूमे देव सर्वकार्येषु सर्वदा ॥

CC-0. In Public Domain. Digitization by eGangotri

बाङ्गोसुड र ठूलो शरीर भएका कोटी सूर्य समान तेज भएका हे गणनाथ मेरो सम्पूर्ण कार्यमा सधैं निर्विघ्न गरिदिनु होस ।

गृहस्थीले पाञ्चायन देवताको सधैं पूजा गर्नु पर्दछ । गणेश, सूर्य, देवी, शिव, विष्णु यी ५ देवतालाई पाञ्चायन देवता भन्दछन् यी मध्ये एक देवतालाई मुख्य मानेर पूजा गर्ने चलन छ ।

(छ) पूजा गर्दा जागा गराउने मन्त्रः–

उत्तिष्ठोत्तिष्ठ भद्रन्ते उत्तिष्ठ जगदीश्वर ।
त्वयि उत्थायमानेतु उत्थितं भुवनत्रयम् ॥

हे भगवान हजुर जागा भै बक्स्योस र हजुरको कल्याण होस हजुर बिउझी बक्सेमा सबै जगत बिउझने छन् ।

(ज) आवाहन गर्ने मन्त्रः–

आगच्छ भगवन् बिष्णो स्वस्थानात्परमेश्वर ।
अहं पूजां करिष्यामि सदात्वं सम्मुखो भव ॥

हे परमेश्वर भगवान विष्णु हजुरको स्थानबाट यहाँ आउनु होस र सधैं मेरो सम्मुख हुनु होस म हजुरको पूजा गर्छु ।

(झ) आसन समर्पण गर्ने मन्त्रः–

नानारत्नसमायुक्तं कार्तस्वरविभूषितम् ।
आसनं देव देवेश गृहाण पुरुषोत्तम ॥

CC-0. In Public Domain. Digitization by eGangotri

बिभिन्न किसिका रत्न जडिएको सुवर्णको सिंहासनमा आई विराज मान होइ बक्सियोस हे प्रभु ।

(ञ) जल चढाउने मन्त्रः-

स्नानार्थं स्वच्छतोयानि गन्धपुष्पयुतानि च ।
पाद्यँ गृहाण देवेश भक्तानुग्रहकारक ॥

भक्तहरूमा अनुग्रह गर्ने हे देव स्वच्छ र श्री खण्ड पुष्पयुक्त जल चरण कमल पखाल्नाका निमित्त ग्रहण गर्नुहोस ।

(ट) अर्घजल चढाउने मन्त्रः-

अर्घ्यं तोयं समानीत गन्ध पुष्पादिवासितम् ।
अर्घ्यं गृहाण देवेश प्रीत्यर्थं मे सदा प्रभो ॥

म देखि खुसि हूनाको लागि हे देवेश गन्ध पुष्पादिले सुगन्धित अर्घको जल लिइ बक्सियोस ।

(ठ) पञ्चामृत स्नान गराउने मन्त्रः-

दधि दुग्धं मधु सर्पिः शर्करा च तथा प्रभो ।
समर्पयामि देवेश प्रीत्यर्थं प्रति गृह्यताम् ॥

हे देवेश दहि दूध मह घ्यू चिनी मिश्रित पञ्चामृत प्रेम साथ लिई बक्सियोस म भक्तिले चढांउँदछु ।

CC-0. In Public Domain. Digitization by eGangotri

(ड) स्नान गराउने मन्त्रः—

गङ्गा सरस्वती तापी पयोष्णी नर्मदार्कजा ।
तज्जलैः स्नापितो देव तेन शान्ति कुरूष्वमे ।।

शान्तिहोस भन्नाका लागि गङ्गा सरस्वती नर्मदा आदि विभिन्न गंगाको जलले स्नान गराउँदछु ।

(ढ) वस्त्रधारण गराउने मन्त्रः—

शीतवातोष्णत्राणं च परलज्जा निवारणम् ।
सुवेषं धारितं यस्माद्वाससी प्रति गृह्यताम् ।।

चिसो र तातोबाट रक्षा गर्ने लज्जानिवारण गर्न वस्त्र म चढाउँदछु, हजुर लिइ बक्सियोस ।

(ण) यज्ञो पवीत धारण गराउने मन्त्रः—

ब्रह्मणा निर्मितं सूत्रं विष्णु ग्रंथि समन्वितम् ।
ईदं यज्ञोपवीतं च गृह्यतां जगदीश्वर ।।

हे जगदीश्वर ब्रह्माद्वारा बनाईएको विष्णुरूपी ग्रंथीलेयुक्त भएको यज्ञोपवीत चढाउदछु धारणा गरि बक्सियोस ।

(त) गहना लगाई दिने मन्त्रः—

CC-0. In Public Domain. Digitization by eGangotri

किरीटं कुण्डलं हारं कंकणांगदनूपुरम् ।
नाना रत्न मयं त्वङ्गे भूषणं प्रति गृह्यताम् ।।

किरीट कुण्डल माला आदि गहनाहरूले सिगार्दछु हजुर लिई बक्सियोस ।

(थ) सौभाग्य द्रव्य अर्पण गर्ने:-

कज्जला दर्शतिलकान्कंकणं केशसाधनीम् ।
सिन्दूरं वेणिसूत्रं च सौभाग्यं प्रति गृह्यताम् ।।

गाजल ऐना टीका चूरा, कांगियो, सिन्दूर धागो आदि सौभाग्य द्रव्य लाई ग्रहण गर्नु होस ।

(द) चन्दन अर्पण गर्ने मन्त्र:-

मलया चल सम्भूतं शीत मानन्द बर्द्धनम् ।।
काश्मीर धनसाराढ्यं चन्दनं प्रतिगृह्यताम् ।।

शीतल आनन्द दिने मलयाचलबाट पैदा भएको कुंकुम र कर्पूर युक्त श्रीखण्ड चन्दन हजुरलाई समर्पण गर्दछु हजुरबाट ग्रहण गरियोस ।

(ध) सिन्दूर अर्पण गर्ने मन्त्र:-

CC-0. In Public Domain. Digitization by eGangotri

उद्यदादित्यसंकाशं स्त्रीणां सीमन्त भूषणम् ।
वीरालङ्करणं दिव्यं सिन्दूरं प्रतिगृह्यताम् ।।

उदाउन लागेका सूर्यको जस्तो कान्ति भएको स्त्रीहरूको सिउदोको भूषण भएको वीरहरूलाई सिगार्न उत्तम सिन्दूरलाई ग्रहण गर्नुहोस ।

(न) अवीर चढाउने मन्त्रः–

नाना परिमलद्रव्यै निर्मितं चूर्णमुत्तमम् ।
आरक्तनामकं दिव्यं गन्धिचारु प्रगृह्यताम् ।।

धेरै थरिका सुगन्ध बस्तुद्वारा बनाईएको अवीरनामको उत्तम सुगन्धि सुन्दर चूर्णलाई ग्रहण गर्नुहोस ।

(प) अक्षता अर्पण गर्ने मन्त्रः–

अक्षतांश्च सुर श्रेष्ट कुंकुमेन च रन्जितान् ।
मया निवेदितान् भक्त्या प्रीत्यर्थं प्रतिगृह्यताम् ।।

हे देव श्रेष्ठ कुंकुले रंगाईएका मैले भक्तिपूर्वक हजुरलाई खुसि गराउनका निमित्त अर्पण गरिएका अक्षताहरूलाई ग्रहण गर्नुहोस ।

(फ) जौतिल अर्पण गर्ने मन्त्रः–

धान्यराजान् सुमाङ्गल्यान् विष्णुप्रीतिकरान् यवान् ।
तिलान्मनो हरांश्चैवगृहाण पुरुषोत्तम ।।

CC-0. In Public Domain. Digitization by eGangotri

हे पुरुषोत्तम मङ्गल कारक विष्णुका प्रिय धान का राजा जौ र सुद्ध सुन्दर तिलहरूलाइ ग्रहण गर्नुहोस ।

(ब) तुलसी पत्र अर्पण गर्ने मन्त्रः-

भव मोक्षप्रदंरम्यं वृन्दावन सुशोभितम् ।
गृहाण तुलसीपत्रं रामनामसमन्वितम् ।।

संसारको बन्धनबाट छुटाइ दिने सुन्दर वृन्दावनलाई शोभित गराई दिने रामनामले युक्त तुलसीपत्रलाई ग्रहण गर्नुहोस ।

(भ) फूल समर्पण गर्ने मन्त्रः-

नानाविधानि पुष्पाणि ऋतुकालोद्भवानिच ।
मयार्पितानि सर्वाणि पूजार्थं प्रतिगृह्यताम् ।।

ऋतु अनुसार पाईने सबै किसिमका फूलहरू म हजुरलाई प्रेम पूर्वक समर्पण गर्दछु लिइ बक्सियोस ।

(म) धूप अर्पण गर्ने मन्त्रः-

वनस्पतिरसोद्भूतः सुगन्धाढ्यो मनोहर : ।
आघ्रेयः सर्व देवानां धूपोऽयं प्रतिगृह्यताम् ।।

नानासुगन्धले युक्त भएको मनोहर सबै देवताले रूचाउने धूप चढाउदछु लिई बक्सियोस ।

CC-0. In Public Domain. Digitization by eGangotri

(य) वत्ति अर्पण गर्ने मन्त्रः–

घृतवर्ति समायुक्तं वन्हि संयोजितं मया ।
दीपं गृहाण देवेश त्रैलोक्य तिमिरापहम् ।।

घिउ युक्त भई बालेको अन्धकार नाश गर्ने वत्ति चढाउदछु हजुर ग्रहण गरि बक्सियोस ।

(र) नैवेद्य अर्पण गर्ने मन्त्रः–

अन्नं चतुर्विधं स्वादु रसैःषड्भिः समन्वितम् ।।
भक्ष्यभोज्यसमायुक्तं नैवेद्यं प्रतिगृह्यताम् ।।

चुस्ने, पिउने चपाउने, चाट्ने चारै किसिमको, छ किसिमको रसले युक्त नैवेद्य अर्पण गर्दछु प्रेम पूर्वक ग्रहण गरि बक्सियोस ।

(ल) जल अर्पण गर्ने मन्त्रः–

गंगादि तीर्थादानीतं सुगन्धाढ्यं सुनिर्मलम् ।
पानार्थ मुदकं पुण्यं गृहाण जगदीश्वर ।।

गंगादि तीर्थबाट ल्याएको सुवासित निर्मल जल आचमनका लागि समर्पण गर्दछु लिई बक्सियोस ।

(व) पान मशला अर्पण गर्ने मन्त्रः–

पूगीफलं सताम्बूलं खादि रादि मनोहरम् ।
लवङ्गै लादि संयुक्तं ताम्बूलं प्रतिगृह्यताम् ।।

CC-0. In Public Domain. Digitization by eGangotri

सुपारी ल्वाङ, अलैंचि, सुकिमेल खयर आदिले मनोहर भएको पानलाइ ग्रहण गर्नुहोस ।

(श) भेटी चढाउने मन्त्रः–

न्यूनातिरिक्त पूजायाः सम्पूर्ण फल हेतवे ।
दक्षिणाद्रव्यमेतत्ते प्रीत्यर्थं प्रतिगृह्यताम् ।।

घटि र बढि भएका पूजाहरूको सम्पूर्ण फल प्राप्तिका निमित्त र देव प्रीतिका निमित्त यो दक्षिणा द्रब्यलाई ग्रहण गर्नु होस् ।

(ष) नीराजन अर्पण गर्ने मन्त्रः–

सुदीप्तं घृत कर्पूर पूरितं सप्त बर्तिकम् ।
आर्तिक्यं देव देवेश संगृहाण मयार्पितम् ।।

घिउ र कपूरले युक्त राम्रोसित बलेको बत्तिले आरति गरी हजुरमा अर्पण गर्दछु ।

(स) प्रदक्षिणा गर्ने मन्त्रः–

यानि कानि च पापानि ब्रह्म हत्या समानिच ।
तानि सर्वाणि नश्यन्तु प्रदक्षिण पदे पदे ।।

मैले जानि नजानि गरेको ब्रह्म हत्या समान पापहरू प्रदक्षिणाबाट नांस हुन् ।

4153
४१
डा. दिल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय

CC-0. In Public Domain. Digitization by eGangotri

(ह) यो मन्त्रले प्रार्थना गरि पुष्पाञ्जलि दिनेः–

यन्मया भक्ति योगेन पत्रं पुष्पं फलं जलम् ।
निवेदितं च नैवेद्य तद्गृहाणा नुकम्पया ।।

मैले भक्तिपूर्वक चढाएका पात फूल फल जल नैवेद्य आदि कृपापूर्वक हजुर लिइ बक्सियोस ।

(क्ष) अपराध क्षमा गर्न भन्ने मन्त्रः–

उपचारैः समस्तैस्तु यत्पूजा च मयाकृता ।
तत्सर्वं पूर्णतां यातु ह्यपराधं क्षमस्वमे ।।
अज्ञानाद्विस्मृते र्भ्रान्त्या न्यूनमधिकं कृतम् ।
तत्सर्वं क्षम्यतां देव प्रसीद परमेश्वर ।।

मैले पूजा गर्दा कुनै त्रुटि भएको भए अपूर्णको सम्पूर्ण गरी मेरो अपराधलाई क्षमा गरि बक्सियोस । अज्ञान बस अथवा बिर्सेर अथवा भ्रान्तिले जो न्यून वा अधिक भएको छ त्यसलाई हे परमेश्वर क्षमा गरि बक्सियोस प्रसन्न होइबक्सियोस ।

(त्र) सबै कार्य गरेको भगवानमा अर्पणः–

कायेन वाचा मनसेन्द्रियैर्वा,
बुध्यात्मनावा प्रकृतेः स्वभावात् ।

CC-0. In Public Domain. Digitization by eGangotri

करोमि यद्यत् सकलं परस्मै,

नारायणायेति समर्पयामि ॥

शरीर वचन मन इन्द्रिय बुद्धि आत्मा आदिले जे गरेको छु सो सबै नारायणलाई समर्पण गर्दछु ।

२३ तर्पण

पूर्व फर्केर–बाबु आमा हुनेले पनि तर्पण दिन हेने–

ॐ ब्रह्मादयो देवास्तृप्यन्ताम् । ॐ भूर्देवा स्तृप्यन्ताम् ॐ भुवर्देवा स्तृप्यन्ताम् । ॐ स्वर्देवा स्तृप्यन्ताम् । ॐ भूर्भुवः स्वर्देवतृप्यन्ताम् । ॐ सनकादि द्वैपायनादयः ऋषयस्तृप्यन्ताम् । ॐ भूऋर्षयस्तृप्यन्ताम् । ॐ भूव ऋर्षयस्तृप्यन्ताम् । ॐ स्वऋर्षयस्तृप्यन्ताम् । ॐ भूर्भुवः स्वऋर्षयस्तृप्यन्ताम् ।

अपसव्य भएर दक्षिण फर्केर बाबु नहुनेले आमा भए पनि तर्पण दिन हुनेः–

ॐ कव्यवाडनलादयो दिव्य पितरस्तृप्यन्ताम् । ॐ भूःपितरस्तृप्यन्ताम् । ॐ भुवः पितरस्तृप्यन्ताम् । ॐ स्वः पितरस्तृप्यन्ताम् । ओम भूर्भुवः स्वः पितरस्तृप्यन्ताम् ।

CC-0. In Public Domain. Digitization by eGangotri

२४ सूर्यलाई अर्घ दिदा भन्ने मन्त्र

एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते ।
अनुकंपय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ।।

हजार किरणले युक्त तेजः पुञ्जस्वरूप जगत्कापिता हे सूर्यनारायण यहाँ पाल्नु होस म माथि कृपा गर्नु होस र मैले भक्तिपूर्वक दिएको अर्घलाई ग्रहण गरि बक्सियोस ।

२५ पिपललाई जल चढाउँदा भन्ने मन्त्र

मूलतो ब्रह्म रूपाय मध्यतो विष्णुरूपिणे ।
अग्रतः शिव रूपाय अश्वत्थाय नमोनमः ।।

मूलमा ब्रह्मरूप बीचमा विष्णु रूप टुप्पामा शिवरूप भएका पिपललाई नमस्कार गर्दछु ।

२६ पिपलको प्रार्थना

अश्वत्थ यस्मिन्त्वयि वृक्षराजे,

CC-0. In Public Domain. Digitization by eGangotri

नारायणस्तिष्ठति सर्वकाले ।

... परलोकमा पनि मलाई कल्याण प्रदान गर्नु होस ।।२।।

CC-0. In Public Domain. Digitization by eGangotri

२४ सूर्यलाई अर्घ दिदा भन्ने मन्त्र

एहि सूर्य सहस्रांशो तेजोराशे

CC-0. In Public Domain. Digitization by eGangotri

नारायणस्तिष्ठति सर्वकाले ।

अतः श्रुतस्त्वम सततं तरूणां,

धन्योऽसि चारिष्टविनाशकोऽसि ॥

हे वृक्षराज जुन तपाईमा भगवान् नारायण सधैं नै निवास गर्नु हुन्छ रूखहरूका मालिक तपाइको प्रार्थना गर्नाले सम्पूर्ण वाधाहरू नाश हुन्छन यस कारणले हजुर धन्य हुनु हुन्छ ।

२७ गो पूजा तथा गाईको प्रार्थना

कपिले सर्वदेवानां पूजनीयासि रोहिणि ।

तीर्थदेवमयि यस्मादतः शान्ति प्रयच्छमे ।१।

गवामङ्गेषु तिष्ठन्ति भुवनानि चतुर्दश ।

यस्मात् तस्मात् शिवं मे स्यादिहलोके परत्र च ।२।

हेकपिले हेरोहिणी तपाई सम्पूर्ण देवताहरूले पूजिने हुनु हुन्छ त्यस कारण मलाई शान्ति प्रधान गर्नु होस ।।१।। हे गोमाता हजुरका अङ्गहरूमा विश्वका जतिपनि देवताहरू छन ती सबै र चौध भुवन पनि रहेका छन अतः यस लोक र परलोकमा पनि मलाई कल्याण प्रदान गर्नु होस ।।२।।

CC-0. In Public Domain. Digitization by eGangotri

२८ गणेश स्तोत्र पाठः–

श्री गणेशाय नमः / नारद उवाच । प्रणम्य शिरसा देवं गौरीपुत्रं विनायकम् । भक्त्यायः संस्मरेन्नित्य मायुःकामार्थसिद्धये /१/ प्रथमं वक्रतुण्डं च एक दन्तं द्वितीयकम् । तृतीयं कृष्ण पिङ्गाक्षं गज वक्त्रं चतुर्थकम् /२/ लम्बोदरं पञ्चमं च षष्टं विकटमेव च । सप्तमं विघ्नराजं च धूम्र वर्णं तथाष्टकम् /३/ नवमं भालचन्द्रं च दशमंतु विनायकम् । एकादशं गणपतिं द्वादशंतु गजाननम् /४/ द्वादशै तानि नामानि त्रिसन्ध्यं यः पठेन्नरः । नच विघ्नभयं तस्य सर्वंसिद्धि करं प्रभो /५/ विद्यार्थी लभते विद्यां धनार्थी लभते धनम् । पुत्रार्थी लभते पुत्रान्मोक्षार्थी लभते गतिम् /६/ जपेद्गणपतिस्त्रोत्रं भक्तियुक्तेन चेतसा । सम्वत्सरेण सिद्धिं च लभते नात्र संशयः /७/ अष्टाभ्यो ब्राह्मणेभ्यश्च लिखित्वा यः समर्पयेत् । तस्य विद्या भवेत्सर्वा गणेशस्य प्रसादतः /८/ इति संकष्ट नाशन गणपति स्त्रोत्रं समाप्तम ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री गणेशलाइ नमस्कार नारदले भन्नुभयो–चिरायु हुन र इच्छा सिद्धि तथा धन प्राप्तिका निमित्त पार्वतीपुत्र गणेशलाइ शिरले ढोगेर भक्तिपूर्वक सधैं उनलाइ संझोस् ।।१।। गणेशको पहिलोनाम वक्रतुण्ड (वाङ्गोमुख हुने) दोश्रोनाम एकदन्त (एक दाँते) तेश्रोनाम कृष्णपिङ्गाक्ष (कालो र कहिलो आँखा हुने) चारौं नाम गजवक्त्र (हात्तीमुखे) ।।२।। पाँचौनाम लम्बोदर (लामो पेट हुने) छैटोनाम विकट (शंकरलाई पार गर्ने) सातौं विघ्नराज (विघ्ननाश गर्न अतिचतुर) आठौं धूम्रवर्ण (ध्वासे रङका) ।।३।। नवौं भालचन्द्र (निधारमा चन्द्र भएका) दशौं विनायक (ठूलो-नेता) एघारौं गणपति (गणकामालिक) बाह्रौं गजानन (हात्तीमुखा) ।।४।। जुन मानिसले यी १२ नामलाई तीनै सन्ध्यामा पाठ गर्दछ भने त्यसलाई विघ्नवाधा पर्दैन सर्वसिद्धि प्राप्त हुन्छ ।।५।। विद्या चाहनेले विद्या धन चाहनेले धन पुत्र चाहनेले पुत्र मोक्ष चाहनेले मोक्ष पाउँदछ ।।६।। भक्तियुक्त चित्तभएर गणपतिको स्तोत्र पाठ गरेमा एक वर्षमै सिद्धि प्राप्त हुन्छ यसमा सन्देह छैन ।।७।। यो गणपति स्तोत्र आफैंलेखेर आठ व्राह्मणलाई समर्पण गरेमा गणेश प्रसन्न भई त्यसले सबै विद्या पाउँदछ ।८।

२९ सूर्य स्तोत्र पाठः-

श्री गणेशायनमः । साम्बउवाच । आदि देव नमस्तुभ्यं प्रसीद मम भास्कर । दिवाकर नमस्तुभ्यं प्रभाकर

CC-0. In Public Domain. Digitization by eGangotri

नमोस्तुते /१/ सप्ताश्वरथमारूढं प्रचण्डं कश्यपात्मजम् । श्वेतपद्मधरं देवं तं सूर्यं प्रणमाम्यहम् /२/ लोहितं रथमारूढं सर्वलोक पितामहम् । महापापहरं देवं तं सूर्यं प्रणमाम्यहम्/३/ त्रैगुण्यं च महाशूरं ब्रह्म विष्णु-महेश्वरम् । महापापहरंदेवं तं सूर्यं प्रणमाम्यहम् /४/ बृंहितं तेजः पुञ्जं च वायुराकाशमेव च । प्रभुस्त्वं सर्वलोकानां तं सूर्यं प्रणमाम्यहम् /५/बन्धूक पुष्पसं-काशं हारकुण्डलभूषितम् । एकचक्रधरं देवं तं सूर्यं प्रणमाम्यहम् /६/ तं सूर्यं विश्वकर्तारं महातेजः प्रदीपनम् । महापाप हरं देवं तं सूर्यं प्रणमाम्यहम् /७/ तं सूर्यं जगतांनाथं ज्ञानविज्ञान मोक्षदम् । महापाप हरं देवं तं सूर्यं प्रणमाम्यहम् ।८। सूर्याष्टकं पठेन्नित्यं ग्रह पीडाप्रणाशनम् । अपुत्रोलभते पुत्रं दरिद्रो धनवान्भवेत ।९। आमियं मधुपानं चः यः करोति रवेर्दिने । सप्त जन्म भवेद्रोगी जन्मजन्मद-रिद्रता ।१०। स्त्रीतैलमधु माँसानि यस्त्यजेन्त्तु रवेर्दिने । नव्याधिशोकदारिद्र्यं सूर्यलोकं स गच्छति ।११। ईति शिव प्रोक्तं सूर्याष्टकं समाप्तम् ।

शिवजीले भनुभयो ॥ हे आदिदेव हजुरलाई नमस्कार छ । हे भास्कर म देखि प्रसन्न हुनुहोस हे दिवाकर हे प्रभाकर हजुरलाइ नमस्कार छ ॥१॥ सातघोडे रथमा चढेका कश्यपका पुत्र सेतो कमल लिने प्रचण्ड स्वरूप हे

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यनारायण म हजुरलाइ साष्टाङ्ग प्रणाम गर्दछु ।।२।। रक्तवर्ण रथमा चढेका सबैका पितामह महापापहारी सूर्यनारायणलाई म प्रणाम गर्दछु ।।३।। सत्व रज तम त्रिगुणयुक्त महावीर ब्रह्मा विष्णु महेश्वर स्वरूप महापाप समेत नास गर्ने हजुरलाइ नमस्कार गर्दछु ।।४।। बढेको तेजः पुञ्ज तथा वायु र आकाश स्वरूप भएका सर्वलोक स्वामी हजुरलाइ नमकार गर्दछु ।।५।। दो पहरिया फूलजस्तो स्वरूप भएका हार कुण्डलले सुशोभित एक चक्रधारी हजुरलाइ प्रणाम गर्दछु ।।६।। संसार सृष्टिकारक महातेजका उद्दीपक महापापहारी सूर्यनारायणलाइ नमस्कार गर्दछू ।।७।। जगत्कामालिक्ष ज्ञान बिज्ञान र मोक्ष समेत दिने ठूल ठूला पापलाइ नाश गर्ने हजुरलाइ प्रमाण छ ।।८।। ग्रह पीडा नाश गर्ने यो सूर्याष्टकलाइ सधै पाठ गऱ्यो भने अपुत्रले पुत्र र दरिद्रले धन पाउदछ ।।९।। आदित्यबारमा आमिष खाने मद्यपान गर्ने मानिस सातजन्म सम्म रोगी र धेरै जन्मसम्म दरिद्र हुन्छ ।।१०।। आदित्यवारमा स्त्री तेल मद्य मांसलाई जसले त्यागदछ, त्यो रोगी दरिद्री र शोक युक्त नभई अन्त्यमा सूर्यलोक पुग्दछ ।

३० अथ देवी स्तोत्र पाठः-

श्री गणेशायनमः ।। न मन्त्रंनो यन्त्रं तदपि च न जाने स्तुतिमहो, न चाव्हानं ध्यानं तदपि च नजाने स्तुतिकथाः ।। नजाने मुद्रास्ते तदपि च न जाने विलपनं परंजाने

CC-0. In Public Domain. Digitization by eGangotri

मातस्त्वदनुसरणं क्लेशहरणम् ।१। विधेरज्ञानेन द्रविणविरहेणाऽलसतया, विधेयाशक्यत्वात्तव चरणयोर्या च्युतिरभूत ।। तदेतत्क्षन्तव्यं जननि सकलोद्धारिणि शिवे, कुपुत्रो जायेत क्वचिदपि कुमाता नभवति ।२। पृथिव्यां पुत्रास्ते जननि बहवः सन्ति सरलाः परं तेषां मध्ये विरलतरलोऽहं तवसुतः । मदीयोऽयं त्यागः समुचितमिदं नो तव शिवे कुपुत्रो जायेत क्वचिदपि कुमाता नभवति ।३। जगन्मातर्मातस्तव चरणसेवा नरचिता न वा दत्तं देवि द्रविणमपि भूयस्तव मया । तथाऽपि त्वं स्नेहं मपि निरूपमं यत्प्रकुरूषे कुपुत्रो जायेत क्वचिदपि कुमाता नभवति ।४। परित्यक्त्वा देवा न्विविधविधिसेवाकुल तया मयापञ्चाशितेरधिकमपनीते तुवयसि । ईदानीं चेन्मातस्तव यदि कृपा नाऽपि भविता निरालम्बोलम्बोदरजननि कं यामि शरणम् ।५। श्वपाको जल्पाको भवति मधुपाकोपमगिरा निरातङ्को रङ्को विहरति चिरं कोटिकनकैः । तवापर्णे कर्णे बिशति मनुवर्णे फलमिदं जनः को जानीते जननि जपनीयं जपविधौ ।६। चिताभस्मालेपो गरलमशनं दिक्पटधरो, जटाधारी कण्ठे भुजगपतिहारी पशुपतिः । कपाली भूतेशो भजति जगदीशैकपदवीं भवानि त्वत्पाणिग्रहणपरिपाटी फलमिदम् ।७। न मोक्षस्याकाङ्क्षा न च विभववाञ्छापि च न मे,

CC-0. In Public Domain. Digitization by eGangotri

न विज्ञानापेक्षा शशिमुखि सुखे चछापि न पुनः। अतस्त्वां संयाचे जननि जननं यातु मम वै, मृडानि रुद्राणि शिव शिव भवानीति जपतः ।८। नाराधितासि विधिना विविधोपचारैः, किं रूक्षचिन्तनपरैन कृतं वचोभिः । श्यामे त्यमेव यदि किंचन मय्यनाथे धत्से कृपामुचितमम्ब परं तवैव ।९। आपत्सु मग्नः स्मरणं त्वदीयं करोमि दुर्गे करूणार्णवे शिवे । नैतच्छठत्वं मम भावयेथाः क्षुधातृषार्ता जननीं स्मरन्ति ।१०। जगदम्ब विचित्रमत्र किं परिपूर्णा करूणाऽस्ति चेन्मयि । अपराधपरंपरावृतं नहि माता समुपेक्षते सुतम् ।११। मत्समः पातकी नास्ति पापघ्नी त्वत्समा नहि । एवंज्ञात्वा महादेवि यथा योग्यं तथा कुरु ।१२। इति श्री मत्परमहंसपरिब्राजकाचार्यवर्य श्री मच्छंकराचार्य बिरचितं देव्यपराधक्षमापनस्तोत्रं सम्पूर्णम् ।

हे भगवती जगदम्बिके माता मँ मन्त्र, यन्त्र, स्तुति आराधना, ध्यान स्तुति कथा कुनै कुरा पनि जान्दिन त्यस्तै मुद्रा प्रदर्शन र विलाप गर्न पनि नाम्न्दिन, खाली दुःख नास गर्ने हजुरको पछि लाग्न जान्दछु ॥१॥ हे आमा भगवति दुर्भाग्यवश अज्ञानवश दरिद्रतावश अथवा अल्छी भएर गर्न पर्ने कर्तव्य गर्न नसकेर हजुरको चरण कमलको आराधनामा लाग्न सकिन यो मेरो अपराधलाई क्षमागरि दिनु होस सारा मनुष्यको उद्धार गर्ने हे जननी संसारमा कुपुत्र त जन्मला तर कुमाता चाहीं कहीं पनि हुदैनन् ॥२॥ हे जननी संसारमा हजुरका सन्तानहरू धेरै सिधासाधा सज्जन छन् तर ती

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तानहरू मध्येको म एक दीन हीन छु । यस्तो मलाई आमा हजुरले त्याग गर्नु योग्य हुने छैन किन भने कुपुत्र त जन्मछन् तर कुमाता जन्मदैनन् । अर्थात जस्तै मूर्ख भए पनि आमाहरूले छोरालाई प्रेम नै गर्दछन् ।।३।। हे जगन्माता माताजी मैले हजुरको चरण सेवा कहिल्यै पनि गरिन, मैले तपाईको निमित्त प्रशस्त संपत्ति खर्च पनि गरिन । त्यसो भए पनि हजुरले मलाई यति माया गर्नु हुन्छ भनेर भन्न सक्तिन ठीकै हो कुपुत जन्मला तर कुमाता जन्मिन्नन् ।४। अनेक प्रकारका विषयवासना मा आसक्त भएर देव सेवालाई वास्ता नगरी भोग विलास मानै लागेर पचासी वर्ष बिताई सकें । हे आमा यस्तो हालतमा हजुरबाट कृपा गरि बक्सिन्न भने असहाय म कसको शरणमा जाउँ ।।५।। हे अर्पणा भगवती तपाई को मन्त्र कानमा पसेपछि हीन जातिको केही नजान्ने मानिस भएपनि महको पाकलाई माथ गर्ने मधुर वाणीले प्रशस्त प्रवचन गर्न समर्थ हुन्छ । भीखमङ्गा मागने पनि हजुरको दया भएपछि हजारौं असर्फी खेलाउन सक्ने भइ विहार गर्ने हुन्छ । यस्ती हजुरको जप विधिमा जपनु पर्ने कुरा को जान्दछ ।।६।। हे भवानी हजुरका साथ विवाह गरेको हुनाले चिताको खरानी घस्ने बिष खाने नाङ्गै बस्ने जटा पाल्ने घाँटीमा सर्प बेर्ने खप्परू हातमा लिने पशुका मालिक भूतका स्वामी शिवजीले पनि जगदिश (जगतका मालिक) भन्ने पदवी पाउनु भएको छ ।।७।। हे जननि मलाई न मोक्षको चाहना छ, न सम्पतिको लालचा छ, न बिज्ञान कै अपेक्षा छ, न सुखकै इच्छा छ । यस कारण म हजुर सित यो कुरा माग्दछु कित हे मृडानि हेरुद्राणि हे शिव हे भवानि भनि जप्तै मेरो जन्म बितोस ।।८।। विधिपूर्वक षोडशोपचार आदि द्वारा हजुरको पूजा आराधना मैले गरिन, दुर्भावना युक्त वचनद्वारा हजुरलाई मैले के भनिन । यस्तो मलाइ पनि अनाथ संझेर कृपा गर्नु हुन्छ भने श्यामवर्णा हे अम्बिके यो हजुरलाई मात्र सुहाउने कुरा हो । दयाकी समुन्द्र भएकी हे भगवति दुर्गे आपतमा परेको स्मरण गर्दछु

CC-0. In Public Domain. Digitization by eGangotri

यस कुरामा मलाई धूर्त भनेर नठान्नु होस किन भने तीर्खलि अतालिएका सन्तानहरू आमालाई सम्झन्छन् ।।१०।। हे जगदम्बिके म उपर हजुरको असीन दया छ भन्ने विषयमा केही आश्चर्य मान्नु पर्ने कुरा छैन। किन भने आमा प्रशस्त अपराध गरि सकेको छोरालाई पनि अनास्था गर्दिनन् ।।११।। म जस्तो पातकी संसारमा कुनै पनि छैन, हजुर जस्तो पापीको पाप नाश गर्ने अरू कोहि छैन, हे महा देवी यो कुरा बुझेर जुन कुरा योग्य ठहराइ बक्सिन्छ त्यसै गरि बक्सियोस ।।१२।।

३१ अथ अच्युताष्टक प्रारम्भः-

श्री गणेशायनमः ।। अच्युताच्युत हरे परमात्मन् राम कृष्ण पुरूषोत्तम विष्णो। वासुदेव भगवन्ननिरूद्ध श्रीपते शमय दुःखमशेषम् ।१। विश्वमङ्गल बिभो जगदीश नन्दनन्दन नृसिंह नरेन्द्र। मुक्तिदायक मुकुन्द मुरारे श्रीपते शमय दुःखमशेषम् ।२। रामचन्द्र रघुनायक देव दीननाथ दुरितक्षयकारिन्। यादवेन्द्र यदुभूषण यज्ञ श्रीपते शमय दुखमशेषम् ।३। देवकीतनय दुःख दवाग्ने राधिकारमण रम्यसुमूर्ते। दुःखमोचन दयार्णव नाथ श्रीपते शमय दुःखमशेषम् ।४। गोपिकावदन चन्द्र चकोर नित्य निर्गुण निरञ्जन विष्णो। पूर्णरूप जय शंकर शर्व श्रीपते शमय दुःखमशेषम् ।५। गोकुलेश

CC-0. In Public Domain. Digitization by eGangotri

गिरिधारण धीर यमुनाच्छतटखेलन वीर । नारदा दि-
मुनि वन्दितपाद श्रीपते शमय दुःखमशेषम् ।६। द्वार
काधिस दुरन्तगुणाब्धे प्राणनाथ परिपूर्ण भवारे । ज्ञान
गम्य गुणसागर ब्रह्मन् श्रीपते शमय दुःखमशेषम् ।७।
दुष्ट निर्दलन देव दयालो पद्मनाभ धरणीधरधारिन् ।
रावणान्तक रमेश मुरारे श्रीपते शमय दुःखमशेषम् ।८।
अच्युताष्टकमिदं रमणीयं निर्मितं भवभयं विनिहन्तुम् ।
यः पठेद्विषयवृत्तिनिवृत्तिर्जन्मदुःखमखिलं संजहाति ।९।
ईति श्री शंकराचार्य विरचित्तमच्युताष्टक स्त्रोत्रं
समाप्तम् ।।।

हे अच्युत हे हरि हे परमात्मा हे राम हे कृष्ण हे पुरुषोत्तम हे बिष्णु हे वासु देव हे भगवान हे अनिरूद्ध हे लक्ष्मीपति सारा दुःख नाश गरि दिनोस ।।१।। हे विश्वमङ्गलकारक हे ब्यापक हे जगदीश हे नन्दपुत्र हे नृसिंह हे नरेन्द्र हे मुक्तिदाता हे मुकुन्द हे मुरारि हे लक्ष्मीपति सारा दुःख नाश गरिदिनु हबोस ।।२।। हे रामचन्द्र हे रघुनाथ हे देव हे परिद्ररक्षक हे पापनाशक हे यादवेन्द्र (यदुवंशनायक) हे यदुभूवण (यदुकुल अलङ्कार) हे यज्ञ हे विष्णु सारा दुःख नाश गरिदिनु होस ।।३।। हे देवकी पुत्र हे दुःखनाशक हे राधिका-रमण हे सुन्दर हे सुरूप हे दुःखमोचन (आपत्तिवाशक) हे दया सागर हे मालिक हे विष्णु सबै दुःख हटाउनुहोस ।।४।। गोपिनीका मुखरूपि चन्द्र-माको चखेवा भएका हे नित्य (अविनाशी) हे निर्गुण (गुणरहित) हे निर-ञ्जन (रूपरहित) हे जयशील हे पूर्ण जयशङ्कर हे शिव हे विष्णु सबै दुःख हरण गर्नु होस ।।५।। हे गोकुलपति हे पर्वतधारी हे यमुनाको निर्मल किना-रमा खेल्न सिपालु नारद आदि मुनिहरूले पाद सेवन गरेका हे लक्ष्मीपत्ति

CC-0. In Public Domain. Digitization by eGangotri

सबै दुःख नाश गर्नु होस ।।६।। हे द्वारकानाथ हे अनन्तगुण युक्त हे प्राणनाथ हे परिपूर्ण हे भवशत्रु हे ज्ञानगम्य हे गुणसागर हे ब्रह्म हे लक्ष्मीपति सारा दुःख नास गर्नु होस ।।७।। हे दुष्टनाशक हे देव हे दयालु हे पद्मनाभ (नाभिमा कमल भएका) हे धरणीधर (पृथ्वीलाई धारण गर्ने) हे धीमान (बुद्धियुक्त) हे रावण नाशक हे लक्ष्मीपति हे मुरारि हे विष्णु सबै दुःखहरू नाश गर्नु हुओस ।।८।। संसारका सबै दुःख नाश गर्ना का निमित्त यो सुन्दर अच्युताष्टक स्तोत्र बनाएको छ । जसले विषय बासनाबाट हटेर यो स्तोत्र पाठ गर्दछ भने त्यसका सबै दुःखहरू नाश हुन्छन ।।९।।

३२ शिव स्तोत्र पाठः

श्री गणेशायनमः ।। नागेन्द्रहाराय त्रिलोचनाय भस्माङ्गरागाय महेश्वराय । नित्याय शुद्धाय दिगम्बराय तस्मै नकाराय नमः शिवाय ।१। मन्दाकिनी सलिलचन्दन र्चाचिताय नन्दीश्वर प्रथम नाथमहेंश्वराय । मन्दारपुष्प वहुपुष्प सुपूजिताय तस्मै मकाराय नमः शिवाय ।२। शिवाय गौरी वदनाब्जवृन्दसूर्याय दक्षाध्वरनाशकाय । श्री नीलकण्ठाय वृषध्वजाय तस्मै शकाराय नमः शिवाय ।३। वसिष्ठकुम्भोद्भवगौतमार्यमुनीन्द्रदेवार्चितशेखराय । चन्द्रार्कवैश्वानरलोचनाय तस्मै वकाराय नमः शिवाय ।४। यक्षस्वरूपाय जटाधराय पिनाकहस्ताय

CC-0. In Public Domain. Digitization by eGangotri

सनातनाय । दिव्याय देवाय दिगम्बराय तस्मै यकाराय नमः शिवाय ।५। पञ्चाक्षरमिदं पुण्यं य पठेच्छिवसंनिधौ । शिवलोकमवाप्नोति शिवेन सह मोदते ।६।

इति शिवपञ्चाक्षर स्तोत्रं समाप्तम् ।

बासुकिनागको हारलगाएका तीन आँखा भएका आंङमा खरानी दलेका नित्यशुद्ध दिशानै वस्त्र भएका अर्थात नङ्गा नकार स्वरूप महादेवलाइ नमस्कार छ ॥१॥ मन्दाकिनी (आकाश गङ्गा) को जल र श्रीखण्ड चन्दनले सुशोभित नन्दी र प्रथम गणको मालिक मन्दार पारिजात आदि धेरै फूलले सुपूजित मकार स्वरूप शिवलाई नमस्कार छ ॥२॥ पार्वतीको मुखरूपि कमल समुदायका निमित्त सूर्य स्वरूप भएका दक्ष प्रजापतिको यज्ञ विध्वंस गर्ने नीलघाँटी र सांढे ध्वजामा भएका शकार स्वरूप शिवजीलाइ नमस्कार गर्दछु ॥३॥ वसिष्ठ अगस्त्य गौतमादि श्रेष्ठ मुनिहरूले र देवताहरूले पूजा गरेका चन्द्र सूर्य अग्नि यी ३ नेत्र भएका वकार स्वरूप शिवलाइ नमस्कार गर्दछु ॥४॥ यक्षस्वरूप जटाधारी पिनाकधनु हातमा लिएका नित्य दिव्य दिगम्बर (नङ्गा) यकार स्वरूप शिवजीलाइ नमस्कार गर्दछु ॥५॥ जसले यो शिव पञ्चाक्षर स्तोत्र शिवजीका नजिकमा पाठ गर्दछ त्यो शिवलोक पुगेर शिवजीकासाथ आनन्दले रहन्छ ॥६॥

CC-0. In Public Domain. Digitization by eGangotri

३३ अथ सरस्वती स्तोत्र प्रारम्भः

श्री गणेशायनमः ।। श्री सरस्वत्यै नमः ।। सरस्वती मयादृष्टा वीणापुस्तक धारिणी । हँसवाहनसंयुक्ता विद्या दानं करोतुमे ।१। प्रथमं भारती नाम द्वितीयं च सरस्वती । तृतीयं शारदादेवी चतुर्थं हंसवाहिनी ।२। पंचमन्तु जगन्माता षष्ठंवागीश्वरीतथा । सप्तमं चैव कौमारी चाष्टमं वरदायिनी ।६। नवमं बुद्धिदात्री च दशमं ब्रह्मचारिणी । एकादशं चन्द्रघण्टा द्वादशं भुवनेश्वरी ।४। द्वादशैतानि नामानि त्रिसन्ध्यं यः पठे-न्नरः । जिव्हाग्रे वसते तस्य ब्रह्मरूपा सरस्वती ।५।

इतिश्री सरस्वती स्तोत्रं समाप्तम् ।।

श्री गणेशलाई नमस्कार । श्री सरस्वतीलाई नमस्कार । वीणा पुस्तक हातमा लिनु भएकी हांस बाहन भऐकी सरस्वतीको मैले दर्शन पाएँ, हे सरस्वती मलाई बिद्या दान गर्नु होस ।।१।। सरस्वतीको पहिलो नाम भारती दोश्रोनाम सरस्वती तेश्रो नाम शारदादेवी चारौनाम हंसबाहिनी ।।२।। पांचो नाम जगन्माता छैठौनाम बागीश्वरी [बोलीको देवता] सातौं नाम कौमारी आठौनाम बरदायिनी [ईच्छा भएको बस्तु दिने] ।३।। नवौनाम बुद्धिदात्री (बुद्धिदिने) दशौं नाम ब्रह्मचारिणी एघारौं नाम चन्द्र घण्टा बारौं नाम भुवनेश्वरी ।।४।। जुन मानिसले सरस्वतीका यी बाह्र नाम तीनै सन्ध्यामा सधै पाठ गर्दछ । त्यसको जिव्राको टुप्पामा ब्रह्मरूप सरस्वती बास गर्नु हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

३४ अथ दुर्गा स्तोत्र प्रारम्भः

महिषघ्नि महामाये चण्डमुण्ड बिनाशिनी ।
द्रब्यमारोग्यबिजयं देहि देवि नमः सदा ।१।
भूतप्रेतपिशाचेभ्यो रक्षोभ्यश्च महेश्वरि ।
देवेभ्योमानुषेभ्यश्चमयेभ्यो रक्ष मां सदा ।२।
रुपं देहि जयं देहि भगं भवति देहिमे ।
पुत्रान् देहि धनं देहि सर्वान् कामाँश्च देहि मे ।३।
शरणागतदीनार्त परित्राण परायणे ।
सर्वस्यार्तिहरे देवि नारायणि नमोऽस्तुते ।४।

महिषासुर र चण्ड, मुण्ड, दैत्यहरूलाई नास गर्ने हे दुर्गा भगबती देवी धन आरोग्य बिजय दिनुहोस् हजुरलाई सदा नमस्कार छ ।।१।।हे महेश्वरी (ठूलीदेवी) भूत प्रेत पिशाच राक्षस देबता मानिस सबै देखि हुने भयबाट मलाई सधै रक्षा गर्नु होस ।।२।। हे दुर्गा भगबती देवी सौन्दर्य जय कीर्ति पुत्र सम्पति मलाई दिनु होस मनोकामनाहरूपनि पूर्ण गरि दिनु होस ।।३।। हे देवी नारायणी शरणमा परेका दीन दुःखीहरूको रक्षा गर्न तत्पर हुने सबैको दुःखहरू नासगरि दिने हजुरलाई नमस्कार छ ।।४।।

३५ अथ महालक्ष्मी स्तोत्र आरम्भः

क्षीरोदार्णवसंभूते कमले कमलालये ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयच्छ सर्वकामान् मे विष्णु वक्षस्थलाश्रये ।१।
पुत्रान्देहि धनं देहि देहिसौभाग्यमुत्तमम् ।
कुरू श्रियं महालक्ष्मि ह्यलक्ष्मी त्वाशु नाशय ।२।
विष्णो र्वक्षसि पद्मे च शङ्खे चक्रे तथाम्बरे ।
लक्ष्मिदेवि यथाऽसित्वं मयि नित्यं तथा भव ।३।
नमस्ते सर्वदेवानां बरदाऽसि हरि प्रिया ।
या गतिस्त्वत्प्रपन्नानां सा मे भूयात त्वदर्चनात् ।४।

क्षीर समुन्द्रबाट पैदा भएकी कमल आसन हुने विष्णुको वक्षः स्थलमा रहने हे महालक्ष्मी देवी मेरा सबै कामनाहरू पूरा गरि दिनु होस ।।१।। हे महालक्ष्मी देवी पुत्र धन उतम सौभाग्य दिनु होस सम्पति पनि दिनु होस अलक्ष्मी (अलच्छिन) लाई चाडै नास गरि दिनु होस ।।२।। हे महा लक्ष्मी देवी विष्णुको छातीमा कमलमा शङ्खमा चक्रमा त्यस्तै आकाशमा जसरी हजुर सधै विराजमान हुनुहुन्छ त्यसरी नै म मा पनि सधै राज हुनु होस ।।३।। बिष्णु भगवानकी प्रिया भएकी हे महालक्ष्मी सबै देवताहरूको कामनापूर्ण गरि दिने हजुरलाई नमस्कार छ हजुरको शरणमा पर्ने मानिस हरूको जुन गति हुन्छ हजुरको पुजा गर्ने मेरो पनि त्यही गति होस ।।४।।

३६ अथ नव ग्रह स्तोत्र प्रारम्भः

श्री गणेशायनमः ।। जपाकुसुमसंकाशं काश्यपेयं महाद्युतिम् । तमोरिं सर्व पापघ्नं प्रणतोऽस्मि दिवाकरम् ।१। दधिशङ्ख तुषाराभं क्षीरोदार्ण वसंभवम्

CC-0. In Public Domain. Digitization by eGangotri

नमामि शशिनं सोमं शंभोर्मुकुट भूषणम् ।२। धरणी-गर्भसम्भूतं विद्युत्कान्तिसम प्रभम् । कुमारं शक्तिहस्तं तं मङ्गलं प्रणमाम्यहम् ।३। प्रियङ्गुकलिकाश्यामं रूपेणाप्रतिमं बुधम् । सौम्यं सौम्य गुणो पेतं तं बुधं प्रणमाम्यहम् ।४। देवानांच ऋषीणांच गुरुं काञ्चन सन्निभम् । बुद्धिभूतं त्रिलोकेशं तं नमामि बृहस्पतिम् ।५। हिम कुन्द मृणालाभं दैत्यानां परमं गुरुम् । सर्व शास्त्रप्रवक्तारं भार्गवम् प्रणमाम्यहम् ।६। नीलाञ्जन-समाभासं रवि पुत्रं यमा ग्रजम् । छाया मार्तण्डसम्भूतं तं नमामि शनैश्चरम् ।७। अर्धकायं महा वीर्यं चन्द्रा-दित्यविमर्दनम् । सिंहिका गर्भसंभूतं तं राहुं प्रणमाम्य-हम् ।८। पलास पुष्प सङ्काशं तारका ग्रह मस्तकम् । रौद्रं रौद्रात्मकं घोरं तं केतुं प्रणमाम्यहम् ।९। इति व्यास मुखोद्गीतं यः पठेत् सुसमाहितः । दिवा वा यदि वा रात्रौ विघ्न शान्ति र्भविष्यति ।१०। नरनारी नृपाणां च भवेद् दुःस्वप्न नाशनम् । ऐश्वर्यमतुलं तेषामारोग्यं पुष्टिवर्धनम् ।११। ग्रहनक्षत्रजाः पीडास्तस्कराग्निसमुद्-भवाः । ताः सर्वाः प्रसमं यान्ति व्यासो ब्रूते नसंशयः ।१२। ईति श्रीव्यास विरचितं नवग्रहस्तोत्रं सम्पूर्णम् ।

जपाकुसुम फूलको जस्तो कान्ति भएका कस्यप ऋषिका पुत्र प्रशस्त तेजिला अन्धकारलाइ नाश गर्ने सबै पाप नाश गर्ने सूर्यनारायणलाई नम-

CC-0. In Public Domain. Digitization by eGangotri

स्कार गर्दछु ।।१।। दहि शङ्ख तुसारो जस्तो सेता क्षीर समुद्रबाट निस्केका खरायो युक्त शिवजीको मुकुटको भूषणभएका चन्द्रमालाई नमस्कार गर्दछु ।।२।। पृथ्वीको गर्भबाट पैदा भएका विजुलीको कान्ति जस्तो कान्ति भएका हातमा शक्ति लिएका कुमार स्वरूप मङ्गल ग्रहलाइ म नमस्कार गर्दछु ।।३।। कागनुको कोपीला जस्तो श्याम वर्ण भएका ज्यादै सुन्दर बिद्वान चन्द्र जस्ता आनन्द कारक सौम्य गुणले युक्त बुध ग्रहलाई म नमस्कार गर्दछु ।।४।। देवता र ऋषिहरूका गुरू सुवर्णको जस्तो कान्ति भएका वुद्धिमान तीनलोकका मालिक बृहस्पतिलाइ नमस्कार गर्दछु ।।५।। हिउँवेली पुष्प कमलको पानी भित्रको जराको जस्तो कान्ति भएका दैत्यहरूका महागुरू र सम्पूर्ण शास्त्रका प्रवक्ता भृगु पुत्र शुक्र ग्रहलाइ म नमस्कार गर्दछु ।।६।। कालो गाजलको जस्तो कान्ति भएका सूर्य पुत्र यमराजका दाजु छाया र मार्तण्डबाट पैदा भएका शनैश्चरलाइ नमस्कार गर्दछु ।।७।। आधा शरीर भएका वडा पराक्रमी चन्द्र र सूर्यलाइ मर्दन गर्ने सिंहिकाको गर्भबाट जन्मेका राहुलाई नमस्कार गर्दछु ।।८।। पलासको फूल जस्ता तारा र ग्रह शिरमा भएका भयानक रूद्र मूर्ति भएका केतु ग्रहलाई मँ नमस्कार गर्दछु ।।९।। जुन पुरूष एक चित्त भएर व्यास ऋषिले बनाउनु भएको यो नव ग्रहस्तोत्र दिउसो अथवा रातमा पढ्दछ त्यसको सारा बिध्नहरू शान्त हुनेछन ।।१०।। यो स्तोत्र पाठ गर्नाले पुरूष स्त्री-राजा आदिको खराब सपनाको अनिष्ट नाश हुन्छ ऐश्वर्य प्राप्त हुन्छ आरोग्यवान रहृष्टपुष्ट हुन्छ ।।११।। ग्रह नक्षत्रबाट हुने पीडाहरू चोर र अग्निवाट हुने भयहरू पनि शान्त हुण्छन् यो कुरा महर्षिब्यासले भन्नु भएको हो यसमा सन्देह छैन ।।१२।।

CC-0. In Public Domain. Digitization by eGangotri

३७ जल प्रसाद भक्तहरूलाई छूट्या-उने मन्त्र-

बलिर्विभीषणो भीष्म प्रल्हादो नारदो ध्रुवः ।
कपिलश्चाम्वरीषश्च वसुर्वायु सुतस्तथा ।।
विश्वक्सेनो द्धबोऽक्रूरः सनकाद्या महर्षयः ।
वासुदेव प्रसादोयं सर्वे गृन्ह्णन्तु वैष्णवाः ।।

बलि, विभीषण, भीष्म, प्रल्हाद, नारद, ध्रुव, कपिलदेव, अम्वरीष, बसु, हनुमान, विश्वकसेन, उद्धव अक्रूर, सनकादि ऋषिहरू बासुदेवको प्रसाद सबैले लिनु होस ।

३८ शालिग्रामको जल पिऊने मन्त्र

अकालमृत्युहरणं सर्वव्याधिविनाशनम् ।
विष्णोःपादोदकं पीत्वा शिरसा धारयाम्यहम् ।।

अकाल मृत्यु र सारारोगलाइ नाश गर्ने विष्णुको चरणोदक पान गरेर म शिरमा धारणा गर्दछु ।

CC-0. In Public Domain. Digitization by eGangotri

३९ तुलसीको दर्शन गर्ने श्लोक

प्रसीद मम देवेशि कृपया परया सदा ।
अभीष्टफलसिध्यर्थं कुरूमे माधवप्रिये ।।

हे देवेशि ठूलो दयापूर्वक म देखि प्रसन्न हुनुहोस माधवको प्रिय भएकी हे तुलसी देवी मेरो अभीष्ट फल सिद्ध गरि दिनु होस ।

४० तुलसीको प्रार्थना गर्ने श्लोक

यादृष्टा निखिलाघसङ्घशमनी
स्पृष्ठावपुः पावनी ।
रोगाणमभिवन्दिता निरसिनी
सिक्तान्तक त्रासिनी ।।
प्रत्यासत्ति विधायिनी भगवतः
कृष्णस्य संरोपिता ।
न्यस्तातच्चरणे विमुक्ति फलदा
तस्यै तुलस्यै नमः ।।

दर्शन गदा सबै पापलाई नाश गर्ने छुँदा शरीर पवित्र गरिदिने ढोग दिदा रोग नाश गरिदिने सेचन गर्दा यमराजलाई त्रास गराई दिने श्रद्धा पूर्वक रोपेर बढाएमा भगवान कृष्णको सामीप्य गराई दिने कृष्णको चरण मा अर्पण गर्नालि मुक्ति फल दिने भएकि ती तुलसीलाइ नमस्कार छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

४१ चतुर्मासमा तुलसीको पूजागरी पाठगर्नें तुलसी स्तोत्र

वृन्दां वृन्दावनीं विश्वपावनीं विश्वपूजिताम् ।
पुष्पसारां नन्दिनीं च तुलसीं कृणजीवनीम् ।।
एतन्नामाष्टकं चैव स्तोत्रं नामार्थसंयुतम् ।
यः पठेत् ताँ च संपूज्य सोऽश्वमेध फलं लभेत ।।

वृन्दा, वृन्दावनी [बृन्दावनमा हुने], विश्वपावनी [संसारलाई पवित्र गर्ने], विश्वपूजिता [संसारले पूजिएकी] पुष्पसारा [फूलमा उत्तम] नन्दिनी [आनन्द दिने] तुलसी र कृष्ण जीवनी [विष्णुको प्राण प्रिया] तुलसींलाई पूजा गरेर अर्थ बुझेर यो तुलसी नामाष्टक स्तोत्र पाठ गरेमा अश्वमेध यज्ञको फल पाउने छ ।

४२ तुलसी पत्र टिप्दा भन्ने मन्त्रः-

मातस्तुलसि कल्याणि गोबिन्दस्य सदाप्रिये ।
नारायणस्य पूजार्थं चिनोमि त्वां नमोऽस्तुते ।।
त्वयाहीनं महा भागे समस्तंकर्म निष्फलम् ।
अत्तश्चिनोमि त्वाँ देवि प्रसीद वरदा भव ।।

CC-0. In Public Domain. Digitization by eGangotri

बिष्णु भगवानको सदाप्रिय भएकी हे कल्याणी तुलसी माता नाराय-णको पूजाका निमित मैं तपाइलाइ टिप्दछु तपाइलाइ नमस्कार छ । हे महाभागे तुलसी तपाइलाइ नचढाईकन गरेको सम्पूर्ण कार्य निष्फल हुन्छ। यस कारण हे देवी म तपाइलाइ टिप्दछु तपाई प्रसन्न भएर वर दिने हुनुहोस ।

४३ तुलसीलाई अर्घ दिदा भन्ने मन्त्र

गन्धप्रसूनसंयुक्तं फलमुद्राविशोभितम्
अर्घ्यं ददामि तुलसि तव प्रीत्यै नमोनमः ।

हे तुलसीमाता हजुरलाई प्रसन्न पार्न चन्दन फूल आदिले युक्त फल मुद्रा आदिले सुशोभित अर्घ निवेदन गर्दछु हजुरलाइ नमस्कार छ ।

४४ गाईलाइ गोग्रास दिदे मन्त्र

सुरभिर्वैष्णवी माता नित्यं विष्णुपदे स्थिता ।
गोग्रासोऽयं मयादत्तः सुरभि प्रीयतामिति ॥

कामधेनुको सन्तान हे गोमाता तपाई सधैं विष्णु पदमा रहनु भएको छ मैले यो गोग्रास प्रसन्न हुनुहोस भनि समर्पण गरेको छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

४५ भोजन बिधि:-

हात गोडा धोइकन कुल्ला गर्नू, पिरकामावसि आचमन गर्नू, अन्नपूर्णको ध्यान गर्नू, नमस्कार गर्नू, हातमा जल लिनु र तल लेखिएको मन्त्र पढी जललाइ थाल वरिपरि घुमाउनू ।

यथाच्चक्रा युधोविष्णुस्त्रै लोक्यं परि रक्षति ।
एवं मण्डल भस्मैतत् सर्वं भूतानि रक्षतु ।।

जसरी सुदर्शन चक् हतियार भएका विष्णुले तीनै लोकलाई रक्षा गर्नु हुन्छ त्यतरीनै यो मण्डलाकार भस्नले सबै भूतहरूलाई रक्षा गर्नु होस ।

(क) अब अन्नको ध्यान गर्नू ।

अन्नं ब्रह्मा रसोविष्णुर्भोक्ता देवो महेश्वरः ।
एवं ध्यात्वा तु यो भुङ्क्तेसोऽन्नदोषैर्नलिप्यते ।।

अन्न ब्रह्मा रस विष्णु र खाने महेश्वर यस्तो संझेर जो खान्छ त्यसलाई अन्नको दोष लाग्दैन् ।

(ख) अप्सनी हाल्दा भन्ने मन्त्रः-

ॐ भूपतये स्वाहा । ॐ भुवनपतये स्वाहा । ॐ भूतानाम् पतये स्वाहा । ॐ प्रजापतये स्वाहा । ॐ अग्नये स्वहा ।

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) अनि जलघुमाई आचमन गर्दा भन्ने मन्त्रः-

ॐ अन्तश्चरसि भूतेषु गुहायां विश्वतोमुखः ।
त्वं ज्योति स्त्वं वषट्कारः आपोज्योति रसोऽमृतम् ।
अमृतोपस्तरणमसि स्वाहा ।

सर्व व्यापि हे परब्रह्म सबै प्राणीहरूको हृदयना घुमि रहेका छौ तेज वषट्कार जल रस अमृत सबै तपाई नै हुनु हुन्छ । अमृतले युक्तहोस ।

(घ) पञ्चगाँस खाँदा भन्ने मन्त्रः-

तर्जनी मध्यमाङ्गुष्टैः प्राणस्यैवाहुति र्भवेत ।
मध्यमाऽनामिकाङ्गुष्टै रपानस्या हुतिर्भवेत ॥
कनिष्ठाऽनामिकाङगुष्टै व्यानस्यैवाहुतिं क्षिपेत् ।
कनिष्ठतर्जन्यङगुष्टै रुदानस्याहुतिं क्षिपेत् ।
सर्वाङगुलै र्गृहीत्वान्नं समानस्या हुतिं क्षिपेत् ।

चोर औंला माझी र बूढी औंला यी तीनै औंला मिलाउनाले प्राण मुद्रा भनिन्छ यसले (ओं प्राणाय स्वाहा) भनेर पहिलो गाँस खानू । माझी औंला साहिली औंला र बूढी औंला मिलाउनाले अपान मुद्रा भनिन्छ यसले (ओं अपानाय स्वाहा) भनि दोश्रो गांस खानू । कान्छी औंला साहिली औंला र बूढी औंला मिलाउनाले स्तन मुद्रा भनिन्छ यसले (ओं व्यानाय स्वाहा) भनेर तेश्रो गाँस खानू । कान्छी औंला चोरी औंला

CC-0. In Public Domain. Digitization by eGangotri

बूढी औंला मिलाउनाले दक्षिण मुद्रा भनिन्छ यसले (ओं उदानाय स्वाहा) भनि चौथो गांस खानू । पाँचै औंला मिलाउनाले पनि स्तन मुद्रा भनिन्छ यसले (ओं समानाय स्वाहा) भनि पाँचौ गाँस खानू ।

(ङ) भोजन गरि सकेपछि आचमन गर्दा भन्ने मन्त्रः-

ॐ अमृतापिधानमसि स्वाहा ।

अमृतले ढाकेको होस् ।

(च) शेष अलिकति अन्न र जल समेत लिएर भूमिमा छोडि दिने मन्त्रः-

येकेचास्मत्कुलेजाता दासा दास्योऽन्नकांक्षिणः ।
ते सर्वे तृप्तिमायान्तु मया दत्तेन भूतले ।१।
रौरवे पूयनिलये पद्मार्बुदनिवासिनाम् ।
आर्थिना मुदकं दत्तं भक्षय्यमुपतिष्ठतु ।२।

जो कोही हाम्रो कुलमा जन्मेका अन्न चाहने दास दासी आदि छन्, मैले भूमिमा दिएको अन्नले ती सबै तृप्त हुन ।१। पीप आदी दुर्गन्ध वस्तु युक्त रौरव नरकमा धेरै समय सम्म रहेका तिर्खाएकाहरूलाई मैले दिएको यो शेषले अक्षय तृप्त होस ।

(छ) चुठेपछि आँखामा पानी लगाउने श्लोकः-

शर्यातिञ्च सुकन्यांच च्यवनं शक्रमश्विनौ ।
भोजनान्ते स्मरेन्नित्यं चक्षुतस्य ननश्यति ।।

CC-0. In Public Domain. Digitization by eGangotri

सर्याति राजा सुकन्या च्यवन ऋषि इन्द्र दुइ अश्विनि कुमार यिनीहरू-लाइ भोजन पछि सधैं संझनाले आँखाको तेज बढ्दछ ।

(ज) भोजनगरी चुठेपछि पेट मुसार्ने मन्त्रः–

अगस्त्यं कुंभकर्णञ्च शनिञ्च वडवानलम् ।

आहारपरिपाकाय स्मरेद्भीमञ्च पञ्चमम् ।

अगस्त्य ऋषि कुंभकर्ण शनिग्रह वडवानल अग्नि भीमसेन यी पाँच लाइ खाइ सकेपछि खाएको परिपाक होस भनेर संझनू ।

४६ सायं सन्ध्यामा वत्ति बालि सके पछि नमस्कार गर्दा भन्ने श्लोक

शुभं भवतु कल्याणमारोग्यं सुख संपदः ।

सर्व दुःख विनाशाय दीपज्योति र्नमोऽस्तुते ।।

हे दीप नारायण शुभ कल्याण आरोग्य सुख संपत्ति दिनुहोस सबै दुःख नाशका निमित्त तपाईलाइ नमस्कार गर्दछु ।

CC-0. In Public Domain. Digitization by eGangotri

४७ सायं सन्ध्या र भोजन सकेपछि शयन गर्दा भन्ने मन्त्रः-

अगस्त्यो माधवश्चैव मुचुकुन्दो महावलः ।
कपिलो मुनिरास्तीकः पञ्चैते सुखशायिनः ।।

अगस्त्य माधव ज्यादै बलबान मुचुकुन्द राजा कपिल देव आस्तीक मुनि यी पांच सुख पूर्वक सुत्ने हुन ।

४८ औषधी सेवन गर्दा भन्ने मन्त्र

अच्युतानन्त गोविन्द नामोच्चारणभेषजात् ।
नश्यन्ति सकला रोगाः सत्यं सत्त्यं वदाम्यहम् /१/
धन्वन्तरि वृकोदासः काशीराजश्च वीर्यवान ।
नकुलः सहदेवश्च पश्चैते व्याधिघातकाः /२/

हे अच्युत हे अनन्त हे गोविन्द यी नाम उच्चारण गर्नुरूपि औषधीबाट सारा रोगहरू नास हुन्छन्, मँ एक दम साँचो भनि रहेकोछु ।।१।। धन्वन्तरि वृकोदास पराक्रमी काशीराज नकुल सहदेव यी पाँचजनाको नाम लिनाले रोग नास हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

४९ सगोत्र विवाह प्रायश्चितम्

इत्थं सगोत्रसंवन्धेः विवाहविषये स्थिते ।
यदि कश्चित ज्ञानतस्तां कन्यां मूढोपगच्छति ।।
गुरुतल्यव्रताच्छुध्येद्गर्भस्तज्जोऽन्त्यतां व्रजेत ।
भोगतस्तां परित्यज्य पालयेज्जननीमिव ।।
अज्ञानादैन्दवेः शुद्धेत्रिभिर्गर्भस्तु कश्यपः ।
सपिण्डापत्यदारेषु प्राणत्यागोविधीयते ।।

आपना गोत्र आदिको कन्या साथ विवाह सम्बन्ध भएपछि जानी जानी उस कन्याकासाथ गमन गरेको शुद्धि व्रतको गर्नाले हुन्छ जो गुरूपत्नी गमन गर्दा प्रायश्चित गर्नु पर्दछ । उसबाट उत्पन्न भएका गर्भ (वालक) चाण्डाल हुन्छन् । ती सित उपभोग त्याग गरी महतारी समान पालन गर्नु पर्दछ । यदि अज्ञानले विवाह भै सन्तान भएता ३ चान्द्रायण व्रत गर्नाले गर्भको शुद्धि हुन्छ । यहि प्रकारले सपिण्ड सात पुस्ता भित्रको कन्या विवाह गर्दा पनि जानु । वृहत यमको उक्ति छ कि नजानिकन ७ पुस्ता भित्रकी कन्या सगोत्रकी कन्या विवाह गरेको भए महतारीका समान पालना गर्नु पर्छ भनी लेखेको छ ।

५० पन्च गव्य बनाउदा हाल्ने वस्तुको परिमाण:-

गोमूत्रं भागतश्चार्धं शकृत्क्षीरस्य च त्रयम् ।

CC-0. In Public Domain. Digitization by eGangotri

द्वयं दध्नो घृतस्यैक मेकञ्च कुशवारिज ।।
एभिस्तु पञ्चभिर्युक्तं पञ्चगव्यं प्रचक्षते ।।

गाईको आधा भाग बउत गोवर र दुध गरी तीन भाग दुईभाग दहि
घ्यु एक भाग कुशोदक मिलाएर पञ्च गव्य हुन्छ ।

५१ पंच गव्य प्राशन गर्नें मन्त्र:–

यत्त्वगस्थिगतं पापं देहे तिष्ठति मामके ।
प्राशनात् पंचगव्यस्या दह त्वग्निरिवेन्धनम् ।।

मेरोशरीमा छाला र हाडमा वसेका पापहरू पञ्च गव्य भक्षण
गर्नाले आगोले दाउरालाइ नाश गरे जस्तै नाश हुन्छन् ।

५२ अगस्त्य ऋषिलाइ पूजा गर्नें र प्रार्थंना गर्नें मन्त्र

आतापि मारितो येन वातापी च निपातितः ।
समुद्रः शोषितो येन समेऽगस्त्यः प्रसीदतु ।।

CC-0. In Public Domain. Digitization by eGangotri

आतापि र वातापी राक्षसलाइ नाश गर्ने समुद्रलाइ सुकाउने हे अगस्त्य ऋषि म देखि प्रसन्न हुनु होस ।

५३ उदाएपछि अगस्त्य ऋषिलाइ अर्घ दिने मन्त्र:–

काशपुष्पप्रतीकाश वन्हिमारुतसंभव ।
मित्रावरुणयो: पुत्र कुम्भयोने नमोस्तुते ।।

काशको फूल जस्तै सेतो वर्ण भएका अग्नि र वायुबाट पैदा भएका मित्र र वरुणका पुत्र घडाबाट निस्केका हे अगस्त्य ऋषि हजुरलाइ नमस्कार छ ।

५४ वैशाख महिनामा स्नान गर्दा भन्ने मन्त्र:–

वैशाखं सकलं मासं मेषसंक्रमणे रवे: ।
प्रात: सनियमं स्नास्ये प्रीयतां मधुसूदन ।।

सूर्यनारायण मेष राशिमा प्रवेश भएपछि वैशाख महिना भरि नियमपूर्वक प्रात: स्नान गर्दछु हे मधुसूदन प्रसन्न हुनुहोस ।

CC-0. In Public Domain. Digitization by eGangotri

५५ मातातीर्थ औंसी

मातृ देवो भवः–

आमालाइ देवता जस्तो मान्ने होउ । वैशाख कृष्ण औंशीको दिन मातातीर्थ औंसीमा मातातीर्थमा जुन मनुष्यले स्नान गरेर हरिहरको दर्शन गर्छ त्यो व्यक्ति माताको गर्भमा वास गर्नु पर्दैन । आमा हुनेले घरमा मिठो खाने कुराहरू ख्वाउने र राम्रा लुगाहरू दिने प्रचलन छ । आमा नहुनेले ब्राह्मण भोजन आदि गराउने गर्दछन् ।

५६ वैशाख महिनामा विष्णुलाइ अर्घ दिंदा भन्ने मन्त्रः-

वैशाखे मेषगे भानौ प्रातः स्नानपरायणः ।
अर्घ्यं तेऽहं प्रदास्यामि गृहाण मधुसूदन ॥

हे मधुसूदन श्री सूर्य नारायण मेष राशिमा गए पछि वैशाख महिनामा स्नान गरेर म हजुरलाइ अर्घ्य प्रदान गर्दछु ग्रहण गरि बक्सियोस ।

५७ वैशाख शुक्ल तृतीया (अक्षयय तृतीया) धर्मघट दानम्:–

यो तृतीया तिथि त्रेतायुगादि होर यस दिन त्रेतायुग लागेको

CC-0. In Public Domain. Digitization by eGangotri

थियो । यो दिन गङ्गा स्नान गऱ्यो भने मनुष्य पाप देखि मुक्त हुन्छ । यस दिन छाता, जुत्ता, सातु, सर्वतले भरिएको घढा आदि दान गरिन्छ र आफुले पनि खाईन्छ ।

५८ बुद्ध जयन्ति

वैशाख शुक्ल पूर्णिमा यसलाई चण्डी पूर्णिमा र भगवान बुद्धको जन्म भएको दिन भएकोले वौद्ध जयन्ति पूर्णिमा भन्ने नामले जनाउदछ । यसै दिन प्रातः स्नान गरेर चण्डेश्वर महादेवको दर्शन गर्नालि पञ्च महापातक नाश भै कैलाश पद प्राप्त हुन्छ भनि हिमवत खण्डमा लेखेको छ चण्डेश्वर महादेव वनेपामा हुनु हुन्छ । यो पूर्णिमाको दिनमा लक्ष वर्तिका (लाख बत्ति) वालेर निराजन गरेमा पुनर्जन्म हुदैन भन्ने फल लेखेको छ ।

५९ ज्येष्ट कृष्ण अमावस्या वट साबित्री वृतम्

दिन त्रय साध्यम्- चतुर्दश्यां त्रयोदश्यां च कर्तव्यम् । सौभाग्य समृद्धये त्रयोदशां दिन त्रयं कर्तव्यम् । दिन त्रयं पूजनीयम् । सौभाग्य समृद्धये कार्यम् ।

CC-0. In Public Domain. Digitization by eGangotri

अमायां च तथा ज्येष्ठे वटमूले महासति ।
त्रिरात्रो पोषिता नारी विधिनानेन पूजयेत् ।।
सावित्री प्रतिमा कार्य सौवर्णी वापिमृण्मयाम् ।
सार्धं सत्यवतां साध्वी फल नैवेद्य दीपकैः ।।
हरिद्रा कण्ठ सूत्रैश्च शुभ्रै कुङ्कुम केशरै : ।
सावित्र्या ख्यानकं चापि वाचयेत द्विजोत्तमैः ।।
निर्णय सिन्धु

प्रतिमां ब्राह्मणाय दद्यात् तन्त्र मन्त्रः–
सावित्रीयं त्रया दत्ता सहिरण्याँ महासति ।
व्रते नानेन राजेन्द्र बैधव्यं नाप्नुयात् क्वचित् ।।
निर्णय सिन्धु

अटल सौभाग्यको चाहना गर्ने नारीजनले वट सावित्रीको व्रत गर्नु पर्दछ ।

३० जेष्ट शुक्ल कुमारषष्ठी (सिठी):-

श्री शंकरका पुत्र कुमारले आपना साथीहरूसँग प्रेमका साथ खेलकुद गरेको र शिवगणका सेनापति भएकोले यो चाढ मान्दिँ आएको हो। काठमाडौको जंसीख्वलमा वहाको मूर्ति स्थापना छ । उक्त दिन पूजा गरिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

६१ दशहरा:—

ज्येष्ठ शुक्ल दशमी दशहराको दिन १० योग गर्दा गङ्गा स्नान गर्नाले दश थरी पाप नाश हुन्छ भन्ने बराह पुराणमा लेखिको छः—

ज्येष्ठे मासी सितेपक्षे दशमी बुध हस्तयो ।
व्यतिपाते गरा नन्दे कन्या चन्द्रे वृषे रवौ ।।
दश योगे नर स्नात्वा सर्व पापैः प्रमुच्यते ।।

ज्येष्ठ महिना शुक्लपक्ष दशमी तिथी बुधबार हस्ता नक्षत्र व्यतिपात योग गर करण आनन्द योग कन्या रासमा चन्द्रमा वृष राशमा सूर्य परेमा १० योग पर्दछ यो दिन स्नाम गर्दा १० थरी पाप नाश हुन्छ भनि भनेको छ ।

६२ गुरु पूर्णिमा

आचार्य देवो भवः—

गुरुलाई देवता जस्तो मान्ने होउ हिन्दू मात्रका लागि अति महत्वपूर्ण मानिएको चाड'गुरु पूर्णिमा' 'व्यास पूर्णिमा' को नामले पनि प्रसिद्ध छ । आषाड पूर्णिमाको पवित्र तिथिमा मनाईने गुरु पूर्णिमाको शुभ—दिनमा प्रत्येक हिन्दूले गुरुको पूजा गरी गुरुलाई श्रद्धापूर्वक केही दक्षिणा वा

CC-0. In Public Domain. Digitization by eGangotri

भेटी अर्पण गर्दछ । हाम्रा शास्त्रहरूले "आचार्यदेवो भव" भन्दै गुरुलाई देवताको रूपमा मानेका छन् । अतः देवता स्वरुप गुरुको पूजा गरी गुरु-सँग आशिर्वाद र प्रेरणा लिने पवित्र तिथि हो 'गुरु पूर्णिमा'

६३ साउने संक्रान्तिमा लूतो फाल्ने मन्त्र

कण्डारक रात्रिचर लूतादि भय नाशक ।
उल्कामिर्मां प्रक्षिपामि माऽस्तु लूताभय मम ।।

लूतो आदि खटिराहरू नाश कारक रातमा घूम्ने हे कण्डारक राक्षस यो अगुल्टाहरू फालि दिन्छु मलाई लूतो आदिको भय नहोस ।

६४ नाग पंचमी:- (श्रावण शुक्ल पंचमी)

यस दिन नागको चित्र बनाएर पूजागरि घर ढोकामा टास्नाले विजुली, बज्र, अग्नी आदिवाट भय हुदैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

नवनाग स्तोत्र

अनन्तो वासुकिः शेषः पद्मनाभश्च कम्बल : ।

धृतराष्ट्रः शंखपालस्तक्षकः कालियस्तथा ।।

एतानि नवनामानि नागानां च महात्मनाम् ।

सायंकाले पठेन्नित्यं प्रातः काले विशेषतः ।

तस्य नास्ति विषभयं सर्वत्र विजयी भवेत ।।

अनन्त, वासुकि, शेष, पद्मनाभ, कम्बल, धृतराष्ट्र, शंखपाल, तक्षक, कालीय यी नौवटा नागहरूका नाम हुन् विहान, वेलुका, जो सधैं पढ्छ त्यसलाई सर्पको भय हुदैन ।

वर्ष दिन भरमा नागको शिर निम्न वमोजिम हुन्छ ।

भाद्र, आश्विन, कार्तिकमा – पूर्ब तर्फ

मार्ग, पौष, माघमा – दक्षिण तर्फ

फागुन, चैत्र, वैशाखमा – पश्चिम तर्फ

जेष्ठ, आषाड, श्रावणमा – उत्तर तर्फ

६५ जनै पूर्णिमाको महत्व

पूर्णमासी श्रावणस्य स्नान कर्म समाचरेत् ।

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषि तर्पणकं कुर्यात ब्राह्मणस्य प्रपूजनम् ।।
पौर्णमास्य दक्षहस्तं कङ्कणां धारयेत्तु वै ।
साक्षतम् रायिकं पुष्पं पट्टं पट्टेन वेष्टयेत् ।।

मेडिभल नेपाल पाना १५६

श्रावण महिनाको पूर्णिमाको दिन स्नान कर्म ऋषि तर्पण, र ब्राह्मण पूजा समेत गरि रक्षा सूत्र सोधन गरि हातमा डोरो तथा सँसियु, फूल र अक्षता सहित पोटलीका लगाउनु ।

पहिले वैदिक काल देखिनै वर्ष दिन सम्मवेद पढदा खेरि हुन गएको त्रुटी जन्य प्रत्यवाय र आजकाल पनि कहिले काहि वेद श्रवण तथा पठन मा हुन गएको त्रुटी जन्य प्रत्यवाय शान्तिको निमित्त उपाकर्म र उत्सर्जन कर्म गर्नु पर्दछ। श्रावण शुक्ल पूर्णिमाको दिन विधिपूर्वक पञ्च गव्य प्रासन गरेर कुश, दुवो, अपामार्ग, तिल, जौ शुद्ध माटो गोवर आदि लिएर तीर्थ वा जलासयमा गएर शिखावाधेर अघमर्षण गरी गोवर माटो भष्म समेत शरीरमा लगाई वैदिक मन्त्र, द्वारा स्नान गर्नू र सप्त ऋषि– कश्यप, अत्रि, भरद्वाज, विश्वामित्र, गौतम, जमदग्नि वशिष्ठ समेतको पूजा समेत गरि रक्षा बन्धन र यज्ञोपवितको मन्त्रणा गरी लगाउनु पर्दछ । ब्राह्मण, क्षेत्रीय, वैश्यले यो कार्य गर्नू पर्दछ ।

हरिह भाष्ये अनुसार (जनै) यज्ञोपवीत नौ डोराको नौ देवताको नाम:–

ॐकार, अग्नि, नाग, सोम, पितृ, प्रजापति, वायु,

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्य र सम्पूर्ण देवता । ब्रह्माले सूत्र पैदा गरे, विष्णुले तिगुना गरे, शिवजीले गाँठो पारे, सावित्रीले मन्तरीन यस्तो पवित्र यज्ञोपवीत ब्राह्मण, क्षत्रिय र वैश्य यी तीन जातले यो मन्त्र पढि धारण गर्नू

द्विजवन्न जनै हुनै पर्ने हुदा जनै लगाउने मन्त्रः–

यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत्सहजं पुरस्तात् ।
आयुष्यमग्र्यं प्रतिमुञ्चशुभ्रं यज्ञोपवीतं वल मस्तुतेजः ।।

आदिकालमा प्रजापतिका साथै उत्पन्न भएको र निर्मल जो [खडा भएको] यज्ञोपवीत (ज्यादै पवित्र छ) आयुष्कारक र श्रेष्ट छ त्यसले दीर्घ आयु, वल र तेज प्रदान गरोस ।

पुरानो जनै त्याग गर्दा भन्ने मन्त्रः–

एतावत्कालपर्यन्तं ब्रह्मत्वं धारितं मया ।
जीर्णत्वात् त्वत्परित्यागो गच्छ सूत्र यथा सुखम्

हे सूत्र आज सम्म मैले तिम्रो आश्रयवाट ब्रह्मत्व धारण गरेको थिएँ । पुरानो भएकोले मैले त्यागेको छु आफ्नो इच्छा अनुसार जाउ ।

जनै फेर्नु पर्नेः–

सूतके मृतके चैव गते मास चतुष्टये ।

CC-0. In Public Domain. Digitization by eGangotri

नवयज्ञोपवीतानि धृत्वा जीर्णानि संत्यजेत ॥

सूतकमा जुठो परेमा जनै लाएको ४ महिना भएपछि नयां जनै लगाएर पुरानो जनैलाई त्याग्नु पर्दछ ।

डोरो वाधदा भन्ने मन्त्रः–

येन वद्धो वलीराजा दानवेन्द्रो महाबल : ।
तेन त्वां प्रति वध्नामि रक्षमा चलमा चल ॥

जुन सत्यले दानवमा श्रेष्ट महावलवान वलिराजा वाधिए । त्यही सत्यले तिमिलाई पनि नियन्त्रण गर्दछु हेरक्षा सूत्र तिमिदृढ होऊ दृढ होऊ ॥

यहि पूर्णिमा मानैः–

अष्टमी को दिन माटाको भाडोमा मास, मुगी, चना, भटमास, केराउ, आदि हालेर भिजाईन्छ र पूर्णिमामा पकाएर खाने प्रचलन छ जस्बाट वर्षाकालको सर्दि र पेट सम्वन्धि रोगहरू हटतछन् भन्ने परंपराछ ।

६६ कृष्णअष्टमीः-

भगवानको अवतार लिई श्री कृष्णको जन्म भएको र गीता जस्तो पवित्र ग्रन्थ आज हाम्रो समक्ष प्रत्यक्ष पाउनु आदिवाट जन्माष्टमी व्रत लिई कृष्ण मन्दीरमा पूजा अर्चना गर्न ठूलो भीड लाग्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

६७ कुशे औशी (भाद्र कृष्ण औशी)

पितृ देवो भवः–

वावुलाई देवता जस्तो मान्ने होउ । यो दिन आपनो पितालाई मिठो खाने कुरा खुवाउने राम्रा लुगादिने चलन छ । वावु नहुनेले वावुको नाममा खाने कुराहरू दान गर्दछन् ।

कुशे औशीमा कुश उखेल्ने मन्त्र–

ॐ विरञ्चिना सहोत्पन्न परमेष्ठि निसर्गतः ।
नुद पापानि सर्वाणि दर्भ स्वस्ति करोभव ।।
ॐ हुँ फट स्वाहा

पर ब्रह्मको सृष्टिमा ब्रह्माजीको साथै उत्पन्न भएका हे कुशदेव सवै पापलाई नाश गर कल्याण कारक होउ ।

कुशको प्रयोग गर्न पर्नेः–

स्नाने दाने जपे होमे स्वाध्याये पितृकर्मणि ।
करौ सदर्भौ कुर्वीत तथा सन्ध्याभिवादने ।। आ. सू.

स्नान, दान, जप, होम पाठपूजा, पितृकार्य तथा सन्ध्या आदि गर्दामा कुश (कुश पवित्र) लिएर गर्नु पर्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

कुशको अभावै परेमाः–

कुशाः काशाः शरा दुर्वा यव–गोधूम–वल्वजाः ।
सुवर्ण रजतं ताम्रँ दशदर्भाः प्रकीर्तिताः ।।
कुशाभावे तु काशाः स्युः काशाः कुशसमाः स्मृताः ।
काशाभावे गृहीतव्या अन्ये दर्भा यथोचिता : ।।

काताीय भाष्यम्

कुश, काश, शिरु, दूवो, जौ, गहुँ, वाबियो, सुन, चादि, तामो यी दश वस्तुलाई दर्भ भन्दछन् क्रमश एकको अभावमा प्रयोग गर्न हुन्छ ।

६८ भाद्र शुक्ल तृतीया :तिज:-

यो पर्व केवल स्त्रीजातिहरूले सौभाग्य को निमित गरिने व्रत हो भविष्यपुराण अनुसार हिमालय पर्वतले छोरी पार्वती विष्णुलाई दिन लागे भन्ने कुरा आपना सखिहरूवाट थाहा पाए पछि दिक्दार भएर वसेकी पार्वतीलाई सखिहरूले हरेर लगेको हुनाले यस पर्वको नाम हरितालिका भएको हो।

CC-0. In Public Domain. Digitization by eGangotri

यो चाड मान्न स्त्रीहरूले अघिल्लो दिन दर खाने चलन छ किनभने भोली पल्ट निराहार व्रत बस्नु परेकोले हो। यो व्रत हिन्दू महिलाहरूले लिन्छन्। दमाञ्नी, सार्की, गाईनेहरूका स्त्रीहरूले पनि लिन्छन्। अरू जातिका स्त्रीहरूले पनि लिएको देखिन्छ।

६९ भाद्र शुक्ल गणेश चतुर्थी

श्री गणेशजीको जन्म स्कन्दपुराण अनुसार भाद्र शुक्ल चतुर्थी तिथि हो। यस दिनलाई पर्व नमानेतापनि यो ठूलो दिन हो। चौथी तिथीमा गणेश भान्ने चलन चाहि सर्वत्र छ। मङ्गल ग्रहको दशामा गणेशको पूजा गर्ने चलन छ। श्री गणेशजी विघ्न नाशक ज्ञान बुद्धि दायक तथा सङ्कष्ट नाशक हुनु हुन्छ। श्री गणेश महादेव पार्वतीका पुत्र स्वयं सिद्ध छ। पर ब्रह्म श्री गणेशको जन्म जयन्ति मनाउनु हामीहरूको कर्तव्य हो। उपत्यकामा–जल विनायक, अशोक विनायक, चन्द्र विनायक, सूर्य विनायक यी ४ गणेश मङ्गल चौथीमा एकै दिन दर्शन गर्ने चलन पनि छ।

७० भाद्र शुक्ल पंचमी :ऋषि पंचमीः

यो भाद्र सुक्ल पन्चमी हो। यो स्त्री जातिहरूको पर्व हो। यो पर्वको मुख्य कारण स्त्री जातिको रजस्वला भएको वखतको जानिनजानि

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको छातछुत भएको पापको प्रायश्चित हो यस दिन सप्त ऋषिको पूजा हुन्छ यसैले ऋषि पञ्चमी भनेको हो । प्रायश्चितको निमित स्त्री जातिहरूले नित्य स्नान गरि गोवर माटो लगाई ३६० पटक स्नान गरी अपामार्ग लगाउनु पर्दछ । स्नान सकेपछि १० बजे उप्रान्त ३ बजे भित्र सप्त ऋषि अरून्धती सहित कस्यप' अत्रि, भारद्वाज, विश्वामित्र, गौतम जमदग्नी, वशिष्ठको पूजा गर्नु पर्दछ । नरोपी उम्रने अन्न सामा, कन्दमूल, चामल आदि खाना खानु पर्दछ १ छाक हविष्य चिज खानु पर्दछ ।

७१ वामन द्वादशी:-

भाद्र शुक्ल द्वादशीको दिन हो वामन द्वादशी सो दिन मध्यान्ह कालमा विष्णुले वामनावतार लिएको दिन भएकोले यो दिनमा वामन वटुलाई पूजा गरी कमण्डलु, चामल, पहेलो धोती जुत्ता इत्यादि दान गर्नु पर्दछ । जीवनको अन्त भए पछि वैकुण्ठ पद प्राप्त हुन्छ भन्ने शास्त्रमा लेखेको छ ।

७२ अनन्त चतुर्दशी:-

भाद्र शुक्ल चतुर्दशी अनन्त चतुर्दशी हो सो दिनमा अनन्तको मन्त्रणा गरी धारणा गरी धारणा गर्नू पर्दछ भन्ने वचन छ अनन्त चतुर्दशी व्रत वसेर १४ वर्ष

CC-0. In Public Domain. Digitization by eGangotri

सम्म प्रत्येक वर्ष पुरानो अनन्त सेलाएर नञा अनन्त धारणा गर्नै व्रत गरेमा जीवनको अन्त्यमा वैकुण्ठ लोक मिल्दछ ।

यसै दिन इन्द्रको पूजागरी कुमारी, गणेश, भैरवको पूजा गर्दछन् । इन्द्रयात्रा भन्ने नाम हो काठमाडौंको वसन्त पुर देखि शहरमा गणेश कुमारी भैरवलाई परिक्रमा गरि यात्रा गर्ने चलन छ साथै इन्द्र दह नुहाउने पनि चलन छ ।

७३ आश्विन कृष्ण त्रयोदशी:-

आश्विन कृष्ण त्रयोदशी कलियुगादि हो यो दिनमा युगादि श्राद्ध गर्नू पर्दछ भनि स्मृतिमा लेखेको छ ।

७४ आश्विन कृष्ण पितृपक्ष:-

आश्विन कृष्ण (पितृ) पक्षमा गृहस्थाश्रमीले पार्वण श्राद्ध गर्नू पर्दछ यो पक्षलाई पर्व मानेको छ ।

पर्वतिथिमा हुने पार्वण श्राद्ध हुन्छ गृहस्थाश्रमीले आश्विन कृष्ण प्रतिपदा देखि आश्विन शुक्ल प्रतिपदा सम्म को १६ तिथिमा गरिने श्राद्ध

CC-0. In Public Domain. Digitization by eGangotri

तिथिलाई सोह्र श्राद्ध भन्नै चलन छ यस्मा प्रमाण यस प्रकारको लेखिएको छ ।

सूर्य कन्या गते श्राद्धं यो न कुर्याद् गृहाश्रमी ।
धनः पुत्रान्कुतः तस्य पितृ निश्वास पीडनात ।।

—पद्म पुराण

श्राद्ध गर्ने दिन अर्थात तिथि श्राद्ध भुलबाट कुनै कारण बस वार्षिक तिथिमा हुन सकेन भने कृष्ण पक्षको एकादशीको दिनमा गर्नू पर्दछ भन्ने धर्मशास्त्रको वचन छ ।

श्राद्ध विघ्ने समुत्पन्ने अविज्ञाने च मृते हनि ।
एकादश्यांतु कर्तव्यं कृष्ण पक्षे विशेषतः ।।

७५ श्राद्ध काल निर्णय;—

पूर्वान्हे दैविकं श्राद्ध मपरान्हेतु पार्वणम् ।
एकोद्दिष्टन्तु मध्यान्हे प्रातवृद्धि निमित्तकम् ।।

दिनको पूर्वान्हमा वृद्धिश्राद्ध, मध्यान्हमा तिथि श्राद्ध, अपरान्हमा पार्वण श्राद्ध गर्नू पर्दछ ।

मध्यान्ह भनेको दिनमानलाई ५ भाग लगाउदा तेश्रो भाग हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

७८ लोग्ने मानिसलाइ दशैंको टीका लगाई दिंदा आशीर्वाद दिने मन्त्रः-

आयुर्द्रोणसुते श्रियं दशरथे शत्रुक्षयं राघवे ।
ऐश्वर्यं नहुषे गतिश्च पवने मानञ्च दुर्योधने ।।
शौर्यं शान्त नवे वलं हरधरे सत्यञ्च कुन्ती सुते ।
विज्ञानं विदुरे भवतु भवतां कीतिश्च नारायणे ।।
स्वस्त्यस्तुते कुशलमस्तु चिरायुरस्तु,
गोवाजि हस्ति धन धान्य समृद्धि रस्तु ।
ऐश्वर्य मस्तु बलमस्तु रिपुक्षयोस्तु,
संतान वृद्धि सहिता हरि भक्ति रस्तु ।।२।।

द्रोण पुत्र अश्वत्थामाको जस्तो आयु, दशरथ महाराजको जस्तो सम्पति राम चन्द्रको जस्तो शत्रुनाश नहुष राजको जस्तो ऐश्वर्य, वायुको जस्तो गति दुर्योधनको जस्तो संमान, भीष्मपितामहको जस्तो शूरता, हलोधारी वलरामको जस्तो वल, युधिष्ठिरको जस्तो सत्य विदुरको जस्तो विज्ञान नारायणको जस्तो कीर्ति तिम्रो पनि होस ।१। तिम्रो चिरायु र कल्याण होस गाई हात्ति घोडा धन धान्य होस सम्पति बढोस एश्वर्य होस वलहोस शत्रुनाश होस संतान बढोस भगवानमा भक्ति लागोस ।

CC-0. In Public Domain. Digitization by eGangotri

७७ आईमाईलाई दशैंमा टीका लगाइ दिदा आर्शीवाद दिने मन्त्र:-

भद्रमस्तु शिवं यास्तु महालक्ष्मीः प्रसीदतु ।
रक्षन्तु त्वां सदा देवा आशिषः सन्तु सर्वदा ।।

भलो होस कल्याण होस महालक्ष्मी दुर्गा भगवती प्रसन्न हुन् सधैं देवताहरूले तिमिलाइ रक्षा गरून सधैं आर्शीवादहरू हुन् ।

ॐ जयन्ती मङ्गलाकाली भद्रकाली कपालिनी ।
दुर्गाक्षमा शिव धात्री स्वाहा स्वधा नमोऽस्तुते ।१।
जयत्वं देवी चामुण्डे जय भूतार्तिहारीणि ।
जय सर्वगते देवि कालरात्रि नमोऽस्तु ते ।।

जयन्ती, मङ्गला, काली, भद्रकाली, कपालिनी, दुर्गा, क्षमा, शिवा, धात्री, स्वाहा, र स्वधा यी नामले प्रसिद्ध जगदम्बिके ! तपाईलाइ मेरो नमस्कार छ । देवि चामुण्डे ! तपाईको जय होस । सम्पूर्ण प्राणिहरूको पीडा नास गर्ने हे देवि ! तपाईको जय होस । सर्वमा व्याप्त रहने हे देवि ! तपाईको जय होस । कालरात्रि ! तपाई लाई नमस्कार छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

७८ नव दुर्गाको नाम:—

१. शैलपुत्री २. ब्रह्मचारिणी ३. चन्द्र घण्टा
४. कुष्माण्डा ५. स्कन्धमाता ६. कात्याचनी
७. कालरात्री ८. महागौरी ९. सिद्धिदात्री इतिनवदुर्गा

७९ कार्तिकमा स्नान गर्दा भन्ने मन्त्र

कार्तिकेऽहं करिष्यामि प्रातः स्नानं जनार्दन ।
प्रीत्यर्थं तव देवेश दामोदर मया सह ।।

हे देव देव हे जनार्दन हे दामोदर हजुरलाइ प्रसन्न गराउनका निमित कार्तिक महिनामा म प्रातः स्नान गर्दछु

८० आकाश वति बाल्दा भन्ने मन्त्र

दामोदराय नभसि तुलायां दोलया सह ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदीपन्ते प्रयच्छामि नमोऽनन्ताय वेधसे ।।

आकाशमा तुलामा राखेर झुलना जस्तो गरि दामोदरलाई आकाश वत्ति अर्पण गर्दछु अनन्त ब्रह्म हजुरलाइनमस्कार छ ।

८१ कार्तिक कृष्ण चतुर्दशी–मासको पात खाने मन्त्रः

माष पत्रस्य शाकेन भुकत्वा तत्र दिने नर ।
प्रेता ख्यायां चतुर्दश्यां सर्व पापैः प्रमुच्यते ।।
लिङ्गपुराण

माषको पातको साग नरक चतुर्दशीका दिन जो मानिसले खान्छ उसको सवै पाप नास हुन्छ ।

८२ नरक चर्तुदशीमा वत्ती बगा उदा भन्ने मन्त्र

दत्तो दीपश्चतुर्दश्यां नरक प्रीतये मया ।

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्दर्तिसमायुक्ता सर्वपापापनुत्तये ॥

सबै पापहरू नाश गर्नाका निमित नरकलाइ प्रसन्न गर्न नरक चर्तुदशीको दिनमा चारवत्ति युक्त दीप मैले बगाए ।

८३ कार्तिक कृष्ण अमावस्या लक्ष्मी पूजा

यस अमावस्याको दिनमा (औसीकै घडी पारेर) लक्ष्मीको पूजा गर्नु पर्दछ । यसैले साँझमा औसी पारेर गरिआएको छ ।

लक्ष्मी पूजामा ध्वजा तोरण आदि गरेर मण्डप बनाउनु अनेक फूल मालाले सुसज्जित पारी विधिपूर्वक लक्ष्मीको पूजा गर्नू । उहांलाई सुकला गराउनु शय्या बनाउनु नैवेद्यमा जे जे सकिन्छ चढाउनु ।

विशेष जाईफल ल्वाङ अलैची दालचिनी कपुर चिनी हालेर गाईको दूधमा पकाएर लड्डू बनाई चढाउनू यो लक्ष्मीलाई मन परेको नैवेद्यहो ।

CC-0. In Public Domain. Digitization by eGangotri

८४ गोवर्धन पर्वतको पूजागरी प्रार्थना गर्ने मन्त्र;

गोवर्धनधराधार गोकुलत्राणकारक ।
बहुवाहुकृतच्छाय गवां कोटि प्रदोभव ।।

पृथ्वीका आधार गोकुलका रक्षक धेरै हातहरूद्वारा छाहारी गरिएका हे गोवर्धन पर्वतराज प्रशस्त गाईहरू दिने होऊ ।

८५ वलिको पूजा गरी प्रार्थना गर्ने मन्त्र

वलिराज नमस्तुभ्यं दैत्यदानववन्दित ।
इन्द्रशत्रोऽमराराते विष्णुसान्निध्यदो भव ।।

दैत्य दानव पूजित हे वलिराजा तपाईलाई नमस्कार छ हे इन्द्रादि देवता विरोधि वलि महाराज मलाई विष्णुको नजिक पुन्याई दिनु होस ।

CC-0. In Public Domain. Digitization by eGangotri

८६ कार्तिक शुक्ल द्वितीया (भातृ पूजा)

कार्तिक शुक्ल द्वितीया भातृ पूजाको दिन दिदी बहिनीले दाजु, भाइ लाई पंचरङ्गी टीका र मखमलीको माला लगाएर पूजा गर्नू पर्दछ भन्ने पद्म पुराणमा लेखेको छ ।

टीका र मालाको संकेत निम्न प्रकार छः–

रातो – मङ्गल सूचक

सेतो – शान्ति सूचक

पहेलो – दीर्घजीवीको सूचक

नीलो – निरोगी सूचक

हरियो – बुद्धिजीवी होस भन्ने कामना

मखमलीको माला– कुनै समयमा मलिन र निस्तेज नभै सदा एकै नाश उज्वल तेजिलो होस दीर्घायु होस भन्ने कामना गरी मखमलीको माला लगाई दिने चलन छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

८७ यम पञ्चकमा यमराजलाई प्रार्थना गर्ने मन्त्र

धर्मराज नमस्तुभ्यं नमस्ते यमुनाग्रज ।
पाहिमां किंकरैः सार्द्धं सूर्यपुत्र नमोऽस्तुते ।।

हे धर्मराज हजुरलाइ नमस्कार छ, हे यमुनाका दाज्यू तपाइलाइ नमस्कार छ आफ्नादूतहरू साथै मलाई रक्षा गर्नु होस हे सूर्यपुत्र यमराज हजुरलाइ नमस्कार गर्दछु ।

८८ कार्तिक शुक्ल नवमी (कुष्माण्ड नवमी)

यसै दिन देखि सत्य युगको प्रारम्भ भएको थियो यस दिन श्री विष्णुले कुष्माण्ड नाम गरेको दैत्यलाई मार्नु भयो । त्यहि दैत्यको रौंवाट उत्पत्ति भएको कुभिण्डोहो । त्यहि कारणले कुभिण्डो वलिमा पनि चलेको छ । कुष्माण्ड (कुभिण्डो) दानमा चलेको हुनाले यो तिथि कुष्माण्ड नवमीले प्रख्यात छ । यो दिन पहेलो वस्त्र सुवर्ण सहित कुभिण्डो दान गर्नाले

CC-0. In Public Domain. Digitization by eGangotri

जन्म जन्मान्तरको पाप नाश भै अनेक धन धान्य आरोग्य सुख आदि फल मिल्ने तथा पृथ्वी दान धान्य पर्वत आदि दान गरेको फल मिल्दछ भन्ने फल बताएको छ ।

८९ भीष्म पंचकमा भीष्मलाइ अर्घ दिने मन्त्रः–

वसूनामवताराय शन्तनो रात्मजाय च ।
अर्घ्यं ददामि भीष्माय ह्यावालब्रह्मचारिणे ।।

वसुका अवतार भएका आवाल ब्रह्मचारी शन्तनु राजाका पुत्र भीष्मपितामहलाइ अर्घ्य समर्पण गर्दछु ।

९० न्वागी खादा गर्ने विधान

प्राश्नीयाद्दधि संयुक्त नवान्नं सुमनोहरम् ।
गृहीत्वा ब्राह्मणा नुज्ञां देवार्पणपुरः सरम् ।।

शुध्द दहिले युक्त नयां अन्न देवतालाई अर्पण गरेर ब्राह्मणको आज्ञा पाएपछि खानुपर्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

९१ मार्ग कृष्ण परेवाका दिन त्रिजटा लाई पूजा गरी अर्घ दिने मन्त्र:-

रामाय वरदे देवि सीतायै प्रियवादिनि ।
गृहाणार्ध्यं मया दत्तं त्रिजटायै नमोनमः ।।

राम चन्द्रलाइ वर दिने सीताका साथ प्रिय कुरा गर्ने हे देबी त्रिजटे मैले दिएको अर्ध्य ग्रहण गर्नुहोस तपाइलाइ नमस्कार छ ।

९२ मार्ग शुक्ल धान्य पूर्णिमा (यमरी पूर्णिमा)

मार्गशीर्षे सितपक्षे पिण्ड केली निधौ गृही ।
पौर्णमास्यां प्रदोषेतु धान्य क्षेत्रं समर्च्चयेत ।।
कुवेरं च शुभद्रांच गणेशं पुजयेत तथा ।
इदं प्रढौकये दादौ विधिवत पूजनं चरोत् ।।

कुल कल्प तन्त्र–तन्त्रान्तर

यो दिन कुवेर, शुभद्रा, गणेशको पूजागरि धान्य क्षेत दान गर्नु पर्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी कल्पना गरि एका महामाया शक्तिरूपिणी भगवती देवी गणेश कुमारको थरी थरी योमरिहरूलाई देव देवी सम्झी धानको राशि भएको भकारि भित्र राखी छोपी ४ दिन सम्म पूजा गर्दछन् चारौ दिनको दिन मा पूजा गरि प्रसादको रूपमा आफ्नो शरीर भित्र प्रवेश गरेको कल्पना गरी लिन्छन् र शक्ति शाली बन्न र सम्पत्ति मान हुन वर माग्दछन् ।

यो मार्गशीर्ष पूर्णिमाको दिन भँलो को गीत जस्तैः-

यो गीत यस प्रकार छः-

त्यँछि तिय वकँछि तिय लातयात कुलेवाँ जुँठ तिय । योमरी च्वामु उकी दुने हाकु ब्यूसा माकु मव्यूसा फाकु ब्यूस ल्यासे मब्यूस बुढी कुटी

यसको अर्थः-

४ माना देउ अथवा दुइ माना भएपनि देउ योमरी चुच्चो भएको त्यस भित्र कालो भएको त्यो देउ दियो भने मीठो मानी खान्छौं दिएनौ भने नमीठो भएको सम्झी नलिऔंला दिने व्यक्ति शक्तिशालिनी भई सधैं तरूनी भई रहुन् दिएनौ भने असक्त बुढी जस्तै रहेछ भनी फर्कौला ।

यो योमरी को माला बनाई २ वर्ष ४ वर्ष आदि बालकको वा बालिकाको जन्म दिनमा २ वटा राखेको ४ वटा राखेको माला बनाई आमाले लगाइदिने चलन पनि छ । अस्तु ।

१३ मार्ग शुक्ल पूर्णिमा रि धि

मार्ग शुक्ल पूर्णिमाको दिन नेवारी जातीले योमरी

CC-0. In Public Domain. Digitization by eGangotri

पुन्हि भनेर मान्दछन् ।

कार्तिक महिना भरीमा किसानहरूले खेतबाट धान कांट्ने झार्ने सुकाउने केलाउने काम सिद्धाएर भकारीमा थन्काउ छन् ।

पुगिसरी आएका व्यक्तिले सत्पात्र गरीब व्यक्तिलाई धान्य पर्वत दान दिने पनि गर्दछन् ।

नेवारी जातीले योमरी दान गर्दछन् ।गोवर्द्धन पूजा को दिनमा भैलो खेल्न आउने व्यक्तिहरूलाई धन द्रव्य दिए जस्तै यो दिन त्याँछि त्य वर्कोंछि त्य भनी माग्न आउनेहरूलाई योमरी र धान दिई पठाउछन् ।

महामाया शक्ति देवीलाई दशैंमा माहलक्ष्मी तिहारमा धन लक्ष्मी भन्दछन् भने मार्गशीर्ष पूर्णिमालाई धान्य लक्ष्मी भन्दछन् ।

यो मरीको आकार एकातिर चुच्चो र अर्को तिर झण्डै अलि चुच्चो हुन्छ । बीचमा मोटो जौको आकार जस्तै हुन्छ । बीचमा भित्र तिल र चाकु मुछी राख्दछन् । चामलको पीठोले मोडेको हुन्छ । अर्थात दक्षिणी ध्रुव र उत्तरी ध्रुवको बीचमा यो ब्राह्मण्ड पृथ्वीको जस्तै कल्पना गर्दछन् । भित्र गर्भमा मुछिएको तिल र चाकुलाई महामाया शक्तिको प्रतिक मान्दछन् । मासु भित्र राखि बनाएको यो मरीलाई गणेशको कल्पना गर्दछन् । माछको छाटालाई पिधि पोठो भित्रराखी योमरी बनाउ छन् यसलाई कुमारको कल्पना गर्दछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

१४ पौष आदित्यवार सूर्यको अंग सहित पूजाविधि-

हरेक महीनाको आदित्यवार मध्यान्हमा श्री सूर्यनारायणको पूजा दीप, कलश, गणेश स्थापना गरेर सूर्य नारायणको प्रतिमा स्थापना गरी पूजा र अङ्ग पूजा समेत गर्नु भन्ने शास्त्रोक्तीछ । त्यस दिन श्री सूर्य नारायणलाई करवीरको पात चढाउनु पर्दछ । विशेष गरेर पौष महीनाको आईतबार महत्व मान्दछन् । श्री सूर्यनारायणको पूजा गर्‍यो भने रोग दाद्ररिता नाश हुन्छ सुख शान्ति हुन्छ । यसमा १२ सुते वत्ति १२ जोर वाल्नु पर्दछ । १२ थरी नैबैद्यहरू चढाउनु पर्दछ यो दिनमा नुन, तेल, मासु मह खाम हुदैन यो पर्वदिन भएकोले स्त्रीपुरूष संगम समेत वर्जितछ ।

अङ्ग पूजाः–

ॐ मित्राय नमः पादौ पूजयामि । ॐ रवये नमः जंघे पूजयामि । सूर्याय नमः जानुनी पूजयामि । खगाय नमः उरु पूजयामि । पूष्णे नमः गुह्यं पूजयामि । हिरण्य गर्भाय नमः कटिं पूजयामि । मरीचये नमः नाभि पूजयामि । आदित्याय नमः जठरं पूजयामि । सवित्रे नमः हृदयं पूजयामि । अर्काय नमः स्तनौ पूजयामि ।

CC-0. In Public Domain. Digitization by eGangotri

भास्कराय नमः कण्ठे पूजयामि । अर्यमणे नमः स्कन्धौ पूजयामि । भास्कराय नमः हस्तौ पूजयामि । अहस्कराय नमः मुखं पूजयामि । ब्रह्मणे नमः नासिकां पूजयामि । जगदेक चक्षुषे नमः नेत्रं पूजयामि । सवित्रे नमः कर्णौ पूजयामि । त्रिगुणात्म धारिणे नमः ललाटं पूजयामि । विरञ्चि नारायण शङ्करात्मने नमः शिरं पूजयामि । तिमिर नाशिने नमः सर्वाङ्गं पूजयामि ।

प्रार्थना:–

नमः सवित्रे जगदेक चक्षुषे जगत्प्रसूति स्थिति नाश हेतवे ।। त्रयी मयाय त्रिगुणात्म धारिणे विरंचि नारायण शंकरात्मने ।।

अर्घ दिने:– यहि सूर्य सहस्रांसो ......यो मन्त्रले अर्घ दिनु पर्दछ ।

९५ माघ स्नान गर्ने मन्त्र:–

प्रातः स्नानं करोम्यद्य माघे पापविनाशनम् ।

CC-0. In Public Domain. Digitization by eGangotri

मकरस्थे रवौ माधे गोविन्दाऽच्युत माधव ।
स्नानेनाऽनेन मे देव यथोक्त फलदो भव ॥

हे गोविन्द हे अच्युत हे माधव हे देव सूर्यनानारायण मकर राशिमा प्रवेश भएको माघ महिनामा आज पाप नाशक प्रातः स्नान गर्दछु हे भगवान् यस स्नान द्वारा वताए वमोजिमको फल मलाई दिनु होस ।

१६ मकर संक्रान्तिको दिनमा गर्ने कार्यः-

रवौ मकर संख्येतु तिलमिश्रीत तण्डुलम् ।
दानं द्विजेभ्यो दत्वा च स्वयं च भोजनं चरेत ॥

तन्त्रान्तर नेपाल वर्ष कृत्य

सूर्य मकर राशिमा प्रवेश हुदा तिल, चामल व्राह्मणलाई दान दिएर घिउ चाकु तरूल तिलको लड्डु आदि खानु पर्दछ । साथै खिचडी पनि खान पर्दछ ।

१७ षटतिला एकादशी

माघ कृष्ण एकादशीलाई षटतिल एकादशी भन्दछन्, यो दिनना-

CC-0. In Public Domain. Digitization by eGangotri

तिल मिसाएको जलले स्नान गर्ने तिलको तेलले वत्ति वाल्ने तिलले अग्निमा होम गर्ने तिल मिसिएको पानी खाने तील खाने तिलले तर्पण गर्ने इत्यादि काम गरेमा राजसूय यज्ञ अथवा वाजपेय यज्ञ गरेको फल मिल्दछ ।

प्रमाणः–

तिल स्नायी तिलद्वर्त्ती तिलहोमी तिलोदकी ।

तिलभुक् तिल दाता च षडतिला पापनाशिनी ।।

स्कन्दपुराण

हिमवत खण्ड

माघ महिनामा जो मानिस तीर्थ राज प्रयागमा गएर गङ्गा यमुना सरस्वती नदिको सङ्गम त्रिवेणीमा नुहाउदछ तेस्ले राजसूय तथा अश्वमेध यज्ञको फल पाउदछ भन्ने छ ।

९८ वन्सत पंचमीः-

यो माघ शुक्ल पञ्चमी हो यस दिन देखि वसन्तको प्रारम्भ हुन्छ । यो दिन जगत्माता सरस्वतीको जन्म जयन्ती हो । वसन्त ऋतुमा श्री कृष्णको लिला चरित्र यस दिन सुरु पर्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

वसन्तेवासन्ती कुसुमसुकुमारैरवयवै भ्रमन्तींकान्तारे वहुविहितकृष्णानुसरमणम् अमन्दकन्दर्पंज्वरजनित चिन्ताकुलतया, चलद्‌वाधांराधां सरसमिदमूचे सहचरी ।१। ललितलवङ्गलतापरिशीलन कोमलमलय समीरे। मधुकरनिकरकरंवितकोकिल कुजितकुञ्जकुटीरे। बिहरतिहरिरिहसरसवसन्तेनृत्यतियुवतिजनेन समंसखिविरहिजनस्यदुरंते ।२। उन्मदमदनमनोरथ पथिकवधूजनजनित विलोप। अलिकुलसंकुलकुसुमसमूहनिराकुलवकुलकलापे ।३। विहरतिहरिरिहस...।मृगमदसौरभरभसवशंवदनबदलमालतमाले। युवजनहृदय विदारणमनसिजनखरूचिकिंशुकजाले ।४। विहरतिहरिरिहस..।मदन-महीपतिकनकदण्डरूचि केशरकुसुमविकासे मिलितशिलीमुखपाटलपटल कृतस्मरतूणविलासे ।५। विहरतिहरिरिहस..।विगलितलज्जितजगदवलोकन तरूणकरूणकृतहोसे। विरहिनिकृन्तनकुन्तमुखाकृति केतकि दंतुरितासे ।६। विहरतिहरिरिहस..। माधविकापरिमलललिते नवमालतिजातिसुगंधौ। मुनिमनसामपिमोहनकारिणितरूणाकारणवंधौ ।७। विहरतिहरिरिहस..। स्फुरदतिमुक्त-

CC-0. In Public Domain. Digitization by eGangotri

लतापरिरंभणमुकुलितपुलकितचूते । वृन्दावनविपिनेप-
रिसर परिगतयमुनाजलपूते ।८। विहरतिहरिरिहस...
श्रीजयदेवभणितमिद मुदयतुहरिचरणस्मृतिसारम् ।
सरसवसन्तसमयवनवर्णनमनुगतमदनविकारम् ।६।
विहरतिहरिरिहस...

वसन्ते वासन्ते भन्ने श्लोकहरू गीत गोविन्दमा लेखिएका छन्, यस दिन सरस्वतीको जन्म भएकोले पनि वाल वालिकाहरूलाई अक्षरारम्भ गराईन्छ यस दिन सरस्वतीको स्थानमा दर्शन गर्न छात्र छात्राहरू जान्छन। यस दिन कामदेव र रती समेतले पूजा गरि वसन्ते वासन्ते भन्ने श्लोकहरू सुन्ने गरेको हो।

६६ माघ शुक्ल सप्तमीलाई अचला सप्तमी भन्दछन्

यस दिन तीर्थराज प्रयागमा गङ्गा यमुना सरस्वतीको संगम प्रयागमा स्नान गरेको पुण्य वर्णनातीत छ अर्थात वयान गर्न सकिन्न।

माघ महिनामा वर्षा भएमा उत्पादन राम्रो हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

१०० महा शिवरात्री (फाल्गुण कृष्ण चतुर्दशी)

पिता, माता, वन्धु, नाम, गोत्र, जन्म, मरण कुनै नभएको शिवले यसै दिनलाई शिवरात्रीको मान्यता दिवक्सेको हुनाले यसै प्रमाणलाइ मानेर व्रत वस्ने चलन छ।

नपूजयति भक्तेशंरूद्र त्रिभुवनेश्वरम् ।
जन्तुजन्म सहस्त्रेषुभ्रमते नात्रसंशयः ।।

निर्णय स्कन्धे

भक्तका मालिक, त्रिभुवनपति, रूद्रको जस्ले यस दिनमा पूजा गर्दैन त्यो मनुष्य हजार जन्म सम्म भ्रमण गरि रहने छ यसमा सन्देह छैन। तसर्थ सवैले शिवको व्रत, पूजा अर्चना गर्नु पर्दछ।

१०१ फागुन कृष्ण अमावस्या:–

फाल्गुन कृष्ण अमावस्या द्वापर युगादि ही यस्मा युगादि श्राद्ध गर्नू भन्ने याज्ञवल्क्य ऋषिको याज्ञवल्क्य स्मृतिमा लेखेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

१०२ फाल्गुण शुक्ल पूर्णिमा- चीर भष्म धारणा मन्त्रः-

वन्दितासि सुरेन्द्रेण ब्रह्मणा शङ्करेण च ।
अतस्त्वं पाहिनो देवि भूक्ति मूक्ति प्रदाभव ।।

ब्रह्मा, इन्द्र, शिवले वन्दना गरिएकि तिमीछौ यस कारण हाम्रो रक्षा गर र हामीलाई भूक्ति मूक्ति दिने पनि होउ ।

चैत्र वदी प्रतिपदामा पहिले आफ्नु नित्य कर्म सकेपछि चोकमा मण्डप वनाई कामदेवको पूजा गर्नु, पहिले चीर भष्म भएको स्थानलाई ढोगेर मन्त्र पढेर (चीर भष्म) खरानी लगाउनू ।

१०३ पिशाच चतुर्दशी

यो चैत्र कृष्ण चतुर्दशीको दिनमा पर्दछ । यो चतुर्दशीलाई पिशाच भनेर किन भनेको भने चतुर्दशी तिथिको देवता महादेव हो ।

यस कारण शाहाकारी वृष वाहन महादेवले यो चैत्रकृष्ण चतुर्दशीको दिन हिंसक मांसाहारी सिंहवाहिनी पार्वतीले मासु लसुन आदि राखी सत्कार पूर्वक दिएको पिशाचरूप लिई लुकी भोजन ग्रहण गर्नुभयो

CC-0. In Public Domain. Digitization by eGangotri

अनि मात्र पार्वती खुशी हुनुभयो ।

यो दिन भन्दा पहिले महादेवले मासु लशुन सहितको भोजन गर्नु भएन अनि पार्वती रिसाएर अनसन व्रत बस्नु भयो । पार्वती दुब्लाइन् । दुब्ल्याएकी पार्वती लाई कङ्केश्वरी भनेर पुकारे । विवश भएर महादेवले लुकी छिपी मासु लशुन आदि सहित भोजन गर्नु भए पछि मात्र पार्वतीले खुशी भई भोजन गर्नुभयो । यस कारण योदिन नेवार जातिले पांचह्लें लुकु सहाद्यो भनेको हो ।

चैत्र शुक्ल तृतीया

वसन्त मास मासाद्य तृतीयायं जन प्रिये ।
सौभाग्याय सदा स्त्रीभी कार्यं पुत्र सुखेप्सुभिः ।।

मत्स्य पुराण

अजीवन सौभाग्य रहि रहोस र छोरा सन्तानको कल्याण चाहने नारीजनहरूले चैत्र शुल्ल तृतीयको दिन–सौभाग्य शापव व्रत गर्नु भनेर भनिएको छ ।

१०४ चैत्र शुक्ल परेवाका दिन नीमको पात खाने मन्त्र

सचन्दनानि पत्राणि निम्बस्य प्रपिवाम्यहम् ।

CC-0. In Public Domain. Digitization by eGangotri

सम्वत्सरं ममारोग्यं भूय न्निम्बस्य भक्षणात् ।।

मँ श्रीखण्ड चन्दन सहित नीमको पातहरू खान्छु नीमको पात खाना ले मलाई वर्ष भरि आरोग्य रहोस्।

१०५ चैत्र शुक्ल तृतीया

वसन्त मास मासाद्य तृतीयायं जन प्रिये ।

सौभाग्याय सदा स्त्रीभी कार्यं पुत्रसुखेप्सुभिः ।।

मत्स्य पुराण

आजीवन सौभाग्य रहि रहोस र छोरा सन्तान को कल्याण चाहने नारीजनहरूले चैत्र शुक्ल तृतीयाको दिन सौभाग्य शपव व्रत गर्नु भनेर भनिएको छ ।

१०६ चैत्र शुक्ल अष्टमीं आशोक कलिकाष्ट प्रासन मन्त्रः—

अशोक कलिकाश्चाष्टौ ये पिवन्ति पुनर्वसौ ।

चैत्रे मासि सिताष्टम्यां न ते शोक मवाप्नुयुः ।।

CC-0. In Public Domain. Digitization by eGangotri

चैत्र शुक्ल अष्टमीमा अशोकको आठ ओटा मुजुरा जो खान्छन् तिनीहरूले शोक भोग्नु पर्दैन।

प्राशन मन्त्रस्तु –

त्वाम शोक नराभीष्तं मधुमास समुद्भवम् ।
पिवामि शोक संतप्तो माम शोकं सदाकुरू ।।

निर्णय सिन्धु

सबै मानिसको प्रिय भएको हे अशोक तिमी चैत्र महिनामा जन्मेका छौ म तिमीलाई पान गर्दछु सधै मलाई शोक रहित वनाउ ।

१०७ चैते दशै–

चैत्र शुक्ल अष्टमीमा नव दुर्गाको व्रत पूजा गरि उत्सव मनाउने शास्त्र सिद्ध कुरा हो पैल्हेपैल्हे यहि अष्टमीलाई महा अष्टमी मान्ने प्रचलन थियो भन्ने सुनिन्छ । राम चन्द्रले रावणलाई विजय गरे पछि शरद ऋतुमा भवानी नव दुर्गाको पूजा, ब्रत, पाठ आदि गर्ने चलन चलेको हो भन्ने किं बदन्ति छ ।

१०८ चैत्र शुक्ल नवमी
(राम नवमी

CC-0. In Public Domain. Digitization by eGangotri

यसै दिन श्री राम चन्द्रको जन्म भएकोले व्रत, पूजा रामायण पाठ गर्ने परंपरा चलि आएको छ ।

१०९ सोमवती अमावस्या (सौंवारे औंशी)

सिनीवाली कुहूर्वापि यदि सोम दिने भवेत् ।
गो सहस्र फलं दद्यात् स्नानंवै मौनिना कृतम् ।।

सोम वारको दिन सिनिवाली, कुहू, जुन सुकै औंसी परेता पनि नबोली स्नान गर्नाले हजार गाई दान गरेको पुण्य मिल्दछ ।

कुनै पनि औंसीको रात्रीमा भोजन नगर्नू औंसीको दिन रात्रीमा भोजन नगर्नू यसलाई निशिवार्न भन्दछन् भोजन नगर्नू भन्नाले भातनखानु।

भनिएको पनिछ –

गृद्धञ्च दश जन्मानि द्वादशो जन्म सूकरः ।।
सप्त जन्मा दि स्वानाश्च निशी भोजनातो भवेत् ।।

स्नान दान र हलो वार्नू पर्दा औंसीको उदय वार्नू पर्दछ ।

बाबु हुदै आमा नहुनेले औंसी वार्नू पर्दैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

११० बार्ह महिनामा नारायण, लक्ष्मी र सूर्यका नामहरू

महिना	नारायणको नाम	लक्ष्मीको नाम	सूर्यको नाम
बैशाख	मधुसूदनः	मोहिनी	भानुः
जेष्ट	त्रिविक्रमः	पद्माक्षी	इन्द्रः
आषाढ	वामनः	कमला	रविः
श्रावण	श्रीधरः	कान्तिमती	गभस्तिः
भाद्र	ऋषीकेशः	अपराजिता	यमः
आश्विन	पद्मनाभः	इषा	सुवर्णरेताः
कार्तिक	दामोदरः	राधा	दिवाकरः
मार्ग	केशवः	विशालाक्षी	मित्रः
पौष	नारायणः	लक्ष्मी	बिष्णुः
माघ	माधवः	रूक्मिणी	अरूणाः
फाल्गुन	गोविन्दः	धात्री	सूर्यः
चैत्र	विष्णुः	रमा	वेदाङ्गः

१११ चन्द्रमाको षोडश नाम

हिमाँशु १ सोम २ चन्द्र ३ विधु ४ कुमुदवन्धु ५ सुधाँशु ६ ओषधीश ७ अब्ज ८ मृगाङ्क ९ कलानिधि १० नक्षत्रनाथ ११ शर्वरीपति १२ जैवातृक १३ द्विजराज १४ रोहिणीवल्लभ १५ इन्दु १६

CC-0. In Public Domain. Digitization by eGangotri

११२ सप्त मातृकाको नाम

ब्राह्मी माहेश्वरी चैव कौमारी वैष्णवी तथा ।
वाराही च तथेन्द्राणी चामुण्डा सप्त मातृकाः ।।

१. ब्राह्मी २. माहेश्वरी ३. कौमारी. ४. वैष्णवी ५. वाराही ६. इन्द्राणी ७. चामुण्डा

	इ.	पू.	आ.
		आकाश	
दश दिक्पालको नाम	उ.	पृथ्वी	द.
	वा.	प.	नै.

१. इन्द्र २. अग्नी ३. यम ४. निरृति ५. वरुण ६. वायु ७. कुवेर ८. शिव ९. ब्रह्मा १०. अनन्त

११३ ब्रतको भोली पल्टको पारायण विधि

शालिग्रामको चरणोदक, तुलसी पत्र केरा द्रव्य युक्त अर्धपात्रलाई अंजलीमा राखेर तलको मन्त्र पढ्नु ।

ब्रतानां ब्रतराजेन्द्र ब्रतानां ब्रतमुत्तमम् ।
ब्रतच्छिद्रं तपश्छिद्रं यच्छिद्रं यत्रा कर्मणि ।
सर्वं भवतु मे ऽ छिद्रं ब्राह्मणाभवताङ्गिरा ।।

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणा यानिभाषन्ते मन्यन्ते तानि देवताः ।।
सर्वदेव मयो विप्रो नतद्वचन मन्यथा ।
उपवासो व्रतं चैव स्नानं तीर्थं फलं तपः ।।
विप्रैः संभाषितं यच्च नतद्वचन मन्यथा ।।
व्यास वाल्मीकि वचनात् पराशर वसिष्ठयो : ।।
गर्गगौतमधौम्यात्रि कस्यपाङ्गि रसांत्तया ।।
वचनान्नारदादीनां संपूर्ण भवतु व्रतम् ।।
कृतै तस्मिन्निराहार विधौ मया विधिहीनं देश हीनं
क्रिया हिनं श्रद्धा हीनं दक्षिणा हीनं च यत्कृतं
तत्सुकृत मस्तु यन्न कृतं तद्विष्णोः प्रसादात्
ब्राह्मणवचनाच्च सर्वं परिपूर्ण मस्तु, अस्तु परिपूर्णश्
इति अभिमन्त्र्य ब्राह्मण हस्तात् तुलसी पत्र सहीतं
शालग्रामो दकंमादाय–अकाल मृत्यु हरण मिति
मन्त्रेण पिनेत् ।

व्रतहरूमा श्रेष्ठ भएको व्रतमा उत्तम जो व्रत गरिराखेको छु त्यसमा जुन अपूरो हुन्छ त्यसमा व्राह्माणहरूको वचनद्वारा सबै परिपूर्ण होस किन भनेव्राह्मणहरूले जुन कुरा वोल्दछन ती कुराहरूलाई देवताहरू ले पनि मान्द छन्, ब्राह्मग सम्पूर्ण देवता स्वरूप छन्, तिनिहरूको वचन अन्यथा हुदैंन उपवास व्रत स्नान तीर्थ तपस्याहरूको सिद्धिका निमित व्राह्मणहरूले जो आर्शीर्वादि दिन्छन् त्यो अन्यथा हुदैंन । व्यास वाल्मिकी पराशर वसिष्ठ गर्ग गौतम धौम्य अत्रि कश्यप अंगिरा नारद आदि ऋषिहरू को वचन अनुसार मैंले गरेको व्रत परिपूर्ण होवस मैले गरेको यस निरा-

CC-0. In Public Domain. Digitization by eGangotri

हार उपवास मा विधि देश क्रिया श्रध्दा दक्षिणा आदि अपूर्ण भएको भए पनि त्यो पूर्ण होस जो गर्नु पर्ने काम पूर्ण भएको छैन त्यो भगवान विष्णुको अनुग्रहले र ब्राह्मणहरूको वचनले परिपूर्ण होस परिपूर्ण होस यसरी अभिमन्त्रणगरेर ब्राह्मणको हातबाट तुलसी पत्र र शालिग्रामको जललाई लिएर अकाल मृत्यु हरणम् इत्यादि माथि बताएको मन्त्रले तुलसी पत्र सहित जल पिउनू ।

११४ पत्नीको पति र पतिबन्धु प्रति कर्तव्यः—

वस्त्रालङ्करणादीनि प्रदत्तान्येव धारयेत ।
मनोवाक् कर्मभिः शुद्धा पतिदेशाऽनु वर्तिनी ॥१॥
(व्यास संहिता)

हरिद्रां कुंकुमां चैव सिन्दूरं कज्जलं तथा ।
कूर्पासकं चताम्बूलं माङ्गल्या भरणं तथा ॥२॥
(स्कन्द पुराण)

केश संस्कार कवरी करकर्ण विभूषणम् ।
पत्युरा युष्य मिच्छन्ती दूरयेन्न क्वचित् सती ॥३॥
(स्कन्द पुराण)

स्त्रीणां च पतिदेवानां तच्छुश्रूषा ऽनुकूलता ।
तद्बन्धुष्वनुवृतिश्च नित्यं तद् व्रत धारणम् ॥४॥
(श्री मद्भागवत)

सन्तुष्टा ऽलोलुपा दक्षा धर्मज्ञा प्रियसत्यवाक् ।

CC-0. In Public Domain. Digitization by eGangotri

अप्रमत्ता शुचिः स्निग्धा पतिं त्व पतितं भजेत् ॥५॥,,
अस्वर्ग्यं मयशस्यं च फाल्गु कृच्छ्रं भयाऽवहम् ।
जुगुप्सितं च सर्वत्र औपपत्यं कुलस्त्रियः ॥६॥ (,,)

मन वचन कर्मले शुध्द भएर पतिको आज्ञा अनुसार चल्ने पत्नीले पतिबाट पाएको वस्त्र भूषण गहनाहरू सधैं लगाउनू ।१। हलेदो चूर्ण घसेर नुहाउनु कुंकुम युक्त सिन्दुरको टीका र गाजल लाउनु सधैं चोलो लाउनू, ।२। सौभाग्य दिने मङ्गल कारक तिलहरी पोतेचुरा हात कानको गहना लगाउनू ।३। कपाल नुहाउनु कोर्नू चुल्ठो बाटनु सिंगार पटार गर्नु यी सबै पतिको आयु बढाउने हुनाले स्त्रीले कहिल्यै पनि नछाडनू ।४। पतिव्रता स्त्रीहरूले सधैं पति सेवागर्नु र पतिको अनुकूल वन्नू, मान्य-जनहरू प्रति सम्मान गर्नू सधैं नियमी भएर रहनू । सन्तोषी निर्लोभी सिपालु धर्मजान्ने प्यारो र साँचो बोल्ने होसियार रहने पवित्र शान्त भएर पतित नभएका पतिको सेवा गर्नू ॥५॥ कुलीन स्त्रीहरूले कहिल्यै पनि अर्को पतिको इच्छा नगर्नू त्यो काम नरक पर्ने बदनाम हुने तुच्छ र ठूलो दुःख हुने डर हुने सबैतिर निन्दा हुने ज्यादै नराम्रो काम हो ।६।

११५ पुरुषको पत्नी प्रति कर्तव्य मनु महाराजले बताउनु भएको

पितृभिर्भ्रातृभिश्चैताः पतिभिर्देवरैस्तथा ।
पूज्या भूषयितव्याश्च बहुकल्याण मीप्सुभिः ॥

CC-0. In Public Domain. Digitization by eGangotri

यत्र नार्यस्तुपूज्यन्ते रमन्ते तत्र देवताः ।
यत्रैतास्तु नपूज्यन्ते सर्वास्तत्राऽफलाः क्रियाः ।।

सबै गृहस्थि र कल्याण चाहनेले स्त्री प्रति चाहे ऊ पिता, काका, भाई' पति, देवर सबैले पूज्य मानेर उनको आदर गरनु पर्दछ । किन कि जुन घरमा स्त्रीको उचित सम्मान हुन्छ वहाँ देवताहरू रमाउने गर्दछन् जुन घरमा उनीहरूको अनादर गरिन्छ त्यहाँ सबै काम गृहस्थीले गर्न चाहेको निष्फल हुन्छन् ।

स्वां प्रसूतिं चरित्रं च कुलमात्मानमेवच ।
स्वं च धर्मं प्रयत्नेन जायां रक्षन् हि रक्षति ।।

मनुस्मृति

पतिर्भार्यां संप्रविश्य गर्भो भूत्वेह जायते ।
जायायास्तद्धि जायात्वं यदस्यां जायते पुनः
अर्थस्य संग्रहे चैतां व्यये चैव नियोजयेत् ।
शौचे धर्मेऽन्न पक्त्यां च पारिणाह्यस्य बेक्षणे ।।

आपनी धर्मपत्नीको रक्षा गरेमा मात्र आपना सन्तान चरित्र कुल आफू आपनो धर्मको रक्षा हुन्छ । पति वीर्यद्वारा पत्नीको देहमा प्रवेश गरेर पत्नीबाट सन्तान रूपले जन्मन्छ त्यसैले पत्नीलाई जाया भनेको छ । अतः धर्म पत्नीलाई आदर गर्नु पर्दछ । धन संग्रह गर्न खर्चगर्न पवित्र रहन धर्म कार्य गर्न खान पानको हेर चाह गर्न घरका मालतालहरू रक्षा गर्न पत्नीलाई अधिकार दिनु पर्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

११६ पिता माता प्रति पुत्र कर्तव्य

नह् यतो धर्मचरणं किंचिदस्ति महत्तरम् ।
यथा पितरि शुश्रूषा तस्य वा वचन क्रिया ।।

वाल्मीकि रामयण अयोध्या १६/२२

नास्ति शक्तिः पितुर्वाक्यं समति क्रमितुं मम ।
प्रसादये त्वां शिरसा गन्तु मिच्छाम्यहं वनम्

।ऐ।२१/३०

ऋषिणाच पितुर्वाक्यं कुर्वता वनचारिणा ।
गौर्हता जानताऽधर्म कण्डुना च विपश्चिता ।। ३१
अस्माकं नुकुल पूर्वं सगरस्या ज्ञया पितुः ।
खनभ्दिः सागरै भूमिमवाप्तः सुमहान् वधः ।।३२
जाम दग्नेन रामेण रेणुका जननी स्वयम् ।
कृपा परशुनाऽरण्ये पितुर्वचन कारणात् ।। ३३
एतैर न्यैश्च बहुभिर्देवि देवसमैः कृतम् ।
पितुर्वचन मक्लीवं करिष्यामि पितुर्हितम् ।। ३४
नखल्वे तन्मयैकेन क्रियते पितृशासनम् ।
एतैरपि कृतं देवि ये मया परिकीर्तिताः ।। ३५
नाऽह धर्ममपूर्वं ते प्रतिकूलं प्रवर्तये ।
पूर्वै रयमिप्रेतो गतो मार्गो ऽनुगम्यते ।। ३६
तदेतत्तु मयाकार्यं क्रियते भुवि नाऽन्यथा ।

CC-0. In Public Domain. Digitization by eGangotri

पितुर्हि वचनं कुर्वन् न कश्चिन्नाम हीयते ।३७।

सर्वार्थ संभवो देहो जनितः पोषितो यतः ।

नतयोर्याति निर्वेशं पित्रो र्मर्त्यः शतायुषा ।

भागवत-१०/४५/५

यस्तयो रात्मजः कल्प आत्मना च धनेनच ।

वृत्तिन दद्यात्तं प्रेत्य स्वामांसं खादयन्तिहि ।६।

मातरं पितरं वृद्धं भार्यां साध्वीं सुतं शिशुम् ।

गुरूं विप्रं प्रपन्नं च कल्पोऽ विभ्रच्छ्वसन्मृतः ।७।

आयुः प्रजां धनं विद्यां स्वर्ग मोक्ष सुखानिच ।

प्रयच्छन्ति तथा राज्यं पितरः श्राद्ध तर्पिताः ।१।

जीवतो वाक्य करणान् मृताहे भूरिभोजनात् ।

गयायां पिण्ड दानाच्च त्रिभिः पुत्रस्य पुत्रता ।१।

श्री रामचन्द्रज्यूले आफ्नी जननी कैकेयी महारानी प्रति निवेदन गर्नु भएको वन गमनको प्रसङ्गमा (वाल्मिकि रामायण) हे जननी ! बाबुको सेवा अटल गर्नु र पितृ आज्ञा पालन गर्नु भन्दा ठूलो धर्म कुनै पनि पुत्रका निमित्त छैन। सेवा र आज्ञा पालन गरे पछि उसले अरू धर्म गर्न आवश्यक पर्दैन ।। वहाँले महारानी कौशल्यामा निवेदन गर्नु भएको हे मुमा बुवाको आज्ञा उल्लघन गर्ने मेरो सामर्थ्य छैन। अर्थात म उल्लघन गर्दिन म वन जान चाहन्छु, हजुरलाई दण्डवत गर्दछु प्रसन्न हुनुहोस ।।३०।। वनमा बसेका विद्वान कण्डु ऋषिले गोवध अधर्म हो भनि थाहा पाउँदा पाउँदै पनि पिताजीको आज्ञा उल्लघन गर्न नसकेर गोवध गरेका थिए ।⁻ । हाम्रै कुलमा पहिले आफ्ना पिताज्यू सगर महाराजको आज्ञा

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लधन गर्न नसकि उनका छोराहरूले अश्वमेध यज्ञको घोडा हराएको खोजी गर्दा पृथ्वीलाई अनादर गरी खन्दा सबैले ज्यान गुमाउनु परेको थियो ।।३२।। जमदग्निका छोरा श्री परशुरामले आफ्नै आमा रेणुका-लाइ वावुको आज्ञा उल्लधन गर्न नसकी मारेका थिए ।।३३।। हे मुमा यसरी यिनीहरूले र देव समान भएका अरू पुरुषहरूले पनि वावु आमाको आज्ञा को उल्लधन नगरेका धेरै उदाहरणहरू प्रसस्त छन त्यसैले म पनि पिताजीको आज्ञालाइ उल्लधन गर्न सक्तिन ।।३४।। हे मुमा खाली मैले मात्र पिताजीको आज्ञा सर्वोपरि मानेर वनजान लागेको होईन अरू माथि वताएका ऋषि आदिले पनि पुत्र कर्तब्य संझेर पिताको आज्ञालाई शिरोपर गरि आएका हुन ।।३५।। पहिले देखि चलि राखेको यो परम्परा धर्मलाइ म तोडन सक्तिन हाम्रा पूर्वजहरूले इष्ट मानि राखेको यो धर्म लाइ हामीले पनि अनुसरण गर्नु पर्दछ ।।३६।। यस संसारमा जन्मेको मैले पनि अन्यथा गर्नु अधर्म हुन्छ वावुको आज्ञा पालना गर्ने पुरुष कही पनि कहिल्यै पनि निन्दनीय हुदैन ।।३७।। धर्म अर्थ काम मोक्ष यी ४ कुरानै सिद्धि गर्न सक्ने यो दुर्लभ शरीर दिन सक्ने र यस शरीरलाई सर्वा-त्मना पुष्ट गराउने मातृ पितृको सय वर्ष वाचने पुत्रले पनि सेवा गरेर रिण चुकाउन सक्तैन ।।५।। समर्थवान पुत्रले पनि शरीरद्वारा र धनले आफ्ना आमावावुको सेवा गर्दैन भने मरेपछि त्यसलाई यमराजका दूतले आफ्नो मासु उसलाइ खान लगाउँदछन् ।।६।। समर्थवान भएर पनि बृद्ध आमावुवा, पतिव्रतास्त्री, वालखपुत्र गुरू व्राह्मण र शरणागतहरूको हेरचाह गर्दैन भने वांचे पनि त्यो मरे सरह हो ।।७।। श्रद्धापूर्वक दिएको अन्न आदिले तृप्त भएर प्रसन्न भएका मातृ पितृ आदि पितृहरूले आफ्ना सन्तानलाइ दीर्घआयु सन्तान धन विद्या स्वर्ग मोक्ष र सुख पनि दिन सक्तदछन् ।।१।। वाचुञ्जेल वाबु आमाको आज्ञा पालन गर्नाले परलोक भएपछि श्राद्ध परेको दिन व्राह्मण दुःखी दरिद्रीहरू धेरैलाई भोजन

CC-0. In Public Domain. Digitization by eGangotri

गराउनाले गयामा गएर भक्तिपूर्वक पिण्डदान गर्नाले मात्र पुत्र पुत्र भन्न लायक हुन्छ । पुन्नाम गरेको नरकमा पर्नुबाट बाबुआमालाई बचाउनेलाई मात्र पुत्र भनिन्छ ॥१॥

११७ परदेश गएको वखत वासस्थानबाट हिंडदा पढ्ने मन्त्रः-

गच्छ गौतम शीघ्रं त्वं ग्रामेषु नगरेषु चा /
आसनं भोजनं शय्यां स्थानं मे परि कल्पय ।

गौतम! चाडै गएर गाउँ, नगरमा आसन, भोजन, शय्यास्थान मेरोलागि व्यवस्था गर ।

११८ तिथिका नामहरू

प्रतिपच्च द्वितीया च तृतीया तदनन्तरम् ।
चतुर्थी पञ्चमी षष्ठी सप्तमी चाष्टमी ततः ।
नवमी दशमी चैवेकादशी द्वादशी ततः ।
त्रयोदशी ततः प्रोक्ता ततो ज्ञेया चतुर्दशी ।
पूर्णिमा शुक्ल पक्षेन्त्या कृष्ण पक्षे त्वमास्मृता ।

१. प्रतिपदा, २. द्वितीया, ३. तृतीया, ४. चतुर्थी, ५. पञ्चमी, ६. षष्ठी ७. सप्तमी, ८. अष्टमी, ९. नवमी, १०. दशमी, ११. एकादशी,

CC-0. In Public Domain. Digitization by eGangotri

१२. द्वादशी, १३. त्रयोदशी, १४. चतुर्दशी, १५. शुक्ल पक्षमा पूर्णिमा, ३०. कृष्ण पक्षमा अमावस्या यी १६ तिथीको नाम हुन ।

११६ नक्षत्रका नामहरू

अश्विनी भरणी चैव कृत्तिका रोहिणी मृगः ।
आर्द्रापुनर्वसुः पुष्यस्तथाऽश्लेषा मघा ततः ।
पूर्वाफाल्गुनिका चैव उत्तराफाल्गुनी ततः ।
हस्त चित्रा तथा स्वाती विशाखा तदनन्तरम् ।
अनुराधा ततो ज्येष्ठा ततो मूलं निगद्यते
पूर्वाषाढोत्तराषाढा त्वभिजि च्छ्रवणं ततः ।
धनिष्ठा शततारारख्यं पूर्वाभाद्र पदा ततः ।
उत्तराभाद्रपदा चैव रेवत्य तानि भान्ति च ।

१ अश्विनी २ भरणी, ३ कृतिका, ४ रोहिणी, ५ मृगशिरा, ६ आर्द्रा ७ पुनर्वसु, ८ पुष्य, ९ अश्लेशा, १० मघा, ११ पूव फाल्गुनी, १२ उत्तरा फाल्गुनी, १३ हस्त, १४ चित्रा १५ स्वाती, १६ विशाखा, १७ अनुराधा, १८ ज्येष्ठ', १९ मूल, २० पूर्वाशाडा २१ उत्तरा षाढा, २२ अभिजित, २३ श्रवण २४ धनिष्ठा, २५ शतभिषा, २६ पूर्वा भाद्रपदा २७ उत्तरा भाद्र पदा, २८ रेवती । यो अभिजित सहित २८ नक्षत्र छन्, उत्तराषाढाको चौथी चरण श्रवणको आदिको १ पाउ यसमा १.२ पाउ हुनु पर्दछ १ पाउ लाई अभिजित भनिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

१२० राशिका नामहरू

मेषो वृषो नृयुक्कर्क सिंह कन्या तुलालयः ।
धनुर्मृगो घटो मीनो राशि नामान्यनुक्रमात् ।

१. मेष, २ वृष, ३ मिथुन, ४ कर्कट, ५ सिंह, ६ कन्या, ७ तुला, ८ वृश्चिक, ९ धनु, १० मकर ११ कुम्भ, १२ मीन यी बाह्र राशिका नाम हुन् ।

१२१ राशिका मालिकहरु

मेष वृश्चिकयोर्भौमः शुक्रो वृष तुलाधिपः ।
बुध कन्या मिथुनयो श्चन्द्रमाः कर्कटाधिपः ।
धनुर्मीनाऽधिपो जीवः शनिर्मकर कुंभयोः ।
सिंहस्याधिपतिः सूर्यः कथितो गणकोत्तमैः ।
कन्यायां राहुराख्यातो केतौर्वै मिथुनस्यच ।

मेष र वृश्चिकको स्वामी मङ्गल, वृष र तुलाको स्वामी शुक्र, कन्या मिथुनको बुध, कर्कटको चन्द्रमा, धनु, मीनको वृहस्पति, मकर, कूम्भको शनि, सिंहको सूर्य, कन्याको राहु र मियुनको केतु यी १२ राशिको मालिक नव ग्रह हुन् ।

१२२ अथ शतपद चक्रोद्धार

चुचेचोला पदेष्वाद्ये लिलुलेलो यमस्यमे ।
अइउए इमेऽग्नेर्भे ओवाविवु तथा कभे ।

CC-0. In Public Domain. Digitization by eGangotri

वेवोकाकि मृगेख्याताः कुघङक्षास्तु रौद्रभे ।
डिडुडेडो इमेसार्पे मामिमूमे मघामिधे ।
मोटाटिटू भगेख्याताः टेटोपप्यर्थ मर्क्षे ने ।
पुषणठस्तथा हस्ते पेपोररीति चित्रभे ।
रूरेरोतास्तथा स्वातौ तितूतेतो द्विदैवभे ।
नानिनूने क्रमान्मैत्रे नोयायियू ईतीन्द्रभे ।
येयोभभीति नूलाख्ये भूधाफाढ जलस्यभे ।
भेभोजाजीति विश्वर्क्षे जुजेजोखाऽभिजिद् भवेत् ।
खिखूखेखो श्रुतौज्ञेया गागिगूगे च वासवे ।
गोसासीसू जलेशर्क्षे सेसोददीत्यजांघ्रिमे ।
दूथझञास्तथो पान्त्ये देदोचाचीति पौष्णभे ।

एक एक नक्षत्रमा चार चार अक्षरको चार चार चरण हुन्छ । १ चुचेचोला अश्विनी, २ लिलुलेलो भरणी, ३ अइउए कृतिका, ४ ओवाविवु रोहिणी, ५ वेवोकाकि मृगशिरा, ७ कुघङछ आर्द्रा, ७ केकोहही पुनर्वसु ८ हुहेहोडा पुष्य ६ डिडुडेडो अश्लेषा, १० ममिमुमे मघा, ११ मोटाटीटू पूर्वा फाल्गुणी, १२ टेटोपपि उत्तरा फाल्गुणी, १३ पुषणठ हस्त, १४ पेपोररी चित्रा, १५ रुरेरोता स्वाती, १६ तितूतेतो विशाखा, १८ ननिनूने अनुराधा, १८ नोयायियू ज्येष्ठा, १६ येयोभभी मूल, २० भूधाफाढ पूर्वाषाढा, २१ भेभोजाजी उत्तराषाढा, २२ जुजेजोखा अभिजित, २३ खिखूखेखो श्रवण, २४ गगिगुगे धनिष्ठा, २५ गोसासीसू शतभिषा, २६ सेसोददी पूर्वा भाद्रपदा, २७ दुथझज उत्तरा भाद्रपदा, २८ देदोचाचि रेवति, यहाँ अआ इ. ई. उ. ऊ. इत्यादि तथा षसश यी सबको समान जान्नु पर्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

१२३ चन्द्रमाको दिशाज्ञान राशि अनुसार

मेषेच सिंहे धनु षीन्द्र भागे,
वृषेच कन्या मकरेच याम्ये ।
कुम्भे तुलायां मिथुने प्रतीच्यां,
कर्कालि मीनेषु तथो त्तरायाम् ।

मेष, सिंह, धनमा चन्द्रमा पूर्वमा, वृष, कन्या र मकरमा चन्द्रमा दक्षिण भागमा, मिथुन, तुला, कुम्भमा चन्द्रमा पश्चिममा, कर्कट, वृश्चिक मिनमा चन्द्रमा उत्तरमा हुन्छ ।

१२४ चन्द्रमाको फल विचार

संमुखे चार्थलाभः स्याद्दक्षिणे सुख सम्पद :।
पृष्ठेच मृत्यु संतापौ वामे चन्द्रे धन क्षयः ।

सम्मुख चन्द्रमामा धन लाभ, दक्षिण (दाहिने) मा सुख सम्पत्ति पृष्ठ [पछाडी] मरण सन्ताप, र वायाँ चन्द्रमा धन क्षय हुन्छ ।

१२५ वार अनुसार भ्रमण विचार

पूर्वां शनौ वह्नि दिशं न शीतगौ
गुरौ न याम्यां न वुधे च नैऋतौ ।
रवौ प्रतीच्यां भृगुजे न वायवी,
गच्छे दुदीची न च मङ्गले वुधे ।

CC-0. In Public Domain. Digitization by eGangotri

शनिवार पूर्व दिशामा जानु ठीक छैन (भ्रमण नगरोस), सोमवारको अग्निकोण, वृहस्पती वारको दक्षिण, वुधवारको नैऋत कोण, रविवारको पश्चिम, शुक्रवारको वायव्यकोण, मंगल र वुधवारको उत्तर दिशामा भ्रमण नगरोस, यहाँ दिशा र कोणको विभाग देखि दिशा शुल भनिएको छ यस-कारण वुधवारको ईशानकोणमा गमन नगरोस । अन्यथा शनिवार र सोम-बारको पूर्व, वृहस्पतिवारको दक्षिण, रविवार र शुक्रवारको पश्चिम र मंगल-वार र वुधवारको उत्तर दिशामा जान हुदैन ।

१२६ तिथिको नन्दादि सञ्ज्ञा

नन्दा भद्रा जया रिक्ता पूर्णाश्च तिथयः क्रमात् ।
वारत्रयम समावर्त्यं तिथयः प्रतिपन्मुखाः ।

प्रतिपदा देखि पाँच पाँच तिथिमा क्रमले १५ तिथिमा तीन पटक दोह-रिन्छन–१ नन्दा २. भद्रा ३. जया ४. रिक्ता ५. पूर्णा यो नाम ।

१२७ योगिनी निवास

प्रतिपत्सु नवम्यां च पूर्वस्यां दिशि योगिनी ।
अग्नि कोणे तृतीयायामेकादश्यां च सास्मृता ।
त्रयोदश्यां च पञ्चम्यां दक्षिणस्यां च योगिनी ।
द्वादश्यां च चतुर्थ्यां च नैऋत्यां च शिवा स्मृता ।
चर्तुर्दश्यां च षष्ठ्यां च पश्चिमायां च योगिनी ।
सप्तम्यां पूर्णिमायां च वायव्यां पार्वती स्मृता ।
दशम्यां च द्वितीयायामुत्तरस्यां शिव प्रिया ।

CC-0. In Public Domain. Digitization by eGangotri

ईशान कोणे चाष्टम्यां तथा दर्शे च योगिनी ।

प्रतिपदा र नवमी तिथिमा पूर्व दिशामा योगिनी रहन्छ । तृतीया एकादशीमा अग्नि कोणमा, पञ्चमी त्रयोदशीमा दक्षिणमा, द्वादशी चौथीको नैऋत कोणमा, चतुर्दशी षष्ठी तिथिको पश्चिम दिशामा, पूर्णिमा सप्तमीको वायु कोणमा, दशमी द्वितीया तिथिको उत्तर दिशामा र अष्टमी अमावस्या तिथिको ईशान कोणमा योगिनी रहन्छ ।

१२८ योगिनी फल

योगिनी सुखदा वामे पृष्ठे वाञ्छितदायिनी ।
दक्षिणे धनहन्त्री च सम्मुखे मरणप्रदा ।

योगिनी वांया भागमा रहेको वखत जो काम गरिन्छ त्यो शुभ हुन्छ र योगिनी पछाडि भएको वखत अभीष्ठ सिद्धि दिने हुन्छ । दाहिने भागको योगिनी धन नास गर्ने हुन्छ र सम्मुख योगिनीमा मरण हुने सम्भावना हुन्छ तथा युद्ध यात्रामा, सम्मुख र वांया भागको योगिनी शुभ दिने हुदैन । यो रामाचार्यको मत हो ।

१२९ नामकरण गर्दा नाम जुराउने प्रक्रिया

गतर्क्षनाड्यः खरसेषुशुद्धा,
निजर्क्षनाडी सहिता भभोगः ।
गतर्क्ष नाड्युनित शुद्ध युगवा ।
सूर्योदयाद्या घटिका भयातः ।

CC-0. In Public Domain. Digitization by eGangotri

जन्म नक्षत्र देखि अघिल्लो नक्षत्रको घटि पलालाई ६० मा घटाएर आएको शेष अङ्कमा जन्म नक्षत्रको घटि पला जोडनु भभोग हुन्छ । ६० मा घटाउदा आएको शेष अङ्कमा सूर्योदय देखिको ईष्ट घटि जोडको भयात हुन्छ । भभोगलाइ ४ ले भाग गर्दा आएको लब्धि जन्म नक्षत्रको पाउ हुन्छ । जस्तै २०४३ माघ १९ गये सोमवार प्रातः ५ वजेर ३० मिनेट को ईष्ट घण्टा छ यसलाई घटिमा परिणत गर्दा १९ गतेको सूर्योदय घण्टा ६ । ३७ मा जन्म समय ५ । ३० घटाउदा शेष

५ । ३०

१ । ७ घण्टा १ । ७ मिनेट भयो यसलाई घटिमा परिणत गर्दा ($2\frac{1}{2}$ बिप्ला = १ पला, $2\frac{1}{2}$ पला = १ मिनेट, २४ मिनेट = १ घटी' १ घण्टा = $2\frac{1}{2}$ घटी, $2\frac{1}{2}$ विपला = १ पला, = $2\frac{1}{2}$ पला = १ मिनेट, २४ मिनेट = १ घटी, १ घण्टा = $2\frac{1}{2}$ घटी अर्थात $2\frac{1}{2}$ घटी अब यस अनुसार यहां १ घण्टा ७ मिनेटको २ घटी ४७ पला भयो) माघ १८ गतेको रात्रीको घटी ३३ पला ४ मा २ घटी ४७ पला घटाउदा ३३ । ४

−२ । ४७

३० । १७

३० । १७ भयो यहाँ ३३ । ४ को अंकलाई ३२ । ६४ राखी घटाउन सुविधा युक्त हुन्छ ३३ घटी मध्ये ६० पलाको १ घटी भएकाले ३३ वाट ६० सापट लगेर +४ गरे पछि ६४ पला भयो ३२ । ६४ वाट २ । ४७ घटाउदा

−२ । ४७

३० । १७

४ वाट ४७ नघटने हुदानै वायाँ वाट सापट लगी दायां राखिन्छ यस प्रकार ३० । १७ घटी पलानै शेष हुन आयो । यसमा दिनमान २६ । ५६ × ३० । ५७ जोडदा सूर्योदयात् गत इष्ट घटी ५७ । ५३ हुने ।

CC-0. In Public Domain. Digitization by eGangotri

आयो अब यो ५७।१३ इष्टवाट गतर्क्षवाट भभोग भयात ल्याउदा ६० मा शतभिषाको घडि ० पला ३८ घटाउदा–०।३८ =५९।२२ भयो

५९।२२

निजर्क्ष पात्रोमा भएको जन्म नक्षत्रको घटि ५९ पला ९ जोडदा ५९।२२ =५८।३१ यो

+५९।९

५८।३१

भभोग भयो। अब भयात ल्याउन गतर्क्ष घटाउदा आएको शेष ५९।२२ मा इष्ट घटि ५७।१३ जोडदा ५६।३५ भयात सिद्ध भयो ५६।३५

+५९।२२

५६।३५

भयात पूर्व भाद्र नक्षत्रको ४ पाउ दिनवाट नाम आउने दीव्य देव भयो यस्तै गरि जान्नु पर्दछ। यस्तोमा २०४३ माघ १९ गते सोमवार प्राप्तः ५।३० वजे समय दिएको सूर्योदय हुनु भन्दा १ घण्टा ७ मिनेट पैलेको इष्ट भएको हुँदा प्रचलित समय अनु-सार १९ गते उल्लेख गरि दिएको भए पनि ज्योतिष शास्त्रवाट १८ गते रविवार रात्रीको इष्ट ३०।१७ हुन्छ यसमा दिनमान २६।५६ = ५७।२३

+३०।१७

५७।१३ इष्ट घटि

हुन्छ।

ज्योतिष शास्त्रमा घटि भन्नाले ज्योतिषीय समयको इकाई बुझ्नु पर्दछ, प्राचीन ज्योतिषीहरूले घडि शब्दको प्रयोग गरेता पनि शुद्ध घटी नै हो। घडि भन्नाले हातमा वाध्ने बस्तुको अर्थ हुदा यहाँ घडि प्रयोग नगरेर घटी शब्दनै राखिएको छ।

१३० पंचक लक्षण

धनिष्ठा पञ्चके त्याज्य स्तृण काष्ठादि संग्रहः।

CC-0. In Public Domain. Digitization by eGangotri

त्याज्या दक्षिण दिग्यात्रा गृहाणां छादनं तथा ।

धनिष्ठा देखि शतभिषा, पूर्वा भाद्र पदा उत्तराभाद्रपदा, रेवती सम्म पाँच नक्षत्र पञ्चक कहिन्छन् । यी नक्षत्रमा तृण काष्टका संग्रह, दक्षिण दिशाको यात्रा, घर आदि बनाउने छाउने काम निषेध छ ।

१३१ रुद्री जुरावने प्रक्रिया–

तिथिंच द्विगुणी कृत्य पुनः पञ्च समन्वितम् ।
सप्तभिश्च हरेद्भागं शेषाङ्कं फलमादिशेत् ।१।
एकं कैलाशवासी च द्वितीयं गौरी संयुतम् ।
तृतीयं वृषभारूढं सभामध्ये चतुर्थकम् ।२।
पञ्चमं भोजने स्थानं षष्ठेक्रीडा रतस्तथा ।
सप्तमे स्मशानवासी च शिववासो भवेदिह ।३।
कैलाशे च भवेत्सौख्यं गौर्यासाकं शुभोत्तमम् ।
आरुढेतु श्री प्राप्तिः सभायां तापकारिणी ।४।
भोजने भोजनं प्राप्तिः क्रीडा सन्तान हारिणी ।
स्मशाने मृत्युमाप्नोति शिववास स्फलंलभेत् ।५।
गणयित्वा कृतारुद्री जलधारा समन्विता ।
शिवलोकमवाप्नोति शिवेन सहमोदते ।६।

वर्तमान तिथिलाई दोब्बर गर्नु र ५ थप्नू ७ ले भाग गर्नू बाकि शेष रहेको अङ्कबाट शिव वासको ज्ञान हुन्छ कृष्ण पक्षको तिथि संख्यामा १५ थपि अनि ५ थपि ७ ले भाग गर्दा शेष जुन आउछ त्यो शिववास फल हुन्छ ।१। १ शेष रहे कैलाश बास, २ शेष रहे पार्वतीका साथ, ३ शेष रहे गोरू

CC-0. In Public Domain. Digitization by eGangotri

वाहना रूढ, ४ शेष रहे सभामा ।।३।।५ शेष रहे भोजनमा, ६ शेष रहे क्रीडासक्त, ७ शेष रहे स्मसान वासि हुनु हुन्छ ।।३।। अब फल वताइन्छ। कैलाश वासिमा सुख प्राप्ति, पार्वती साथमा शुभ फलदाता, वृषभारूढ भएमा श्री प्राप्ति अथवा एश्वर्य प्राप्ति, सभामा संताप कारी हुन्छ ।।४।। भोजन समयमा भोजन प्राप्ति, क्रीडामा सन्ताननाश, स्मशानमा हुँदा रूद्री गरे मृत्यु हुन्छ भन्ने प्रमाण छ।

जुराएर असल दिनमा जलधार पूर्वक भक्ति पूर्वक रूद्री गरेमा शिवलोकमा शिवकासाथ आनन्द पूर्वक वस्न पाइन्छ ।।६।।

१३२ अग्नि जुराउँदा

सैकातिथिर्वारयुता कृताप्ता शेषे गुणेऽभ्रे भुवि वन्हिवासः / सौख्यायहोमे शशियुग्मशेषे प्राणार्थ नाशोदिवि भूतले च ।।

तिथिमा एक जोड्नु र वारको संख्या जोड्ने त्यसलाई ४ ले भाग गर्नें, त्यसमा शेष ३ र ० रहे अग्निवास पृथ्वीमा हुन्छ, होम गर्न जुर्दछ १ शेष रहे स्वर्गमा अग्निको वास रहन्छ फल प्राणनास वताइएको छ २ शेष रहे पातालमा अग्निवास हुन्छ यसवाट अर्थनास हुन्छ। कृष्ण पक्ष रहेछ भने तिथिमा १५ जोड्ने र अरू माथि उल्लेख भएको शुक्ल पक्षमा जस्तै गर्नें।

अग्निको नाम

अग्निश्च भरतो नाम गर्भाधाने विधीयते ।

तथा पुंसवने चैव सीमन्ते जातकर्मणि ।

नाम्निवै पार्थिवो वन्हिः प्राशनेतु शुचिः स्मृतः ।

CC-0. In Public Domain. Digitization by eGangotri

चूडायां मङ्गलो नाम व्रतदाने समुद्भवः ।
गोदाने सूर्यनामा च विवाहे योजकस्तथा ।
शान्तिके दारूणो नाम पौष्टिके वलवर्द्धनः ।
आवसथ्ये भवेदग्निरग्निष्टोमे प्रदायकः ।
वनदाहे दूतकाख्यः प्रकोष्ठे जठरः स्मृपः ।
वायव्ये वरूणोनाम स्थावरे पावको भवेत् ।
क्रव्यादो मृतभक्षी च समुद्रे वडवानलः ।
युगान्ते त्राक्षयो नाम वत्सरे प्रलयं गतः ।

गर्भा धानादि तत्तत् संस्कार र कर्महरूमा माथि वताए अनुसार अग्नि-को नाम लिनु पर्दछ जस्तै गर्भाधान पुंशवन सिमन्तो नयन, जातकर्म समेत गर्दा भरत नाम गरेका अग्नी हुन्छन् । यस्तै नामकर्ममा पार्थिव नाम गरेका अग्नी हुन्छम् । अन्न प्राशनकर्ममा शुचि नाम गरेका अग्नी हुन्छन् । चूडाकर्ममा मङ्गल नाम गरेका अग्नी हुन्छन् । व्रत प्रतिष्डा गर्दा समुद्धवं नाम गरेका अग्नी हुन्छन् । केशान्त कर्ममा (गोदान कर्ममा) सूर्यनाम गरेका अग्नी हुन्छन् । विवाह कर्ममा योजक नाम गरेका अग्नी हुन्छन् । शान्ति स्वस्तीको कार्यमा दारूण नाम गरेका अग्नी हुन्छन् । पौष्टिक (काम्य कर्म) मा वलवर्धन नाम गरेका अग्नी हुन्छन् । जरूरी काम पर्दा गरिने कार्यमा अग्नी नाम गरेका अग्नी हुन्छन् । अग्नीष्ठोम कार्यमा प्रदायक नाम गरेका अग्नी हुन्छन् । वनमा डडेलो लागेका वखतको अग्नी-का नाम दूतकाख्य नाम गरेका अग्नी हुन्छन् । प्रकोष्ठे (खाएको पचाउने) अग्नीकानाम जठर हुन्छ । वायव्य कर्ममा (हुरिबतास आदिको रोकथाम) मा वरूण नाम गरेका अग्नी हुन्छन् । स्थावरे (रूख आदि लगाउने कार्यमा पावक नाम गरेका अग्नी हुन्छन् मृत संस्कार गर्दा क्रव्यादी नाम

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको अग्नी हुन्छ। समुद्रमा वडवानल याने विद्युत उत्पादन गर्ने कार्यमा वडवानल नाम गरेका अग्नी हुन्छन्। युगान्ते (प्रलयकालमा) अक्षय नाम गरेका अग्नी हुन्छन्। प्रलयकालमा वत्सर नाम गरका अग्नी हुन्छन्।

१३३ ऊनमासिक जुराउँदा

द्विपुष्करे च नन्दासु ह्यमार्याच भृगोर्दिने ।
चतुर्दश्यां च नोनानि कृतिकासु त्रिपुष्करे ।

नन्दातिथि (परेवा, षष्ठी, एकादशी) [१–६–११] (औंशी, चतुर्दशी) ३०–१४ तिथि र शुक्रवार कृतिका नक्षत्र र द्विपुष्कर त्रिपुस्कर योगमा ऊनमासिक, ऊनषाण्मासिक, उनाद्विकमासिक गर्नु हुदैन।

१३४ सन्तान नभएकाले सन्तान प्राप्ति का निमित्त सधैं पाठ गर्ने मन्त्रः-

देवकी सुत्त गोविन्द वासुदेव जगत्पते ।
देहि मे तनयं कृषण त्वामहं शरणागतः ।।

जगत्कामालिक भएका हे देवकी ! पुत्र हे गोविन्द ! हे वासुदेव ! हे कृष्ण ! मलाइ पुत्र दिनुहोस म हजुरको सरणमा परेको छु।

१३५ प्रतिवर्ष जन्मोत्सव कर्म पद्धतिः

आचम्य' कर्मपात्र माथि पाना २६ को नं १४ मा लेखिए वमोजिम

CC-0. In Public Domain. Digitization by eGangotri

वनाउने र पाना २७ को नं. १५ मा लेखे वमोजिम मार्जन गर्नें । प्रतिज्ञा सङ्कल्प पाना २२ को नं. ११ मा लेखे अनुसार गर्नें । अर्घस्थापना, दियो, कलश, गणेश आदिको पूजा पाना ३१ को नं. २२ दैनिक पूजाविधि अनुसार गर्नें । रक्षा वन्धन पूजा ।। अथ पूण्या वाचनम् ।। पूर्व सङ्कल्प सीद्धिरस्तु वर्ष वृद्धौ जन्मोत्सव दिने मम सर्वारिष्ट सान्ति पूर्वक आयुरारोग्य वृद्धर्थं मम गृहे भो व्राह्मणा पुण्याहं भवन्तु ३ ओंम पुण्याहं ३ ।।

पुनन्तु मादेवनजनाः पुनन्तु मनसा धियः पुनन्तु विश्वा भूतानि जातवेदः पुनेहिमा । स्वस्ति भवन्तु व्रूवन्तु इति त्री श्रावयेत ॐ स्वस्ति ३। स्वस्तिनऽइन्द्रो वृद्धश्रवाः स्वस्तिन पुषा विश्व वेदाः स्वस्तिन ताक्ष्योऽअरिष्ट नेमिः स्वस्तिनो वृहस्पति र्दधातु ।

ॐ कल्याणं भवन्तो व्रूवन्तु इति स्त्रि कल्याणं ३ ।।

ओं यथेमाँ वाचं कल्याणीमा वदानि जनेभ्यः व्रह्म राजन्या भ्या ठं. शुद्राय चार्याय च स्वाय चरणायच ।। प्रियो देवानां दक्षिणायै दातु रिह भूयासमयम्मे काम समध्यता मुपमाधो नमतु ।।

ॐ शान्ति ३ इतिस्त्रि श्रावयेत् ।

ओंम द्यौः शान्तिरन्तरिक्ष ठं. शान्तिः पृथिवी शान्ति राप ः शान्ति रोवधयः शान्तिः । वनस्पतयः शान्ति विश्वेदेवाः शान्ति व्रह्मशान्ति ः सर्व ठं. शान्ति ः शान्तिरेवशान्ति ः सामाशान्तिरेधिः ।

ॐ श्रियं भवन्तो व्रुवन्तु इतिस्त्रि श्रावयेत ।।

ओं श्री. ३ । मनसः काममा कूतिं वाचसत्य मशीय । पशुना ठं. रूपमन्य स्यरसोयसः श्री श्रयताम् । इति पुण्यावाचनम् । ततो अष्ट दलं विलिख्य । अथ पूर्वदले व्यासम । पूजां० । आदो ध्यानम् । कञ्ज किञ्जल्क वर्णानं ॐ

CC-0. In Public Domain. Digitization by eGangotri

स्तक लसत् करम् सर्वसास्त्रार्थ तत्वज्ञं वेद वेदाङ्ग पारगम् । सास्त्र मूलं प्रवक्तारं परासर सुतं भजे । आग्नेय दले । परसुरामम् । आदौ ध्यानम । जमदग्नि कुलोद्भूतं व्योमाञ्जन सम प्रभम् । ध्यायेत् परसुरामं वैदधानम् परशुंवरम् । आवाहनं । पूजा । प्रार्थना । कार्तवीर्यस्य हंतारं पर्सु हस्तं महावलम् । एकविंशतिनीः क्षत्रम् कूर्वन्तं त्वां नमाम्यहम् । दक्षिण दले । अश्वस्थानम् । ध्यानन् । श्याम वर्णं महद्दिव्यं खड्गपाणिं करप्रभम् । अश्व-स्थामा नमाचार्यं ध्यायेद्द्रोण सुतंस्तवम् । आवाहनम् । पूजा । प्रार्थना । ब्राह्मणाय नमस्तुभ्यं द्रोणाचार्य सुतायवै । वेदवेदाङ्ग पूर्णाय ह्यश्वस्थाम्ने नमोनमः। नैऋत्य दले कृपाचार्यं ध्यायेत् । आदौ ध्यानम् । धनुर्वाण धरंवीरं श्वेत पीत द्युतौं वरम् । भारद्वाज कुलोत्पन्नं कृपं ध्याये न्मला-पहम् । आवाहनादि पूजा. । प्रार्थना । राजर्षभ नमस्तुभ्यं भारद्वाज कुलो-द्भव । कृपाचार्य सदातुष्ट धीर वीर पराक्रमः । पश्चीमदले वलिं ध्यायेत् । कृष्ण तेजो द्विवाहुश्च सदापाताल संस्थितम् । रत्नाभय करं ध्यायेत् वलिनं वलिदायकम् । आवाहनादि पूजा. । भूमि स्वर्गं च पातालं येन दत्तं द्विज-न्मने । भविताश्योऽ मरावत्यां महेन्द्र स्तेनमोवले । वायव्य दले प्रल्हादम् । आदौध्यानम् । हिरण्य कश्यपा : पुत्रं सदापाताल संस्थितम् वराभय करं ध्यायेत् प्रल्हादं वैष्णवोत्तमम् । आवाहनादि पूजा । प्रार्थना कश्य पस्यं कुलोत्पन्नं रक्तवर्णां द्विवाहुकम् । दैत्य सेना परिवृतं दितिपुत्रं च वैष्णवम् । ।उत्तरदले हनुमन्तम् । आदौध्यानम् । वायुपुत्रं महावीरं रक्त वर्णं त्रिलो-चनम् कन्द मूल फल प्रीत हनुमन्त नमाम्यहम् । आवाहनाद्धि पूजा । इशान दले विभिषणम् । आदौं ध्यानम् । पौलस्त्य कुल संभूतम् कुंकुमाभम् द्विवाहुकम् । राक्षसौघैः परिवृत्तं सदाध्यायेद्विभिषणम् । आवाहन पूजा । प्रार्थना । लङ्कावास नमस्तुभ्य पौलस्त्य कुल संभवम् । राक्षसाधि पते देव नमस्ते ऽस्तु विभीषणम् । मध्ये मार्कण्डेय ध्यायेत् । सर दिन्दुनिभं शान्तं

CC-0. In Public Domain. Digitization by eGangotri

द्विभुजन्तं वर प्रदम् । छत्राभय कर ध्यायं मार्कण्डेयं महामुनिम् । आवा-हनं पूजनम् । प्रार्थना । वटवृक्ष समारूढं सच्छत्रं व्रह्म चिन्तकम् । ऋषि-वृन्द शतैस्तुत्यं मार्कण्डेयं नमाभ्यहम् । प्रार्थना । चिरंजीवी यथात्वंभो भविष्यामि तथा मुने । रूपवान वीत्त वान्चैव श्रिया युक्तश्च सर्वदा । मार्क-ण्डेय नम स्तेस्तु सप्त कल्पान्त जीविन : । आयुरारोग्य सिद्ध्यर्थं प्रसीद भगवन्मुने । चिरञ्जीवी यथा त्वंतु मुनिना प्रवर द्विज । कुरूष्य मुनिशा र्दुल तथामाँ चिरजीवीनम् । आयुरारोग्य सिध्यर्थं मस्माकं वरदो भव । इति प्रार्थयेत । ओं दुर्गायै नमः । ओंम भुवनेश्वर्यैनमः । ओं कुलदेवतायै नमः । ओं गुरूभ्यो नमः । ओं पितुभ्योनमः । ओं मातृभ्यो नमः । ओं अग्नये नमः । ओं विप्रेभ्यो नमः । ओं देवताभ्यो नमः । ओं सूर्याय नमः । ओं चन्द्राय नमः । ओं भौमाय नमः । ओं बुधाय नमः । ओं वृहस्पतये नमः । ओं शुक्राय नमः । ओं शनेश्चराय नमः । ओं राहवे नमः । ओं केत-वे नमः । ओं नव ग्रहादिदेवताभ्यो नमः । ओं नव ग्रह प्रत्याधिदेवताभ्यो नमः । ओं पञ्चभूतेभ्यो नमः । ओं कालाय नमः । ओं युगाय नमः । ओं सम्वत्सराय नमः । ओं जन्म मासाय नमः। ओं जन्म पक्षाय नमः । अस्म-ज्जन्म तिथये नमः । अस्मज्जन्म नक्षत्राय नमः । अस्मज्जन्म राशये नमः । ओं शिवायै नमः । ओं सम्भूत्यै नमः । ओं प्रीत्यै नमः । ओं संतत्यै नमः । ओं अत्रये नमः । ओं अनुसूयायै नमः । ओं क्षमायै नमः । ओं विष्णवे नमः । ओं भद्रायै नमः । ओं इन्द्राय नमः । ओं अग्नये नमः । ओं यमाय नमः । ओं नित्रृतये नमः । ओं व्रूणाय नमः । ओं वायवे नमः । ओं धनदाय नमः । ओं इशानाय नमः । ओं अनन्ताय नमः । ओं व्रह्मणे नमः । इतिनाम मन्त्रै आवाह्य । ओं षष्ठि देवि इहागच्छेह तिष्ठेत्यावाह पूजनम् । तत तिल पात्र दानम् । ओं सर्व भूतेभ्यो नमः वलिं दद्यात् । सतिल गुडमि-श्रितं दुग्धं त्रिवारं पिवेत् । मन्त्रः- ओं अजल्यर्घमितं क्षीरं सतिलं गुड

मिश्रितम् मार्कण्डेय वरं लब्ध्वा पिवामायुष्य हेतवे इति पित्वा आचम्य। पूर्णपात्र , दक्षिणा संकल्प गरेर ब्राह्मण भोजन गराउने ।

१३६ सामान्य रूपमा मुण्डन र नङ काटदा विचार गर्नु पर्ने

दीर्घकाल सम्म बाच्न चाहने पुरूषले चतुर्दशी, जन्मदिन, जन्म नक्षत्र, जन्म महिना, रविवार, संक्रान्ति, औंशी, पूर्णिमा र ब्रत दिनमा सामान्यतः मुण्डन गर्न हुदैन । त्यस्तै भोजन गरिसके पछि सन्ध्या र रातमा पनि मुण्डन गर्न हुदैन । विशेष गरेर अर्ध मुण्डन कहिले पनि गर्नु हुदैन । माथि बताएका समयमा नङ काटन पनि हुदैन ।

हुन त हिन्दू शास्त्रले बताएका विविध धार्मिक, आध्यात्मिक कुराहरू धेरै छन तयापि सानो रूपमा हिन्दूहरूको कर्तव्य बताइएको छ । यस सन्बन्धमा केही माथि बताए अनुसारका कुराहरूलाई निम्न बमोजिम उपयोगी भएको जानकारी लागि यसैमा उल्लेख गरिएको छ ।

—गीता—

"गीता" के हो भने कृष्णरूपी गाईबाट ग्वालारूपी अर्जुनले दुहेको अपार ज्ञानको भण्डार हो । साच्चै भन्ने हो भने गीता ो मर्म बुझेका वा पढेका मानिस सधैं खुशी रहन्छन् र परेको बेला चाल्नु पर्ने उपाय वा कर्म समेत गर्नमा दक्ष हुन्छन । यसैले "गीता" लाई हिन्दू जगतमा प्राथमिकता दिइएको हो ।

—गंङ्गा—

'गंङ्गा' सधैं पवित्र छिन । किन भने हाम्रो जीवन आरम्भ सितै मृत्यु पर्यन्त जलका आभावना कोही बाचेको दावा गर्न सक्दैन । फेरी गंङ्गा यस्तो एउटा हो जहाँ सबै को भेद भाव रहन्न, सधैं स्वच्छ, निर्मल.

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । सबै प्राणीको हृदय यस्तै हुनु पर्ने तथ्यलाई महसूस गरि 'गंङ्गा' लाई अग्रय पूज्य मानिदै आएको छ ।

–गाई–

'गाईले' हिन्दू धर्म मा महत्वपूर्ण स्थान ओगटेको छ किनभने गाई यस्तो घरेलु जनावर हुन् जसमा सम्पूर्ण देवता अवस्थित रहेको मानिन्छ । गाईको दर्शन मात्रले सबै देवताको दर्शन मिल्दछ । फलतः उनी सधैं पवित्र मानिन्छन् यति सम्म कि उनको मल र मूत्र प्रयोग तथा सेवन गर्नाले पनि अनेकौं किटाणु तथा रोग समेतको निदानलाई सहायक हुन जान्छ । गाईले जुन अमृत रूपी दूध दिन्छिन् त्यो प्राकृतिक वस्तुहरूमा अलौकिक उपजको रूपमा मान्न सकिन्छ ।

–तुलसीको महत्व–

तुलसी धार्मिक बोट विरूवा मध्ये एक परम पवित्र बोट हो । तुलसीको बोट हिन्दूहरूको लागि सुपरिचित मात्र होइन हिन्दु जीवनको एक नभै नहुने अंग भै सकेको छ । यसको महिमा र महत्व अथर्ववेद, पद्मपुराण, स्कन्द पुराण, गरूड पुराण लगायत निघन्टु तथा चरक संहितामा विस्तृत वताइएको छ । तुलसीको बोटको सृष्टिको कथा यो छ कि भगवान विष्णु लाई जब वृन्दा (एक पौराणिक पात्र) द्वारा श्राप पर्‍यो कि 'तिमी झार भै बस्न परोस' त्यस उप्रान्त विष्णु भगवानले तुलसीको रूपमा रहनु भएको कुरा हिन्दुहरूलाई कुनै नौलो हुन आएको छैन । तुलसीमा सबै प्रकारका गुणहरू हुने हुदा प्राचीन साहित्यमा पवित्रको संज्ञा दिइयो भने युगानुसार अन्य नाम करण पनि भएन होला भन्न मिल्दैन । धार्मिक महत्वका पछि तुलसीमा कुन तत्व लुकेको छ त्यो वैज्ञानिक परिक्षण गरे प्रत्यक्ष हुन आउँदछ ज्वरो आएका बेलामा तुलसीका सुकेका वा हरियो पात ८ । १० मिलाइ चिया वनाई पिएमा ज्वरो ठीक हुन्छ । आयुर्वेदिक दृष्टिकोणले पनि यस्ता अनेकौं गुण र आरोग्य कारक तत्व तुलसीमा पाउन सकिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

–शालिग्राम महिमा–

शालिग्राम एक प्रकारको शीला (पत्थर ढुङ्गा) जस्तै दृश्यमान पदार्थ, हामी श्री कृष्ण गण्डकीको मुहान मुक्तिनाथमा यत्रतत्र भेट्न सक्दछौ शीला सस्कृत शब्द हो जसको अर्थ पत्थर वा ढुङ्गा हुन्छ शालिग्रामको महत्व पौराणिक साहित्यमा यत्र तत्र छ । जस्तो देवता र राक्षस द्वारा समुद्र मन्थन गर्दा १४ रत्न लक्ष्मी आदि भेटिएका थिए भने त्यस्तै शालिग्राम पनि गंगाजीमा पाइने रत्न नै हो । शालिग्रामको शीलावाट वगेको जल यदि विहान वेलुकी कसैले पान गर्दछ भने हत्या लगायत जघन्य अपराधको दोषभागीवाट मुक्त हुन्छ भनेर भनिएको छ । मुक्तिनाथ पर्यटनको निमित जाने विदेशीहरूले (हिन्दु तथा गैर हिन्दु) अधिकाँशकोनजर शालिग्राम प्रति गएको छ । जस्को घरमा ती शालिग्रामको वास छ त्यस घरमा भूतप्रेतादिको कहिल्यै वास हुदैन । यो प्रयोगवाट अवगत हुन आएको छ । यदि कसैको घरमा शालिग्राम शीलाको पूजा गरिन्छ भने सम्पूर्ण तीर्थको वास त्यही हुन्छ भनेर अठारै पुराणमा भनिएको छ । अतः प्रत्येक हिन्दुले आफ्नो र समाजको कल्यणका निमित शालिग्रामको संचय पूजन र स्थापना गर्नु हितकारी हुन आउदछ ।

–यज्ञो पवीतको महत्व–

यज्ञो पवीत संस्कृत शव्दको नेपालीमा जनै भन्ने वुझिन्छ यो व्राह्मण र क्षेत्री आदिले व्रतवन्ध वा चूडोपनयन संस्कारको दिन देखि लगाउन प्रारम्भ गरिन्छ । व्राह्मणले ६ वटा वा नौ वटा डोरा भएको लगाउने चलन छ भने क्षेत्रीयले पनि ६ वटा डोरा भएको लगाउने चलनछ जनैको महत्व वेद पुराण, उपनिषद व्राह्मण ग्रन्थ, चरक संहिता नीति शास्त्रहरूमा सर्वत्र उल्लेख भएको पाईन्छ । जन्मदा जुन सुकै व्यक्ति शूद्र हुन्छन । अर्थात जन्मदा सवै मानिसहरु समान नै जन्मन्छन यस पछि कर्म र संस्कारवाट एक व्राह्मण हुन्छ भने अर्को क्षेत्री वैश्य वा शूद्र । वर्णाश्रम व्यबस्था अनुसार

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्येक जातिको आ–आफ्नो किसिमले जन्म देखि मृत्यु पर्यन्त सस्कारहरू केही न केही हुँदै आएका छन । आज हरेक व्यक्तिले आफ्नो संस्कार कर्म भुल्नु प्रमादवश नै हुन गएको छ । पानीको धर्मवग्नु हो भने वायुको धर्म स्पर्श द्वारा जान्न सकिन्छ । कुनै पनि प्रकृतिका पदार्थहरूले आफ्नो गुण र सस्कार छाडेका छैनन तर मानिस सव भन्दा चेतनशील भएर आफ्नो संस्कार छाडनु महाभूल सिवाय अरू केही होइन । त्यस कारण नै आज प्रत्येक ब्राह्मण, क्षेत्री, बैश्य र शूद्र सबैले आ–आफ्नो संस्कार कर्ममा पर्ने वस्तुको धारण गर्नु हितकर हुनेछ । यदि जन्म ब्राह्मण कुलमा भए पनि जनै धारण गर्ने र जनैको विधिलाई पालन कुनै ब्राह्मणले गर्दैन भने यो शूद्र हो, भनिएको छ । त्यस कारण ब्राह्मण र क्षेत्रिय वैश्य जातिले जनै लगाउन अनिबार्य छ ।

–पीपलको महत्व–

पीपल एक धार्मिक कार्यमा ख्याति प्राप्त वोट हो । पीपलको महिमा र महत्ववारे ऋगवेद, भविष्य पुराण, श्रीमद्‌भागवत, यजुर्वेद, सामवेद र गीतामा वर्णन गरिएको छ । पीपलको बोट मनि महिलाहरूले ब्रत गरेर शनि र सोमवार पूजा गर्ने गर्दछन । कुनै पनि सानो ठूलो यज्ञमा पीपलको अनिवार्य आवश्यकता पर्दछ । मृत्यु देखि जन्म र जन्म देखि मृत्यु पर्यन्त पीपल हिन्दूहरूलाई नभै नहुने वोट रहेको छ । पीपल, व्रह्मा, विष्णु, शिव र लक्ष्मीको अवतार मानिन्छ । त्यसै कारण यसको असिम महिमा वैंढिक र पौराणिक साहित्यमा मुक्त कण्ठले प्रशंसा गरिएको छ ।

–कुश–

कुश घाँस वर्गमा पर्ने धार्मिक दृष्टिकोणले महत्वपूर्ण वस्तु हो । कुशको महत्व र उपयोगिता वारे श्रीमद्‌भागवत, विष्णु पुराण अथर्ववेद, गरूड पुराण तथा गीतामा वर्णित योग कान्ड, कर्म काण्ड र ज्ञान काण्ड वेदवाट लिइएका हुन । वेदका तीन काण्ड योग ज्ञान र कर्मकाण्ड मध्ये कर्मकाण्ड यज्ञ वा यावत कार्यमा कुश नभै नहुने भएकोले यसलाई कुशे अ-

CC-0. In Public Domain. Digitization by eGangotri

मावस्याका दिन काटेर त्यार्इ घरमा राख्नु पर्दछ । कुश काटदा भन्ने मन्त्र यसै पुस्तकको प्रारम्भ भागमा उल्लेख गरिएको छ ।

–तिल–

यज्ञ, होम, पूजा र श्राद्ध अन्त्येष्टि तथा पितृ कार्य, आशौच आदिमा तिलको आवश्यकता पर्दछ । त्यस कारण धार्मिक दृष्टिकोणले तिलको अनन्त महिमा छ । जुन सुकै धार्मिक कार्यको थालनी संकल्प गरेर मात्रै गरिन्छ जसमा संकल्प जल हातमा लिदा जौ, तिल, र कुश त भयो तिल भएन भने संकल्पगर्ने कार्य अधुरो हुन जाने हुदा यो अति महत्वपूर्ण रहेको छ । हिन्दु संस्कार पद्धति विशुद्ध धार्मिक महत्वको भएकोले यहां धार्मिक महत्व दिईयो । रसिक पाठक वर्गहरूले 'किन' धार्मिक बोट विरूवाको महत्व नामक पुस्तक श्री विष्णु प्रसाद खत्री ज्यू द्वारा लिखितलाई पनि अध्ययन गर्नु वैज्ञानिक दृष्टिकोणले उपयोगि हुनेछ । अस्तु :

यसलाइ पाठक वृन्दले अपनाई दिएमा संग्रहलाई सरलीकृत गरी पाठक समक्ष ल्याउने प्रयास गर्ने संकलन कर्ता साथै पाठक वृन्दले यस्मा सुझावहरू समेत दिएको खण्डमा पछि पछिका संस्करणहरूमा अझ बढी सक-लन गरि सरलीकृत वनाई हिन्दूधर्म वारे ठोस सघाउ पुन्याउने प्रेरणा र हौसला मिल्ने थियो । गरेको यस प्रयास माथि किन्चित खुशीको अनुभव गर्नु अस्वाभाविक न ठहर्ला ।

१३७ गोत्र प्रवरको जानकारी:-

काश्यपगोत्र:–

काश्यप, आवत्सार, नैध्रुव ३ प्रवर हुन्छ । यी सवै थरको काश्यप गोत्र हुन्छ:– शाहा, शाही, ठकुरी, माझि, घिमिरे, गतौंला वोगटि, अधिकारी, गोदार थापा, सोशारी वुढाथोकी, पांडे, वडाल,

CC-0. In Public Domain. Digitization by eGangotri

आत्रेयगोत्रः–

आत्रेय, अर्चनानस, श्यावास्य ३ प्रवर यी सबै थरको आत्रेय गोत्र हुन्छः- पानी पोखरेल, पौडेल, दूवाडी, अर्जेल, सिग्देल, कालिकोटे थापा, पुवार थापा, वगाले थापा, खुलाल थापा, दुलाल, कालिकोटी खडका,

घृत कौशिकगोत्रः–

घृतकौशिक, वैश्वामित्र २ प्रवर यी तल लेखिएका सबै थरको घृत-कौशिक गोत्र हुन्छः– बरस्याल, पण्डित, खनाल, नेपाल, सुतार कार्की,

वषिष्ठ गोत्रः–

वषिष्ठ, इन्द्रप्रमद, भरद्वसु ३ प्रवर हुन्छ । यी तल लेखिएका सबै थरको वषिष्ठ गोत्र हुन्छ । भट्टराई, दवाडी, थानसिङे भडारी, खरेल, चालिसे, राउत, सूयल घर्ती, सूयल थापा, सुयेल,

अत्रि गोत्रः–

अत्रि, अर्चनानस, श्यावास्य ३ प्रवर हुन्छ । यी तल लेखिएका सबै थरको अत्रि गोत्र हुन्छः– चापागाञी, वस्ति, मिश्र, खतिवडा, ओझा, गो-तामे, मल्ल, हाराराई, अधिकारी,

वत्सगोत्रः–

वत्सभार्गव, च्यावन, आप्तावान, और्व, जाम दग्न्य ५ प्रवर हुन्छ यी तल लेखिएका सबै थरको वत्स गोत्र हुन्छः– राणा, नमसाल, कुँवर, दाहाल, रूपाखेती,

कौडिन्य गोत्रः–

कौडिन्य, वसिष्ठ, मैत्रा वरूण ३ प्रवर हुन्छ । यी सबैथरका कौडिन्य गोत्र हुन्छः– प्याकुन्याल, आचार्ज, सापकोटा, सत्याल, पराजुली, वाँश-कोटा, मोरासानी, त्रिताल, न्यौपाने, वाग्ले थापा, लकाञी खडका, गाम्ले, थापा, पदेरू,

CC-0. In Public Domain. Digitization by eGangotri

भारद्वाज गोत्रः–

भारद्वाज, आङ्गिरस, वार्हस्पत्य ३ प्रवर हुन्छ यी तलका सवै थरका भारद्वाज गोत्र हुन्छ । सुवेदी, चौंलागाञ्गी, वाग्ले, लोहनी, पन्थी, सिलुवाल, सिजापती, बिष्ट, पन्थ, थामी, थामि अधिकारी, दूधपोखेल, शिवाकोटी, देवकोटा, निरौला, भडारी, वोहराखडका, राउत , कर्णेल, सेर्पाली वस्नेत, कुलटा पाँडे, जोसी लटौला

कौशिक गोत्रः–

कौसिक, देवरात,औदल ३ प्रवर हुन्छ । यी सवै थर कौशिक गोत्र हुन्छः- विणारी, रिमाल, रेग्मी, लामीछाने, खडका, खपतडी विष्ट, सप्तरी, वुढा- थोकी, खपतडी खडका, ढुंगाना, धिताल, तिवारी, माझि, खपतरी बस्नेत, लुईटेल, पूडासानी, वानियाँ, रघुवंशी, भंडारे, वस्ताकोटि,

मौदमल्य गोत्रः–

मौदमल्य, आङ्गिरसो, भार्माश्व ३ प्रवर हो । यी सवै थर मौद्गल्य गोत्र क्वैराला, कुञ्किेल, उप्रेती, तिंसिना, तिमल्सेना, वेल्बागी, मुडुला कार्की, सिङखाडा,

गर्ग गोत्रः–

गर्ग, गार्ग्य, गौतम, विश्वामित्र, पराशर्य ५ प्रवर हो । यी सवै थर गर्ग गोत्र हुन्छ :– वाँशतोला, गजुरेल, भट्ट, लामिछाने, भुर्तेल अचार्ज, रिसाल, लांछाने थापा, रोकाहा, चूँडाल, भुर्तेल

उपमन्यु गोत्रः–

उपमन्यु, कपिल, विरूज ३ प्रवर हो । यी सवै थरहरू उपमन्यु गोत्र हुन । मैनाली, ढुवाल भट्ट, ढकाल, दैनी

धनञ्जय गोत्रः–

धनञ्जय, वैश्वामित्र, माधुच्छन्द ३ प्रवर हो । यी तलका सवै थरहरू [illegible] गोत्र हुनः– हाम्रेगाञ्गी, रिजाल पडेनी, बसेल, कुकुरकाटे, गुरागाञ्गी, खुलाल बस्न्यात, पूसाल, खुलाल वुढोथोकी, गौरी, दिप्ती,

CC-0. In Public Domain. Digitization by eGangotri

माण्डप :गत्र:–

माण्ड्प, माण्डुक्य, विश्वामित्र ३ प्रवर हो। वजगाई, ज्ञवाली, मास्के

सान्डिल्य गोत्र:– प्रसाई

१३८ भजन, भगवानकै अर्पण

अब अर्पण गर्दछु जीवनको, सबभार प्रभुको पाउमा।
या जीत हवस या हार हवस, गरी निश्चय सुम्पे पाउमा॥
दृढ निश्चय यहि छ अटल मनमा, एक दिन प्रभुलाई म पाउदछु।
परिवारहरूको आश नली, त्यो प्रेम लगाउँछु पाऊमा॥
यदि वस्नु परे म वसौ जगमा प्रभूको गुण कीर्तन गाई वसौं।
गुण दोष सबै अब अर्पण होस, सब कर्म प्रभूको पाउमा॥
यदि जन्म भएमा जे म बनौ तर तिम्रो चरणको प्रेमी वसौं।
प्रभुनाम कथा सुनी जीवन यो अब अर्पण गर्दछु पाऊमा॥
जव सम्म म वस्दछु यो जगमा केही आश नलीकन कर्म गरो।
श्री कृष्ण शरण भनि प्राण छुटोस श्री कृष्ण प्रभुको पाउमा॥
तिमिमा र म मा अब भेद यही म हुँ जीव तिमी परमेश्वर हौ।
म छु वृद्ध तिमी भव मोचक हौ भनि पर्दछु तिम्रो पाऊमा॥

१३९ रामचन्द्रको अरती

आरती श्री राम चन्द्रजी कि
रावण दुष्ट दलन, सीता पतिजी कि
पहिली आरती, दसरथजीका

CC-0. In Public Domain. Digitization by eGangotri

माता कौशल्याको, विश्वरूप देखाया ।१।
दुसरी आरती, विश्वामित्रजीका
तारकासुर, मारि देखाया ।२।
तिसरो आरती, जनकपुर जाकर
धनुषलेकर, भाची देखाया ।३।
चौथी आरती, सीताजीने
फूल मालालेकर, रामजीको लाया ।४।
पाँचौ आरती, अयोध्या आकर
माता कोशल्याको, सीताजी देखाया ।५।
भक्तजन मिली, यह गुण गाया
सीतारामजीको, दण्डवत किया ।६।

डाक्टर डिल्ली रमण रे...
4153

CC-0. In Public Domain. Digitization by eGangotri

२४.५
२३९५६

CC-0. In Public Domain. Digitization by eGangotri

"आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरे

सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्
नेपाल
२०३४

सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् द

तथा

आठौं सामाजिक सेवा दिव

२०४४

को

पुनित अवसरमा प्रकाशित

मुद्रक:- नव प्रभात छापाखाना, धोबी धारा, काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain: Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri